नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाडौं
फोन: ०१-५३३९१२६
इमेल: info@redd.gov.np
वेबसाइट: www.redd.gov.np

# वार्षिक प्रतिवेदन

## आ.व. २०८०/८१



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाडौं

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाडौ

प्रकाशक : नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र ववरमहल, काठमाण्डौ
फोन नं. : ०१-५३३९१२६
इमेल : info@redd.gov.np
वेभसाइट : www.redd.gov.np

प्रतिलिपि अधिकार © : २०८१, रेड कार्यान्वयन केन्द्र

प्रकाशन मिति : २०८०/०८१

मुद्रण : गंगा प्रिन्टर्स, काठमाडौं, मो. ९८५१०१६३३७

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४१ बमोजिम सार्वजनिक गरिएको)

# दुई शव्द

रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम, वन तथा वातावरण मन्त्रालय अन्तर्गत संचालित पहिलो प्राथमिकता प्राप्त कार्यक्रम हो । नेपाल सरकारले आ.व. २०६६।०६७ देखि रेडप्लस कार्यक्रम कार्यान्वयन गरिरहेको छ। त्यस्तै समृद्धिको लागि वन कार्यक्रम नेपाल सरकार र विश्व बैंकको संयुक्त प्रयासबाट नेपालको मधेश प्रदेश तथा लुम्बिनी प्रदेशमा दिगो वन व्यवस्थापन तथा वन उद्यमहरुलाई प्रवर्द्धन तथा सहयोग परिचालनको लागि वन लगानी कार्यक्रम अन्तर्गत तर्जुमा भएको कार्यक्रम हो । यस परियोजना विश्व बैंकको ऋण तथा अनुदान सहयोगमा नेपाल सरकार तथा विश्व बैंकबीच सन् २०२१ मार्चमा सम्झौता भई वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैंक र विश्व बैंकले संयुक्त रुपमा कार्यान्वयन गरिरहेको परियोजना हो । रेड कार्यान्वयन केन्द्रले मुख्य गरी यिनै दुई कार्यक्रमको सेरोफेरोमा रही क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ ।

कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आ.व. २०८०।०८१ को प्रगति समिक्षा तथा त्यसबाट प्राप्त गरेका सिकाईहरुलाई अभिलेखिकरण गर्ने कार्यको लागि यो प्रतिवेदन तयार गर्ने जमर्को गरिएको छ । यस वार्षिक प्रतिवेदनमा आ.व. २०८०।०८१ मा भए गरेका विवरणहरुलाई लिपीवद्ध रुपमा प्रस्तुत गरिएको छ ।

यो पुस्तिका तयारी चरणमा योगदान गर्ने उप सचिव श्री प्रकाश थापा, श्री प्रकाश नेपाल, लेखा अधिकृत श्री रेमा ढुंगाना, वन अधिकृत श्री सुजस प्रसाद फुयाल, श्री शान्ता काफ्ले, भू-संरक्षण अधिकृत श्री महेश ढुंगाना र श्री विष्णुकुमारी अधिकारी, वन अधिकृत श्री गोविन्द कुमार श्रेष्ठ, नायव सुव्बा श्री तारा प्रसाद पुन, लेखापाल श्री चन्द्र प्रकाश घिमिरे, सहायक कम्प्युटर अपरेटर श्री रनिता राई र डेक्स सहायक श्री आज्ञा धिताल लगायत यस केन्द्रका सवै कर्मचारीहरु, बरिष्ठ वन विज्ञ पशुपतिनाथ कोइरालालगायतका विज्ञ ज्यूहरु एवम् सञ्चार अधिकृत श्री लिजा केसी धन्यवादका पात्र हुनुहुन्छ । यसको साथसाथै केन्द्र देखी स्थानीयस्तरमा कार्यक्रम कार्यान्वयन गर्ने समुदाय, समूहहरु, सरोकारवालाहरुको सहयोगको लागि विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु । कार्यक्रम कार्यान्वयनका विभिन्न चरणमा सकारात्मक सहयोग तथा सुझावहरु प्रदान गर्ने वन तथा वातावरण मन्त्रालय, केन्द्रिय स्तरका विभागहरु, केन्द्रहरु, कार्यालयहरु, प्रदेश स्तरका वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका कार्यालय एवं केन्द्रहरुलाई हार्दिक धन्यवाद सहित भविष्यमा समेत सहयोग, सुझाव तथा टिप्पणी निरन्तर प्राप्त हुनेछ भन्ने आशा राखेको छु । चालु आ.व. तथा गत आ.व.मा सम्पादन गरिएका कार्यक्रमले रेड कार्यान्वयन केन्द्रलाई रेड रणनीतिले परिकल्पना गरे जस्तै राष्ट्रकै कार्बन व्यापार व्यवस्थापन केन्द्रको रूपमा विकास गर्ने, सबै प्रदेशमा रेड प्लस कार्यक्रमको विस्तार गर्ने तथा संगठनमा ब्यापक सुधार गरी कार्बन वित्तका रूपमा काम गर्ने संस्थाको/निकायको रूपमा विकास गर्न समेत सहजीकरण गर्ने देखिन्छ ।

अन्त्यमा, यस केन्द्र अन्तर्गत संचालित कार्यक्रमहरुको तयारी चरणको अवधिमा नितिगत निर्देशन तथा अन्य समन्वयकारी भूमिका प्रदान गर्नु हुने वन तथा वातावरण मन्त्रालय, कार्यान्वयनमा सहयोगी निकायहरू, प्रदेश परियोजना व्यवस्थापन एकाई, साथै डिभिजन वन कार्यालय, स्थानीय तहहरू तथा कृषि विकास बैङ्क र विश्व बैंकको सहयोगी टोलिलाई विशेष आभार व्यक्त गर्न चाहन्छु ।

नवराज पुडासैनी

केन्द्र प्रमुख (सह सचिव)

# प्रतिवेदनको सारांश

वन विनास रोक्ने, वनको गुणस्तर खस्किन नदिने, वनको संरक्षण गरी कार्बन सञ्चिति गर्ने, वनको दिगो व्यवस्थापन गर्ने र वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने क्रियाकलापहरुको समष्टिगत रुप नै रेडप्लस हो । रेडप्लस कार्यक्रम अन्तर्गत देहायका पाँच वटा क्रियाकलापहरु (१) वन विनासका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (२) वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, (३) वन कार्बन सञ्चिति संरक्षण, (४) वनको दिगो व्यवस्थापन र (५) वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने पर्दछन् ।

नेपालले रेडप्लस तयारी चरणका क्रियाकलापहरु आ.व. २०६६।६७ देखि सञ्चालन गरिरहेको छ । वनजन्य पारिस्थितिकीय प्रणालीको कार्बन र गैरकार्बन लाभ अभिवृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) कार्यान्वयनमा ल्याएको थियो । हाल यो रणनीति परिमार्जनको चरणमा रहेको छ । यसै रणनीतिलाई कार्यान्वयन गर्ने चरणमा रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम वन तथा वातावरण मन्त्रालय अन्तर्गत सञ्चालित रहेको र यो कार्यक्रम नेपाल सरकारको पहिलो प्राथमिकता प्राप्त (०१) कार्यक्रमको रुपमा रहेको छ ।

यो कार्यक्रम कार्यान्वयनमा विगतका वर्षहरुमा विश्व बैंकको समेत सहयोग रहेको थियो भने विद्यमान अवस्थामा पनि उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई विश्व बैङ्ले पनि अपनत्व लिई प्रगति समिक्षा हुने गरेको छ । यसै कार्यक्रमको लक्ष्यलाई नै आधार बनाएर समय समयमा रेड प्लस कार्यक्रमहरुको समिक्षा गर्ने गरिएको छ । यो कार्यक्रममार्फत सन् २०१८ देखि तयार गरेको नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लाको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरिराखेको छ । यो कार्यक्रमको उद्देश्य वन विनास र क्षयीकरणका कारण र प्रभावहरु घटाई दिगो वन व्यवस्थापन गर्दै कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिति वृद्धि गरी कार्बन व्यापारबाट नेपालले लाभ लिने गरेको छ । यसै शिलशिलामा सन् २०२४ सम्म करिब ९० लाख टन कार्बन डाईअक्साइड ग्याँस उत्सर्जन कम गरी भुक्तानी लिने गरी विश्व बैंकसँग कार्बन व्यापार सम्झौता भएकोमा अन्तरराष्ट्रिय भुक्तानी लिने गरी पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन तयार गरी पेश गरिसकेको र तेस्रो पक्षबाट यसको प्रमाणिकरण पनि भई सकेको छ ।

आर्थिक वर्ष ०८०।०८१ मा रेड कार्यान्वयन केन्द्र मार्फत् मुख्य गरी रेडप्लस कार्यक्रम कार्यान्वयनको लागि सहयोग पुग्ने किसिमका विभिन्न क्रियाकलापहरु र समृद्धिको लागि वन

कार्यक्रमतर्फका  सङ्घीय एकाईको तर्फबाट प्रदेश तहका मधेस तथा लुम्बिनीका परियोजना व्यवस्थापन एकाईहरुबाट र ५० वटा पालिकाहरुबाट सञ्चालन गरिएका  कार्यक्रमहरु कार्यान्वयन गरिएको थियो । रेडप्लस तथा समृद्धिका लागि वन कार्यक्रम दुवै तर्फ गरी आ.व. २०८०।०८१ मा निम्न बमोजिमको प्रमुख क्रियाकलापहरु सम्पन्न भएका थिए ।

आ.व. २०८०।०८१ मा रेड कार्यान्वयन केन्द्र मार्फत सञ्चालन भएको र विनियोजित बजेटको खर्च सारांश निम्न बमोजिम रहेको छ ।

| परियोजना - कार्यक्रम | स्वीकृत बार्षिक बजेट (रु लाखमा) | खर्च (रु लाखमा) | खर्च अनुपात (प्रतिशत) |
|---|---|---|---|
| रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ५४२ | ३६१.०३ | ६७.०७ |
| समृद्धिका लागि वन परियोजना | ७८५८.७५ | २८०२.९३ | ३५.६७ |
| कूल | ८४००.७५ | ३१६३.९६ | |

# विषयसूची

**भाग १**

१.१ रेडप्लस कार्यक्रमः कार्यान्वयन प्रयास तथा सांगठनिक संरचना १
१.२ रेड प्लस प्रक्रियामा नेपालको प्रयास ३
१.३ रेडप्लस कार्यान्वयनको लागि सांगठनिक संरचना ७
१.४ समृद्धिका लागि वन परियोजनाको परिचयात्मक जानकारी १५
१.५ आदिवासी जनजाति र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (Dedicated Grant Mechanism –DGM) २१
१.६ Lowering Emissions by Accelerating Forest Finance (LEAF) Coalition सम्वन्धि जानकारी २२

**भाग २**

सम्पन्न क्रियाकलापहरुको विवरण
२.१ रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम २५
२.२ समृद्धिको लागि वन कार्यक्रम २७
२.३ मधेश प्रदेश अन्तरगतको प्रगति ४४
२.४ लुम्विनी प्रदेश अन्तरगतको प्रगति ५६

**भाग ३**

आर्थिक प्रगति विवरण ६८

**भाग ४**

कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाईहरू
४.१ रेडप्लस कार्यक्रम कार्यान्वयन ७०
४.२ समृद्धिका लागि वन परियोजना कार्यान्वयन गर्दाको सिकाई, मुद्दा र चुनौतीहरू ७४

## चित्रहरुको सूचि

चित्र नं १ उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका जिल्लाहरु
चित्र नं. २ नेपालमा रेड प्लसको विकासक्रम
चित्र नं. ३ रेड कार्यान्वयन केन्द्रको सँगठन संरचना
चित्र ४ रेड कार्यान्वयन केन्द्रको दरवन्दि संरचना
चित्र नं. ५ समृद्धिको लागि वन कार्यक्रम लागु भएका प्रदेशहरु तथा जिल्लाहरु
चित्र नं. ६ लिफ कार्यक्रम लागु भएका प्रदेशहरु
चित्र नं. ५ रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको शुरूवात देखी २०८०।०८१ सम्मको खर्च

**तालिकाहरुको सूची**

तालिका नं १ परियोजनाको प्रमुख लक्ष्य र अपेक्षित उपलब्धि

तालिका नं २ सम्वृद्धिको लागि वन कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहहरु

तालिका नं ३ NFIS/SIS पुनर्ताजगी-अभिमुखिकरण तालिम सम्वन्धि विवरण

तालिका नं ४ आ.व. २०८०।०८१ को चौथो त्रैमासिक तथा बार्षिक प्रगतिको सारांस

तालिका नं ५ परामर्शदाताको खर्चको विस्तृत विवरण

तालिका नं ६ वन क्षेत्र सम्वन्धित नितिगत, कानुनी तथा प्राविधिक निर्देशिका, मार्गदर्शन, कार्याविधि, मापदण्डहरुको परिमार्जन एवं तर्जुमा कार्यक्रम अन्तर्गत संचालित गोष्ठीहरु

तालिका नं ७ वन क्षेत्रमा सुशासन अभिवृद्धि तालिम, गोष्ठी, सेमिनार कार्यक्रम अन्तर्गत संचालित तालिम तथा गोष्ठीहरु

तालिका नं ८ वन क्षेत्र, वन उद्यम एवं वनको विकास, विस्तार र व्यवस्थापन कार्यक्रम अन्तर्गत संचालित तालिम तथा गोष्ठीहरु

तालिका नं ९ समृद्धिका लागि वन परियोजना प्रदेश एकाई मधेश प्रदेशको वित्तीय प्रगति

तालिका नं १० समृद्धिका लागि वन परियोजना प्रदेश एकाई लुम्बिनी प्रदेशको वित्तीय प्रगति

तालिका नं ११ सम्वृद्धिको लागि वन कायर्यक्रम कार्यान्वयनका लागि स्थानीय तहहरुको अवस्था

तालिका नं १२ लुम्बिनी प्रदेशमा सामुदायिक वन हस्तान्तरण तथा नविवकरण विवरण

तालिका नं १३ लुम्बिनी प्रदेशमा सार्वजनिक तथा निजी वृक्षरोपणको विवरण

तालिका नं १४ डिभिजन वन कार्यालयहरुबाट सञ्चालन भएका कार्यक्रमहरुमा सहभागीहरुको विवरण

तालिका नं १५ आ.व. २०८०।०८१ को वार्षिक बजेट तथा खर्चको शारांश

**अनुसूचीहरु**

अनुसूची १ नेपालमा रेडप्लसको विकासक्रम

अनुसूची २ रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम तर्फ आ ब २०८०।०८१ को वजेट तथा प्रगति विवरण

अनुसूची ३ समृद्धिको लागि वन कार्यक्रम तर्फ आ ब २०८०।०८१ को वजेट तथा प्रगति विवरण

अनुसूची ४ रेड कार्यान्वयन केन्द्र द्धारा आ ब २०८०।०८१ मा संचालित तालिम गोष्ठीका सहभागिहरुको विवरण

अनुसूची ५ रेड कार्यान्वयन केन्द्रबाट विगत देखि हालसम्म अन्य निकायहरुमा हस्तान्तरण भएका सम्पत्तिको विवरण

अनुसूची ६ रेड कार्यान्वयन केन्द्रमा हाल कार्यरत कर्मचारीहरुको विवरण

अनुसूची ७ रेड कार्यान्वयन केन्द्रमा कार्यरत विज्ञहरुको विवरण

अनुसूची ८ रेड कार्यान्वयन केन्द्रमा सङ्गठन स्थापना देखि हालसम्मका केन्द्र प्रमुखहरुको विवरण

अनुसूची ९ सुचना अधिकारी

अनुसूची १० विविध

# भाग १

## रेडप्लस कार्यक्रमः कार्यान्वयन प्रयास तथा सांगठनिक संरचना

### १.१ पृष्ठभूमी

पृथ्वीको तापक्रम क्रमिक रुपमा वढ्दै जानु तथा विश्वव्यापी रुपमा महसुस गरिएको जलवायु परिवर्तन र यसले पारेका असरहरू सवैको चासोको विषय वनेका छन् । बिसौं शताव्दीको अवधिमा ०.७ डिग्रि सेल्सियसका दरले वढेको तापक्रम २१ औं शताव्दीमा १.८ देखि ४ डिग्रि सेल्सियस सम्मले वढ्न सक्ने भनी वैज्ञानिकहरूले अनुमान गरेका छन् । यसरी क्रमिक रुपमा बढीरहेको तापक्रमले मौसममा परिवर्तन आउदा कतिपय स्थानमा खडेरी बढ्न गई मरुभूमिकरण हुने तथा कतिपय स्थानमा भारी वर्षाका कारण वाढी पहिरो आदिको प्रकोप वढ्न गईरहेको पनि छ तथा अधिकमात्रामा विपत्तिको सृजना हुने अनुमान गरिएको छ ।

स्थिर रहनुपर्ने जलवायु सूचकाङ्कहरू जस्तै तापक्रम, वर्षा, समुन्द्री सतह वृद्धि, प्राणि तथा वनस्पतिमा बढ्दो रोग किराको आक्रमण र प्रकोपजन्य घटनाको वृद्धिलाई जलवायु परिवर्तनको मूख्य प्रभाव मानिएको छ । जस्तोकी मुसलधारे र भारी वर्षाका घटनाहरू बढ्नु, व्यापक बाढी पहिरो आदिको अवस्था देखा पर्नु र पानी पर्ने दिनहरूको संख्या कम हुनु आदि जलवायु परिवर्तनका असरहरू हुन् ।

पृथ्वीको सवैभन्दा बाहिरी सतहमा रहेर पृथ्वीबाट परावर्तन भई बाहिर निस्किने तापीय किरणहरूलाई रोक्ने र पृथ्वीको तापक्रम क्रमिकरुपमा बढाउन भूमिका खेल्ने ग्याँसहरूलाई हरितगृह ग्याँस भनिन्छ । सबै ग्याँसहरूले हरितगृह प्रभाव नदेखाउने भएतापनि कार्बनडाइअक्साइड ($CO_2$), मिथेन ($CH_4$), नाइट्रस अक्साइड ($N_2O$), हाइड्रोफ्लोरो कार्बन (HFCs), परफ्लोरो कार्बन (PFCs), सल्फहेक्जाफ्लोराइड ($SF_6$), नाइट्रोजन ट्रिफ्लोराइड ($NF_3$) जस्ता ग्याँसहरूलाई हरितगृह ग्याँसको रुपमा लिईन्छ । जलवायु परिवर्तनको मुख्य कारण पनि विभिन्न स्वरुपमा रहेको हरितगृह ग्याँसहरू वायुमण्डलमा प्रवेश गर्नुलाई मानिएको छ र यसो हुनुमा मानव समुदायमुखी उपयोगका लागि गरीने प्राकृतिक स्रोतहरूको अत्याधिक दोहन, वातावरण प्रदुषण र पर्यावरणीय विनासलाई मानिएको छ ।

जलवायु परिवर्तनको लागी वैज्ञानिक निकायको रुपमा कार्य गरिरहेको अन्तरसरकारी मञ्चले (Intergovernmental Panel on Climate Change-IPCC, २००७) सन् २००७ मा गरेको विश्लेषण अनुसार जलवायु परिवर्तनका मुख्य कारण वायुमण्डलमा बढीरहेको हरितगृह ग्याँसको क्रमिक उत्सर्जन हो र हरितगृह ग्याँसहरूमा सवैभन्दा बढी भूमिका खेल्न सक्ने ग्याँसको रुपमा कार्बनडाइअक्साइड ($CO_2$) ग्याँसलाई मानिएको छ । सन १९५८ देखि २००१ सम्मको अवधिमा वायुमण्डलमा कार्बनडाइअक्साइड ($CO_2$) ग्याँस को मात्रा ३१५ पि.पि.एम. बाट ३७० पि.पि.एम. सम्म क्रमिक रुपमा बढीरहेको पाइएको छ ।

दिगो वन व्यवस्थापनका माध्यमबाट वातावरणमा उत्सर्जन हुने कार्बनडाइअक्साइड ($CO_2$) ग्याँसको परिमाण कम गर्ने, वातावरणमा कार्बनडाइअक्साइड ग्याँसको खपत अभिवृद्धि गर्ने र जमिनमा कार्बन सञ्चिति बढाउने जस्ता कार्य जलवायु परिवर्तन न्यूनीकरणको लागि अति आवश्यकीय कुराहरू हुन् । बढ्दो जलवायु परिवर्तनलाई न्यूनीकरण गर्नका लागि हरितगृह ग्याँसहरूको उत्सर्जनमा कमी ल्याउन सक्नुपर्दछ । यसका लागि वनजङ्गलको संरक्षण गरी वायुमण्डलमा रहेको प्रमुख हरितगृह ग्याँस, कार्बनडाइअक्साइडको खपत गरी कार्बनको भण्डार वृद्धि गर्ने र वनबाट हुने कार्बनडाइअक्साइडको उत्सर्जनमा कमि ल्याई जलवायु परिवर्तनको असरलाई कम गर्न सकिन्छ भन्ने सोचबाट रेडप्लसको अवधारणा विकास भएको हो ।

वन विनास तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र यसको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति क्षमता अभिवृद्धि गराउने कार्य गरे वापत विकासोन्मुख मुलुकलाई विकसित राष्ट्रहरूबाट प्रोत्साहन स्वरुप प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेडप्लस -Reducing Emissions from Deforestation and Degradation REDD plus Conservation of Forests Carbon Stock, Sustainable Management of Forests and Enhancement of Forests Carbon Stock भनिन्छ । रेडप्लस (REDD+) कार्यक्रम अन्तर्गत निम्नलिखित पाँचवटा क्रियाकलापहरू पर्दछन् ।

- वन विनासका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
- वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
- वन कार्बन सञ्चितिको संरक्षण
- वनको दिगो व्यवस्थापन
- वन कार्बनको सञ्चितिमा अभिवृद्धि

नेपालले आ.व. २०६६।६७ देखि रेड फरेष्ट्री तथा जलवायू परिवर्तन कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यो कार्यक्रम कार्यान्वयनमा हाल विश्व बैंकको समेत सहयोग रहेको छ । कार्यक्रमको कार्यान्वयनबाट वन विनास तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनमा कमी हुन गई नेपाल उत्सर्जन न्यूनीकरण मार्फत कार्बन व्यापारमा सहभागी भै लाभ प्राप्त गर्ने र सो लाभ सम्बन्धित उत्सर्जन न्यूनीकरण गर्न योगदान गर्ने स्थानीय समुदाय वा निकायहरूले प्राप्त गर्ने छन् । फलतः स्थानीय समुदायले गैर कार्बन लाभ समेत प्राप्त हुने हुँदा वनको दिगो व्यवस्थापनमा योगदान अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

सन २०१५ को वन अनुसन्धान तथा सर्वेक्षण केन्द्रबाट प्रकाशित वन स्रोत विवरण अनुसार नेपालमा वनले करिब ५९ लाख ६२ हजार हेक्टर भू—भाग ओगटेको छ जुन नेपालको कुल क्षेत्रफलको ४०.३६५ प्रतिशत हुन आउँछ । हालै वन क्षेत्रले ढाकेको क्षेत्रफल ४५.३२ प्रतिशत

पुगेको छ । नेपालको वनमा कुल कार्बन सञ्चिति १ अर्ब ५ करोड ५० लाख टन (औसत १७६.९५ टन प्रति हेक्टर) रहेको अनुमान गरिएको छ जसमध्ये ६१.५३ प्रतिशत रुखमा (जीवित, सुखड खडा, ढलापडा र सतह मुनिको भाग समेत), ३७.८० प्रतिशत माटोमा र ०.६७ प्रतिशत पात पतिङ्गरमा रहेको छ । यसको अतिरिक्त नेपालमा ६ लाख ४८ हजार हेक्टर बुट्यान क्षेत्र (कुल क्षेत्रफलको ४.३८ प्रतिशत) रहेको छ जसमा करिब ६ करोड ९ लाख टन (औसतः १०५.२४ टन प्रति हेक्टर) कार्बन सञ्चिति रहेको छ ।

रेडप्लस कार्यक्रमको सिलसिलामा नेपाल तयारी चरणबाट कार्यान्वयन चरणमा गरी प्रवेश गरी प्रथम तहको भूक्तानी चरणमा रहेको छ । रेडप्लस कार्यक्रमको चरणहरू निम्न बमोजिम रहेका छन् ।

| पहिलो चरणः तयारी | द्वितीय चरणः कार्यान्वयन | तृतिय चरणः भुक्तानी |
|---|---|---|
| राष्ट्रिय रणनीति तर्जुमा, कार्यक्रम तथा कार्ययोजना निर्माण, क्षमता अभिवृद्धि, अध्ययन आदि । | राष्ट्रिय रणनीति, कार्यक्रम, कार्ययोजना कार्यान्वयन, क्षमता अभिवृद्धि आदि । | नतिजामा आधारित भुक्तानीका लागि Monitoring Reporting and Verification (MRV) सम्बन्धी कार्यहरू आदि । |

नेपालमा वन विनास र अत्यधिक दाउरा सङ्कलनका कारण हुने वन क्षयीकरणबाट बर्षेनी करिब १३ लाख टन कार्बन डाईअक्साइड ग्याँस ऊत्सर्जन हुने अनुमान छ । नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरी सन् २०२८ सम्म करिव ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस ऊत्सर्जन कम गर्ने लक्ष्य लिएको छ ।

## १.२ रेडप्लस प्रक्रियामा नेपालको प्रयास

वन विनास र वन क्षयीकरणलाई न्यूनीकरण गर्नको लागि नेपालले दशकौं अघिदेखि विभिन्न नीतिगत, संरचनागत तथा कार्यक्रमगत रुपमा पहल कदमी लिँदै आएको छ । रेडप्लसकै सन्दर्भमा भने नेपालले सन् २००४ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि अन्तर्गत सन् १९९७ मा आएको क्योटो प्रोटोकल को स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism-CDM) मा नेपालको सामुदायिक वन लगायतका अन्य वन व्यवस्थापनहरू सन्दर्भमा अनुपयुक्त भएको विचार व्यक्त गरेको थियो र इन्डोनेसियाको बालीमा सन् २००७ मा भएको रेड सम्बन्धी वार्ता र त्यस पछिका रेडप्लस सम्बन्धी वार्ताहरूमा नेपाल सरकार र नागरिक समाजको निरन्तर सहभागीता रहेको थियो । फलस्वरुप सन् २००८ मा नेपालले रेडप्लसको तयारीका लागि विश्व वैंकको वन कार्बन साझेदारी सहयोग कार्यक्रमबाट सहयोग प्राप्त गर्न स्वयमसेवी रुपमा अवधारणा पत्र तयार गरी रेडप्लस सम्बन्धी विभिन्न विषयमा चेतनामूलक गोष्ठी र छलफलहरूको सुरुवात गरियो ।

यसै समयमा वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाई (REDD Forestry and Climate Change Cell) स्थापना गरिएको थियो जुन हाल रेड कार्यान्वयन केन्द्रको रुपमा रहेको छ । यस अवधिमा नेपाल सरकारका अलावा विभिन्न दातृ निकाय, गैरसरकारी संघ संस्था तथा विकास साझेदार निकायहरूबाट समेत रेडप्लसका बारेमा परीक्षण परियोजनाहरूको शुरुवात भएको थियो । सन २००८ पछि नै नेपालबाट सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरू रेडप्लस सम्बन्धी वार्ता तथा छलफलमा भाग लिन जाने क्रममा वृद्धि भएको देखिन्छ ।

नेपालको रेडप्लस तयारीको चरण मध्ये सन् २००९ लाई महत्वपूर्ण वर्षको रुपमा लिइन्छ । यस वर्षमा रेडप्लसको तयारीका लागि पूर्वतयारी प्रस्तावना (RPP) तयारी र यसका लागि विभिन्न तहमा छलफल तथा परामर्श गोष्ठीको आयोजना गरिनुका साथै रेडप्लस सम्बन्धी सचेतना र क्षमता अभिवृद्धि गर्ने परियोजनाहरूको सुरुवात समेत भएको पाइन्छ । यसै वर्षदेखि नर्वे सरकारको सहयोगमा गोरखा, चितवन र दोलखा जिल्लामा रहेका लुधिखोला, कयरखोला र चर्नावती जलाधार क्षेत्रमा रहेका सामुदायिक वनहरूमा रेडप्लसको लाभांश वितरण सम्बन्धी ३ वर्षे परीक्षण परियोजना लागु भएको थियो ।

यसका साथै सरकारी तथा गैर सरकारी क्षेत्रमा जलवायु परिवर्तन सम्बन्धी अवधारणा विकासका लागि व्यापक रुपमा छलफल, संवादको कार्य अगाडि बढाइएको थियो । यसै वर्षको अन्त्यतिर नेपाल सरकारले रेडप्लस सम्बन्धी क्रियाकलाप सञ्चालनका लागि रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाईको स्थापना गर्नुका साथै अन्य संस्थागत संरचनाहरूको समेत स्थापना गरेको थियो ।

रेडप्लसको तयारीका लागि नेपालले तयार गरेको पूर्वतयारी प्रस्तावमा राष्ट्रियस्तरबाट पारित भई सन् २०१० को अप्रिलमा विश्व वैंकमा पेश भएको तथा सोही वर्षको जुनमा विश्व वैंकबाट नेपालको रेडप्लस सम्बन्धी पूर्वतयारी प्रस्तावना पारित गरेपछि रेडप्लसको तयारीका काममा तिव्रता आएको थियो ।

विश्व बैंक बाहेक नेपालमा रेडप्लसको परीक्षणका लागि नर्वे, अमेरिका, वेलायत, स्वीट्जरल्याण्ड, फिनल्याण्ड, जापान लगायतका मुलुकहरूद्धारा सहयोग गर्न शुरुवात भएको थियो । सन २०११ देखि २०१२ मा तयारी चरणका विभिन्न कार्यक्रमहरू जस्तैः रेडप्लसका लागि आवश्यक पर्ने तथ्य तथ्याङ्कहरूको तयारीका लागि अध्ययन अनुसन्धान, वन विनासका कारक तत्वहरूको विष्लेषण, भू-उपयोगको अर्थराजनीति, नेपालको वन क्षेत्रको आर्थिक महत्व, सामाजिक तथा वातावरणीय रणनीतिक मूल्याङ्कन, कार्बन स्वामित्व, वनको आधारविन्दु, वन कार्बन मापन मार्गदर्शनको विकास, अनुगमन प्रतिवेदन तयारी र प्रमाणिकरण, रेडप्लसको प्राविधिक विषयमा आवश्यक पर्ने अन्य विषयहरूको अध्ययन र विधिहरू विकास, भू-परिधितह (Landscape Level) मा रेडप्लसको परीक्षणका लागि तयारी जस्ता विषयमा गहन अध्ययन साथै राष्ट्रिय रेडप्लस रणनीति, २०७५ (National REDD Plus Strategy, २०१८) तयारीका लागि खाका विकास र छलफल तथा परामर्शहरूको शुरुवात भएको पाइन्छ ।

त्यसैगरी सन् २०१३ देखि २०१५ सम्ममा रेडप्लस तयारी चरणका विभिन्न महत्वपूर्ण कार्यहरू सम्पन्न भएको पाइन्छ । यस अवधिमा विश्व बैंकमा तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम अवधारणा पत्र (Emission Reduction- Program Idea Note ER - PIN) तयार गरी पेश, रेडप्लस तयारीका लागि आवश्यक रेडप्लस रणनीति तयारी, मापन, प्रतिवेदन र प्रमाणिकरण (Measurement, Reporting and Verification - MRV) प्रणालीको विकास तयारी, लाभांश वितरण तथा कार्बन उत्सर्जन आधार रेखा (Reference of Emission Level - REL) आदि विषयमा अध्ययनको सुरुवात भएको थियो ।

यसका साथै रेडप्लस रणनीति र यसको कार्यान्वयनको लागि आवश्यक पर्ने संस्थागत संरचना र अन्य दस्तावेजहरूको तयारी, खास गरी तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम (Emission Reduction Program Document - ERPD) तयार गर्ने प्रक्रिया यस अवधिमा सुरु भएको पाइन्छ ।

रेडप्लस तयारी पहिलो चरण (सन् २००९ देखि २०१५) मा सञ्चालन गरेका उल्लिखित क्रियाकलाप तथा अध्ययन अनुसन्धानहरूले नेपालको रेडप्लस सम्बन्धी Warsaw Framework तयारीका लागि चाहिने आवश्यक सूचना, तथ्य तथा तथ्याङ्क सङ्कलनमा ठूलो भूमिका खेलेको पाईन्छ ।

नेपालले रेडप्लस तयारीका लागि चाहिने आवश्यक नीति तथा संरचनाहरू Warsaw Framework को विकास रेडप्लस तयारीको पहिलो चरणमा सम्पन्न गरी नसकेकोले विश्व बैंकले तयारी चरणमा बाँकी काम सम्पन्न गर्न (रेडप्लस तयारी दोश्रो चरणको) अनुदान रकम उपलव्ध गराएको थियो । उक्त सहयोगबाट सन् २०१६ मा विभिन्न महत्वपूर्ण कार्यहरू सम्पन्न भएको पाइन्छ । खास गरी सन् २०१६ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धीमा नेपालको राष्ट्रिय वनको आधार तह (National Forest Reference Level) पेश भएको, वन लगानी योजना (Forest Investment Plan) तयारी राष्ट्रिय रेडप्लस रणनीति (National REDD Plus Strategy २०७५), रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्वन्धमा मार्गचित्र तथा लैङ्गिक कार्ययोजना तयारी गरिएको थियो ।

सन् २०१७ मा तराई भू-परिधि क्षेत्रका १२ जिल्लाका लागि (हाल १३ जिल्ला) कार्बन उत्सर्जन न्यूनीकरण दस्तावेज (Emission Reduction Program Document- ERPD) र रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्वन्धमा मार्ग चित्र तथा लैङ्गिक कार्ययोजना तयार गरी विश्व बैंकमा पेश गरिएको थियो । यसै वर्षको अन्त्यमा नेपालबाट पेश भएको वन लगानी योजना (Forest Investment Plan- FIP) लाई World Bank's FIP Sub-committee ले स्वीकृत गरेको थियो ।

नेपालको रेडप्लस तयारी प्रक्रियामा सन् २०१८ मा नेपालको राष्ट्रिय रेडप्लस रणनीति, राष्ट्रिय वन आधार तह स्वीकृत भएको थियो । त्यसैगरी Biodiversity Monitoring Protocal for REDD+ तयार गर्ने काम सम्पन्न भयो । सन् २०१९ मा नेपालको तराई भू-परिधिक्षेत्रका १३ जिल्ला (नवलपरासी जिल्ला दुई जिल्लामा विभाजन भए पश्चात् १३ जिल्ला भएको) मा सञ्चालन हुने कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँट योजनाको मसौदा तयार गरिएको थियो । यी सबै कार्यबाट नेपाललाई उत्सर्जन न्यूनीकरण सम्बन्धित विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्न ढोका खुलेको छ । यसैगरी सुरक्षा रक्षण सूचना प्रणाली (Safeguard Information System) र राष्ट्रिय वन सूचना प्रणाली स्थापना (National Forests Information System) तथा सञ्चालन गर्ने कार्य समेत सम्पन्न भैसकेको छ ।




चित्र नं १ उत्सर्जन न्यूनीकरण कार्यक्रम लागु भएका जिल्लाहरू

रेडप्लस कार्यक्रम कार्यान्वयनको लागि नेपालको तर्फबाट तयारी चरणमा हालसम्म भए गरेका र कार्यान्वयन र भुक्तानीको चरणमा हुने कार्यहरूलाई निम्न चित्र नं. २ मा देखाइएको छ, विस्तृत विवरण अनुसूची १ मा छ ।




Abbreviations: R-PIN= Readiness Plan Idea Note; R-PP = Readiness Preparation Plan; ER-PIN = Emission Reduction Program Idea Note; R-Package = Readiness Package; ER-PD = Emission Reduction Program Document; ERPA = Emission Reduction Payment Agreement; MRV = Measurement, Reporting and Verification

चित्र नं. २ नेपालमा रेडप्लसको विकासक्रम

## १.३ रेडप्लस कार्यान्वयनको लागि सांगठनिक संरचना

नेपालमा रेडप्लस कार्यक्रमको प्रभावकारी रुपमा तयारी र नतिजामूलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय मार्फत् छुट्टै संरचना रहेको छ । रेड सम्बन्धी विषयहरूलाई नेपाल सरकारले विशेष महत्व दिएको पाइन्छ । यसले सम्पादन गर्ने कार्यहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने भएकोले यसले गर्ने कार्यहरूको व्यवस्थापन तथा नीतिगत निर्देशनको लागि उच्च तहदेखि कार्यान्वयन तहसम्म निम्न बमोजिमको संरचनाहरू रहेको छ ।

### राष्ट्रिय रेडप्लस निर्देशक समिति

रेडसँग सम्बन्धित सरोकारवालाहरूलाई निर्णय प्रक्रियामा समावेश गर्नका लागि उच्च तहमा २४ सदस्यहरू रहनेगरी वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालयका सचिवहरू (वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय, जलश्रोत, उर्जा र सिंचाइ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय), राष्ट्रिय योजना आयोग तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिवहरू, सातवटै प्रदेश स्थित वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयका सचिवहरू, स्थानीय सरकारका प्रतिनिधिमूलक संघ संस्थाका प्रतिनिधिहरू तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरू सदस्य तथा रेड कार्यान्वयन केन्द्रका प्रमुख सदस्य सचिव रहने गरी वहुपक्षीय, वहुसरोकारवाला उच्चस्तरीय नीतिगत संरचनाको रुपमा एक राष्ट्रिय रेडप्लस निर्देशक समिति रहेको छ ।

यस संरचनाको मुख्य उद्देश्य रेडप्लस कार्यक्रम कार्यान्वयन गर्नका लागि यससँग सम्बन्धित नीति तथा कार्यक्रमहरूका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवं अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ । समग्र नीतिगत मार्गदर्शन गर्नुका साथै रेडप्लस कार्यान्वयन र यसमा विभिन्न क्षेत्र र सरोकारवालाहरूको प्रतिनिधित्व गराउने कुराको रेखदेख गर्ने कार्यक्षेत्र रहेको छ ।

## राष्ट्रिय रेडप्लस समन्वय समिति

दोश्रो तहमा वन तथा वातावरण मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा वन तथा वातावरण मन्त्रालय अन्तर्गतका विभिन्न महाशाखाका सहसचिवहरू, विभिन्न विभागका महानिर्देशकहरू, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा रेड कार्यान्वयन केन्द्रका प्रमुख तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरू समेत गरी २२ सदस्य रहने गरी राष्ट्रिय रेडप्लस समन्वय समिति रहने व्यवस्था छ ।

राष्ट्रिय रेडप्लस समन्वय समितिले रेडप्लस स्थायी समितिको वैठकका लागि विषयवस्तुहरू सिफारिस गर्ने, रेडप्लसको कार्यान्वयन र सोको अनुगमन गर्ने, अध्ययन अनुसन्धान प्रतिवेदनहरू अनुमोदन गर्ने लगायतका प्राविधिक प्रकृतिका कार्यहरू गर्दछ ।

## रेड कार्यान्वयन केन्द्र

रेडप्लस सम्बन्धी दैनिक प्रशासनिक कार्यहरू सञ्चालन गर्नका लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रको स्थापना गरिएको छ । यस केन्द्रमा बजेट तथा कार्यक्रम शाखा, दूर संवेदन तथा भू सूचना प्रणाली शाखा, जलवायु व्यवस्थापन शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रको नियमित कार्य सञ्चालनको लागि १३ जना कर्मचारीहरूको दरवन्दि रहेको छ । यस सम्बन्धी विस्तृत विवरण चित्र नं. ३ र ४ मा दिइएको छ ।

नेपालमा रेडको प्रभावकारी रुपमा तयारी र नतिजामूलक कार्यान्वयनको जिम्मेवारी पाएको रेड कार्यान्वयन केन्द्रको काम, कर्तव्यहरूमा मुख्यगरी रेडप्लसको नतिजामूलक भुक्तानी प्राप्तिका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय कोषहरू पहिचान गरी पहुँच पुर्याउने, रेडप्लस सम्बन्धी नीति निर्माण र निर्णयका लागि विभिन्न क्षेत्र र सरोकारवालाहरूसँग समन्वय गर्ने, वनक्षेत्रबाट हुने हरितगृह ग्याँस उत्सर्जनको विषयलाई नियमन गर्न समन्वय गर्ने, रेडप्लसबाट प्राप्त लाभको बाँडफाँटका लागि समन्वय गर्ने, रेडप्लसमा सुरक्षा रक्षण (Safeguard) को कार्यान्वयन र अनुगमनमा समन्वय गर्ने, राष्ट्रिय वन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने, राष्ट्रिय रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने, रेडप्लस सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रकाशन र प्रचार प्रसार गर्ने, वन कार्बनको दर्ता, राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र कार्बन मापन, प्रतिवेदन तयारी र प्रमाणिकरणको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय

गर्ने, उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुसार निजी वनलाई प्रोत्साहन गर्नका लागि निजी वन धनीहरूसँग सम्झौता गर्ने व्यवस्थाहरूको विकास गर्ने रहेका छन् ।




चित्र नं. ३ रेड कार्यान्वयन केन्द्रको सँगठन संरचना

## रेडप्लस सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र रेड कार्यान्वयन केन्द्र

कार्बन सेवा, कार्बन सञ्चिति, कार्बन उत्सर्जन न्यूनीकरण, कार्बन व्यापार र सोबाट प्राप्त लाभको बाँडफाँट जस्ता कार्य नेपालको संविधान बमोजिम संघको कार्यक्षेत्रमा पर्ने र नेपाल सरकारले गर्नु पर्ने संबैधानिक, नीतिगत र कानुनी व्यवस्था रहेको छ । नेपालको संविधान (२०७२) बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र कार्बन सेवा संघको अधिकार सूचिमा (अनुसूची ५) रहेको छ।

वन ऐन, २०७६ मा कार्बन सेवा र सोबाट प्राप्त हुने सेवालाई वातावरणीय सेवाको रुपमा लिईएको (दफा २ (भ)) र कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको व्यवस्थापन, उपयोग तथा लाभांसको बाँडफाँट नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने (दफा ४४ (क)) उल्लेख छ। त्यसै गरी वातावरण संरक्षण ऐन, २०७६ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितिकरणका लागि अन्तरराष्ट्रिय सन्धिहरूबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था (दफा २८ (१)) रहेको छ ।

अतयवः नेपालको प्रचलित संबैधानिक, नीतिगत तथा कानुनी व्यवस्था अनुसार पनि यी सम्बन्धी कार्यहरू संघ वा नेपाल सरकारको तर्फबाट हालसम्म यी कार्यहरू यस केन्द्रले प्रदेशतह तथा स्थानीय समुदायहरूसँग सहकार्य गर्दै आइरहेको छ ।

वन नीति, २०७५ मा कार्बन उत्सर्जन न्यूनीकरण गर्न काठको उत्पादन र सदुपयोग बढाउने साथै वन क्षेत्रबाट कार्बन उत्सर्जन न्यूनीकरणमा पुर्याइने योगदान बापत अन्तरराष्ट्रिय संयन्त्रबाट भुक्तानी पाउने अवसरको उपयोग गरिने नीतिगत व्यवस्था रहेको पाइन्छ। राष्ट्रिय जलबायु परिवर्तन नीति, २०७६ मा दिगो वन व्यवस्थापन अवलम्बन गरी वनको कार्बन सञ्चिति वृद्धि गरिने, रेडप्लस मार्फत कार्बन सञ्चिति बढाई प्राप्त आर्थिक लाभको न्यायोचित वितरण गरिने, रेडप्लस र कार्बन व्यापार आदिबाट वित्तीय श्रोत प्राप्ति र परिचालन गरिने उल्लेख छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्बन सेवा र कार्बन सञ्चिति नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रमा रहेकोमा वन विनास र वनको क्षयीकरण रोकी वनको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति बढाई कार्बन व्यापार गर्ने सम्बन्धी काम यस केन्द्रको कार्य जिम्मेवारीमा पर्दछ।

हालको रेड कार्यान्वयन केन्द्र (प्रस्तावित राष्ट्रिय रेडप्लस केन्द्र) को कार्यक्रम र कार्य जिम्मेवारी देहाय बमोजिम छन् ।

- नेपालको वन श्रोतलाई कार्बन ब्यापारमा लैजान आधारहरू तयार गर्ने सम्बन्धी ।
- वन कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम लगायत रेडप्लस रणनीतिको कार्यान्वयन तथा अनुगमन सम्बन्धी ।
- वन कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणको नतिजामा आधारित भुक्तानीको दावी सम्बन्धी।
- वनस्रोतको दिगो व्यवस्थापन सम्बन्धी ।
- वन विनास तथा वनको क्षयीकरण नियन्त्रणका लागि समन्वय सम्बन्धी ।
- वनस्रोतबाट प्राप्त हुने कार्बन तथा गैह्रकार्बन लाभहरूको पहिचान गरी तिनको दिगो उपयोगको व्यवस्था सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित रणनीति, योजना, कार्यक्रम, संझौता, प्रचारप्रसार तथा क्षमता अभिवृद्धि सम्बन्धी ।
- रेडप्लसमा कार्यरत संघसंस्था, दातृ निकायसँग समन्वय र सहकार्य गरी नेपालको समग्र रेडप्लस प्रक्रिया र विकासलाई दिशा निर्देश गर्ने सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय समन्वय, वित्त प्रवन्ध, अन्तराष्ट्रिय वार्ता, गुनासो व्यवस्थापनको समन्वय, अध्ययन अनुसन्धानको प्रकाशन सम्बन्धी ।
- कार्बन तथा गैरकार्बन लाभहरूको न्यायोचित बाँडफाँट सम्बन्धी ।

- रेडप्लसको तयारी, कार्यान्वयन, क्षमता अभिवृद्धि, ज्ञानको व्यवस्थापन, नतिजामा आधारित भुक्तानी आदिका लागि प्रस्ताव लेखन, प्रस्तुति तथा पैरवी गर्ने सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित अन्तराष्ट्रिय निकायको सम्पर्क विन्दु भई काम गर्ने सम्बन्धी ।
- वन कार्बनको संरक्षण तथा सञ्चिति बढाउने कार्यहरू सम्बन्धी ।
- रेडप्लस वा अन्य कार्बन ब्यापार संयन्त्रमा समावेश हुन चाहने निजी वन धनीहरूलाई आवद्ध गराउने सम्बन्धी ।
- रेडप्लस लगायत कार्बन उत्सर्जन न्यूनीकरण तथा कार्बन सञ्चितिसँग सम्बन्धित वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित जैविक विविधता अनुगमनको तयारी तथा कार्यान्वयन सम्बन्धी ।
- कार्बन रजिष्ट्री, राष्ट्रिय वन सूचना प्रणाली, सुरक्षा सूचना प्रणाली व्यवस्थापन सम्बन्धी ।
- अन्य सम्बन्धित कार्यहरू ।

## बजेट तथा कार्यक्रम शाखा

- रेड कार्यान्वयनको लागी आवश्यक पर्ने नीति तथा रणनीतिको तर्जुमा गर्ने ।
- दिर्घकालीन, अल्पकालीन र आवधिक योजना तथा कार्यक्रमहरू तर्जुमा गरी तोकिएको समय भित्र प्रमुख समक्ष पेश गर्ने ।
- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण आदिबारे कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- कार्यक्रम आयोजनाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाई पठाउनु पर्ने प्रगति विवरणहरू समयमै तयार गरी प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।
- Review, Emission Reduction- Programme Idea Note / Readiness-Package तयारी गर्ने कार्यमा यस केन्द्रबाट सहयोगी निकायसँग समन्वय गर्ने र भए गरेको प्रगतिको जानकारी प्रमुखलाई गराउने ।
- योजना तयारी तथा कार्यक्रम कार्यान्वयनको चरणमा गर्नुपर्ने प्रचार प्रसार एवं क्षमता अभिवृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने मार्गचित्र तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड नमूना परीक्षण (Piloting) बाट प्राप्त भएका सिकाई र अभ्यासहरूको जानकारी-विवरण सङ्कलन गरी मस्यौदा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।

- रेडप्लस नमूना परीक्षण (Piloting) सम्बन्धी विवरण अद्यावधिक गरी Website update गर्न सहयोग गर्ने ।
- रेड सम्बन्धी प्रचार प्रसार सामग्री तयारी, उत्पादन गर्न मस्यौदा सहित प्रमुख समक्ष पेश गर्ने ।
- यस केन्द्रको Outreach Plan तयार गरी सो को कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र कार्यान्वयनको रुपरेखा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड कार्य समूह र वहुसरोकारवालाहरूको वैठक-गोष्ठीको लागि आवश्यक पर्ने तयारी गर्ने र भएका निर्णय एवं छलफलका बुँदाहरू टिपोट गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरू गर्ने ।

## जलवायु व्यवस्थापन शाखा

- जलवायु परिवर्तन समानुकूलन सम्बन्धी आयोजनाको सोचपत्रहरू तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- पारिस्थितिक तथा समुदायमा आधारित समानुकूलन सम्बन्धी कार्यक्रम बारे सोचपत्र तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- वनमा आधारित समानुकूलन कार्यक्रमको सम्पर्क विन्दु (Focal Point) को रुपमा रही कार्यक्रमहरूको समन्वय गर्ने ।
- नमूना परीक्षणका रुपमा कार्यान्वयन भईरहेका समानुकूलन कार्यक्रमहरूको विवरण अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी, सेमिनार, आदि सञ्चालनको लागि लागत अनुमान सहित कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरू गर्ने ।

## दूर संवेदन तथा भू-सूचना प्रणाली शाखा

- यस शाखाबाट मापन, प्रतिवेदन र प्रमाणिकरण (MRV)सँग सम्बन्धित अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरू गर्ने सेवा प्रदायकलाई सहजीकरण गर्ने एवं विषयगत प्राविधिक समितिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- रेड कार्यान्वयनको लागि आवश्यक पर्ने कार्बन मापन, अनुगमन प्रतिवेदन प्रमाणीकरणसँग

सम्बन्धित विषयवस्तुमा गरिने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रुपमा सहभागी भई अभिलेख अद्यावधिक गर्ने ।

- कार्बन मापन र आँकलन गर्ने सम्बन्धी सञ्चालित Piloting कार्यलाई रेड कार्यान्वयन केन्द्रको तर्फबाट समन्वय र सहजीकरण गर्ने ।
- यस शाखासँग सम्बन्धित अध्ययनहरूमा संलग्न सेवा प्रदायकसँग सम्पर्क विन्दूको रुपमा रही प्रक्रिया र विधि बारे पूर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- वन मापन र अनुगमन प्रतिवेदन तयारी सम्बन्धी नवीनतम प्राविधिक ज्ञान बारे अध्ययन-अनुसन्धान गरी सहकर्मी बीचमा छलफल-प्रसार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा तालिम, गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- तोकिएको अन्य कार्यहरू समेत गर्ने ।

## आर्थिक प्रशासन शाखा

आर्थिक प्रशासन शाखाले परियोजनाको वित्तीय व्यवस्थापन र लेखा प्रक्रियालाई प्रभावकारी बनाउन विभिन्न कार्यहरू सम्पन्न गर्छ। यस शाखाले निम्न जिम्मेवारीहरू निर्वाह गर्दछ:

### आयोजनाको लेखा प्रतिवेदनहरू तयार गर्ने

आयोजना अन्तर्गत भएका वित्तीय गतिविधिहरूको विस्तृत प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा प्रस्तुत गर्ने।

### सोधभर्ना माग गर्ने

खर्चको विवरणको आधारमा समयमै सोधभर्ना (reimbursement) माग गरी वित्तीय प्रवाहलाई नियमित राख्ने।

### विनियोजित रकमको बाँडफाँट र फाँटवारी तयार गर्ने

परियोजनाका विभिन्न क्षेत्र वा उप-कार्यक्रमहरूमा बजेटको वितरण तथा खर्चको फाँटवारी (breakdown) तयार गर्ने।

### आर्थिक प्रशासनसम्बन्धी कार्य गर्ने

बजेट, खर्च, तथा वित्तीय विवरणहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने।

### लेखापरीक्षण गराउने

परियोजनाका वित्तीय अभिलेखहरूको लेखापरीक्षण (audit) गराई पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने।

### वेरुजुको लगत राखे र फछ्र्यौट गर्ने

वेरुजु (unsettled advances) विवरण राखी त्यसको फछ्र्यौट गर्ने, फछ्र्यौट प्रक्रियाको अनुगमन तथा सम्परीक्षण गर्ने।

### आवधिक प्रतिवेदन तालुक निकायमा पठाउने

निर्धारित अवधिमा वित्तीय प्रतिवेदनहरू सम्बन्धित निकायहरूमा पेश गर्ने।

### खर्च व्यवस्थापनको अनुगमन गर्ने

परियोजनाका विभिन्न खर्च केन्द्रहरूको खर्च व्यवस्थापनको नियमित अनुगमन गर्ने र सुधार आवश्यक परेको क्षेत्रमा आवश्यक निर्देशन दिने।

### लेखा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने

परियोजनामा संलग्न लेखा कर्मचारीहरू तथा सम्पर्क विन्दूहरूको क्षमता विकासका लागि तालिम तथा कार्यशाला आयोजना गर्ने।

### वार्षिक बजेट योजना तर्जुमा

वार्षिक बजेट तयारी प्रक्रियामा आवश्यक परामर्श तथा सहयोग प्रदान गर्ने।

### तोकिएका अन्य कार्यहरू

कार्यालयका प्राथमिकता तथा आवश्यकताअनुसार अन्य वित्तीय प्रशासनसँग सम्बन्धित कार्यहरू सम्पन्न गर्ने।

### प्रदेशस्तरमा प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्क

प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्कले निम्न जिम्मेवारीहरू वहन गर्दछ:

### प्रदेश स्तरमा REDD सम्बन्धी कार्यहरूको समन्वय

- प्रदेशस्तरमा REDD (Reducing Emissions from Deforestation and Forest Degradation) सम्बन्धी योजनाहरूको समन्वय र कार्यान्वयन सुनिश्चित गर्ने।
- सम्बन्धित सरोकारवालाहरू, सरकारी तथा गैरसरकारी निकायहरूबीच सहकार्यलाई मजबुत बनाउने।

### REDD कार्यान्वयन केन्द्रसँग समन्वय गरी स्वीकृत कार्यक्रम कार्यान्वयन

- REDD कार्यान्वयन केन्द्रबाट स्वीकृत योजना, नीति, तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहजीकरण।
- REDD सम्बन्धी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन तयार पार्न सहयोग।

### स्थानीय तह र समुदायहरूसँग समन्वय

- REDD सम्बन्धी गतिविधिहरूमा स्थानीय तह र समुदायको सहभागीता सुनिश्चित गर्ने।
- सामुदायिक वन, उपभोक्ता समूहहरू र सरोकारवाला संस्थाहरूसँग प्रत्यक्ष समन्वय गरी REDD का लक्ष्य प्राप्त गर्ने।
- REDD क्रियाकलापहरूको कार्यान्वयनमा समन्वयको कार्य ।
- REDD अन्तर्गत हुने वृक्षरोपण, वन संरक्षण, तथा कार्बन सञ्चिति वृद्धिका गतिविधिहरूमा समन्वय।
- REDD सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रमहरूको सञ्चालन तथा प्रचार-प्रसार।




चित्र ४ रेड कार्यान्वयन केन्द्रको दरवन्दि संरचना

## १.४ समृद्धिका लागि वन परियोजनाको परिचयात्मक जानकारी

नेपाल सरकार तथा विश्व बैङ्कको संयुक्त प्रयासबाट नेपालको लुम्बिनी प्रदेश तथा मधेश प्रदेशमा दिगो वन व्यवस्थापन तथा साना तथा मझौला वन उद्यमहरूलाई प्रवर्द्धन तथा विकास गर्नका लागि यो परियोजना वन लगानी कार्यक्रम अन्तर्गत तर्जुमा भएको हो । यस परियोजना विश्व बैङ्कको ऋण तथा अनुदानमा नेपाल सरकार तथा विश्व बैङ्कबीच सन् २०२१ मार्च १९ मा सम्झौता भई वन तथा वातावरण मन्त्रालय, कृषि विकास बैङ्क र विश्व बैङ्कले संयुक्त रुपमा कार्यान्वयन भइरहेको परियोजना हो ।

यो परियोजना प्रदेशस्तरमा मधेश तथा लुम्बिनी प्रदेशमा कार्यान्वयनमा रहेको छ। यस परियोजनाको केन्द्रमा परियोजना व्यवस्थापन इकाई, रेड कार्यान्वयन केन्द्रमा रहेको छ भने प्रदेशस्तरमा प्रदेश मन्त्रालय अन्तर्गत प्रदेश वन निर्देशनालयमा परियोजना व्यवस्थापन इकाई रहेका छन् । यसै गरी दुवै प्रदेशका गरी ५० वटा पालिकाहरूको वातावरण तथा विपद् व्यवस्थापनको लागि कार्य गर्ने शाखाले परियोजना समन्वय तथा कार्यान्वयनको लागि कार्य गर्नेछ । यसैगरी कृषि विकास बैङ्कले ऋण परिचालन गर्ने इकाईको रुपमा कार्य गरिरहेको छ ।

यस परियोजनाका लागि विश्व बैङ्कले पहिलो चरणमा २ करोड ४० लाख अमेरीकी डलर करिब ३ अरब नेपाली रुपैयाँ लगानी उपलब्ध गराएको छ । यसमध्ये २५.५ प्रतिशत अनुदान ६१ लाख अमेरीकी डलर तथा ७४.५ प्रतिशत ऋण १ करोड ७९ लाख अमेरीकी डलर सहायता रहेको छ । लगानी गर्दै जाँदा प्रतिफल तथा उपलब्धीको आधारमा थप लगानी हुने सम्भावना रहेकोमा हालै यस परियोजनाको लागि १२ मिलियन अमेरिकी डलर अनुदान थप भएकोमा सो अनुसार परिमार्जित लक्ष्य तथा कार्यक्रमहरू स्वीकृत भएको छ ।

यो परियोजना २०७८ श्रावण १ गते (सन् २०२१ को जुलाई १६ तारिख) देखि सञ्चालनमा आएको छ । यस आयोजनाको अवधि आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३ सम्म रहनेछ । यस परियोजनाको अवधि थप एक बर्ष गरी सन २०२६ सम्म विस्तार भै सकेको छ ।




चित्र नं. ५ समृद्धिको लागि वन कार्यक्रम लागु भएका प्रदेशहरू तथा जिल्लाहरू

## परियोजनाको लक्ष्य तथा उद्देश्य

### लक्ष्य

यस परियोजनाको समग्र लक्ष्य दिगो वन व्यवस्थापन (Sustainable Forest Management-SFM) मा सुधार गर्ने, वनबाट प्राप्त हुने फाइदाहरू वृद्धि गर्ने र नेपालको मधेश प्रदेश र लुम्बिनी प्रदेशस्थित छनौट गरिएका पालिकाहरूभित्र खुद हरित ग्याँस उत्सर्जन न्यूनीकरणमा योगदान गर्ने रहेको छ।

### उद्देश्य

#### १. वनको समग्र उत्पादकत्व वृद्धि

- छोटो र मध्यम अवधिका प्रतिफलहरूलाई प्राथमिकता दिँदै, वन क्षेत्रको दीर्घकालीन उत्पादकत्व सुनिश्चित गर्ने।
- वन व्यवस्थापनमा नवीनतम प्रविधिको प्रयोग, दिगो वन व्यवस्थापन कार्यमा सुधार र जैविक विविधताको संरक्षणमार्फत उत्पादन क्षमता वृद्धि गर्ने।

#### २. साना तथा मझौला उद्यमहरूको विकास र सुधार

- वनमा आधारित उद्यमहरूको आर्थिक सशक्तिकरण, रोजगारी सिर्जना र आर्थिक गतिविधिहरू बढाउन सहयोग गर्ने।
- साना तथा मझौला उद्यमहरूलाई क्षमता अभिवृद्धि, वित्तीय सहायता र बजार पहुँचमा सुधारका लागि नीति निर्माणमा योगदान गर्ने।

### कार्बन उत्सर्जन न्यूनीकरण

- तराई भू-परिधि क्षेत्रभित्र उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत कार्बन उत्सर्जन न्यूनीकरणको लक्ष्यमा योगदान गर्ने।

## परियोजनाको प्रमुख लक्ष्यहरू तथा अपेक्षित उपलब्धि

यस परियोजनाको उद्देश्य पुरा गर्नको लागि निम्न मूख्य लक्ष्य निर्धारण गरिएको छ ।

**तालिका नं १ परियोजनाको प्रमुख लक्ष्य र अपेक्षित उपलब्धि**

| नतिजा सूचकको विवरण | एकाइ | लक्ष्य |
|---|---|---|
| १. लक्षित वन र नजिकका समुदायहरूबाट मौद्रिक वा गैह्रमौद्रिक फाइदा प्राप्त गर्ने जनता | संख्या | १,१०,००० |
| २. हरित ग्यास उत्सर्जन न्यूनीकरण | मिलियन मेट्रिक टन, $CO_2e$ | १७.७६ |

| | | | |
|---|---|---|---|
| ३. | परियोजनाका कार्यान्वयनबाट लाभान्वित सन्तुष्ट वा अति सन्तुष्ट जनताहरू | प्रतिशत | ८०.०० |
| ४. | व्यवस्थापन योजना अन्तर्गत ल्याइएको वनक्षेत्र | हेक्टर | १५,९०० |

## कार्यान्वयन संरचना

परियोजनाको कार्यान्वयनको लागि केन्द्रमा वन तथा वातावरण मन्त्रालयले नेतृत्व लिएको छ । केन्द्रमा वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालय, सम्बन्धित विभागहरू, कृषि विकास बैङ्क, वन उद्यमीको संस्था, समुदायमा आधारित सहयोगी सञ्जालहरू (वन समूह, निजी वन, आदिवासी जनजाति, महिला आदि) सहितको बहुसरोकारवाला परियोजना निर्देशक समिति र प्रदेशमा वन क्षेत्र हेर्ने मन्त्रालयका सचिवको अध्यक्षतामा बहुसरोकारवाला प्रदेशस्तरीय परियोजना निर्देशक समिति रहेको छ ।

## परियोजना व्यवस्थापन इकाईहरू

कार्यक्रम व्यवस्थापनका लागि केन्द्रमा राष्ट्रिय परियोजना निर्देशकको नेतृत्वमा परियोजना व्यवस्थापन इकाई वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रमा रहेको र प्रदेशमा प्रादेशिक परियोजना संयोजकको नेतृत्वमा प्रदेश स्तरीय परियोजना व्यवस्थापन इकाई वन क्षेत्र हेर्ने मन्त्रालय अन्तरगत वन निर्देशनालयले व्यवस्थापन गर्ने व्यवस्था रहेको छ ।

| सङ्घीय तह | प्रदेश तह |
|---|---|
| • रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं, आयोजना व्यवस्थापन इकाई — १ केन्द्र<br>• सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>• कृषि विकास बैङ्क मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं | • प्रदेश आयोजना व्यवस्थापन — २ प्रदेश (मधेश तथा लुम्बिनी) ।<br>• डिभिजन वन कार्यालयहरू २२ वटा ।<br>**स्थानीय तह**<br>• कार्यान्वयन फोकल इकाई ५० वटा पालिकाहरूका वन तथा वातावरण क्षेत्र हेर्ने शाखा |

डिभिजन वन कार्यालयहरू मार्फत दिगो वन व्यवस्थापन सम्बन्धी कार्यहरू सञ्चालन हुने कार्यक्रम प्रदेश परियोजना व्यवस्थापन इकाई मार्फत हुने गरी व्यवस्था गरिएको छ । प्रदेशमा वन क्षेत्र हेर्ने मन्त्रालयहरूमा दुबै प्रदेशमा परियोजना व्यवस्थापन एकाईहरू एक एक गरी दुइ वटा खर्च केन्द्र तथा २० जिल्लाका २२ डिभिजन वन कार्यालयहरू रहेका छन् भने पालिकाहरू ५० वटामा नै खर्च केन्द्र रहेका छन् । कृषि विकास बैङ्कले पनि ऋण परिचालन गर्ने तथा यस ऋणको व्यवस्थापन केन्द्रमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले गर्ने भएकोले औपचारिक रुपमा यी

दुवै निकायहरू पनि खर्च केन्द्रको रुपमा रहेका छन् । ऋण परिचालनको कार्य कृषि विकास वैङ्कका शाखाहरू मार्फत मात्र भैरहेको छ । यसै गरी एलोमेट्रीक समिकरण तयार गर्ने कार्य वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट भैराखेको छ ।

यो परियोजनाको कार्यक्षेत्र खासगरी दिगो वन व्यवस्थापन र उद्यम विकास तथा प्रवर्द्धनको कार्यहरू मधेश प्रदेश र लुम्बिनी प्रदेश भित्रका सम्पूर्ण क्षेत्रमा कार्यान्वयन हुनेछन् भने स्थानीय तह मार्फत कार्यान्वयन हुने कार्यक्रम खासगरी निजी वन विकास तथा व्यवस्थापन र सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापनका कार्यहरू हाललाई मधेस र लुम्बिनी प्रदेशमा २५/२५ वटा स्थानीय तहहरू गरी ५० वटामा काम गर्ने गरी कार्य क्षेत्र रहेको छ ।

**तालिका नं २ सम्वृद्धिको लागि वन कार्यक्रम कार्यान्वयन हुने पालिकाहरू**

| प्रदेश | जिल्लाहरु | स्थानीय तहहरु |
|---|---|---|
| मधेश प्रदेश | सप्तरी | हनुमाननगर कङ्कालिनी, तिरहुत, महादेवा |
| | सिरहा | नवराजपुर, औरही, बरियारपट्टी |
| | धनुषा | जनकपुरधाम, मिथिला बिहारी, लक्ष्मिनीया |
| | महोत्तरी | जलेश्वर, बर्दिबास, एकडारा |
| | सर्लाही | पर्सा, ब्रम्हपुरी, हरिपुर्वा, हरिवन |
| | रौतहट | दुर्गा भगवती, राजदेवी, माधव नारायण |
| | बारा | पचरौता, देवताल, सुवर्ण |
| | पर्सा | बीरगञ्ज, जगरनाथपुर, पटेर्वा सुगौली |
| लुम्बिनी प्रदेश | नवलपरासी पश्चिम | सुनवल, सरावल |
| | रुपन्देही | सैनामैना, कञ्चन, देवदह, लुम्बिनी सांस्कृतिक |
| | पाल्पा | बगनासकाली, तिनाउ, रैनादेवी छहरा |
| | कपिलवस्तु | शिवराज, बुद्धभूमि, बाणगङ्गा |
| | अर्धाखाँची | शितगङ्गा, पाणिनी |
| | प्यूठान<br>रोल्पा | सरुमारानी<br>रुन्टिगढी |
| | दाङ | घोराही, लमही, राप्ती, बंगलाचुली |
| | बाँके | कोहलपुर, बैजनाथ, खजुरा |
| | बर्दिया | बाँसगढी, बढैयाताल |

यो परियोजना सञ्चालनका लागि जिल्लाहरूमा रहेका प्रदेश स्तरका वन क्षेत्रका कार्यालयहरू

डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरू लगायतको भूमिका तथा प्राविधिक सहयोग यस परियोजनाको मुख्य ज्ञान तथा प्रविधिको स्रोत रहेको छ । धेरै प्राविधिक ज्ञानको आबश्यक पर्ने नर्सरी, दिगो वन व्यवस्थापन तथा वृक्षरोपण लगायतका क्रियाकलापहरूको लागि प्राविधिक व्यवस्थापन यी कार्यालयहरूबाट गर्ने प्रावधान रहेको छ ।

त्यसैगरी परियोजना कार्यान्वयनका लागि परियोजना सञ्चालन निर्देशिका २०७९, वृक्षरोपण अनुदान निर्देशिका २०७९ (परिमार्जित), समुदायमा आधारित वन व्यवस्थापन अनुदान निर्देशिका २०७९, वातावरणीय तथा सामाजिक प्रतिवद्धता सम्बन्धी योजना तथा वातावरणीय तथा सामाजिक व्यवस्थापनको खाका, आदि प्रमुख दस्तावेजहरू रहेका छन् । त्यसैगरी समुदायमा आधारित वन व्यवस्थापन समूहहरू, निजी कृषकहरू तथा वन पैदावरमा आधारित उद्यमीहरूलाई ऋण परिचालन मार्फत वनको दिगो वन व्यवस्थापन योजना कार्यान्वयन, निजी तथा सार्वजनिक जग्गामा वन विकास, तथा वन पैदावरमा आधारित उद्यम विकास तथा प्रवर्द्धनका कार्यहरू हुने गरी व्यवस्था गरीएको छ ।

## परियोजनाका प्रमुख क्रियाकलापहरू तथा संभागहरू

यस परियोजनाको दस्तावेज बमोजिम ४ वटा संभागहरू रहेका छन् ।

### संभाग १. दिगो वन व्यवस्थापनका लागि नयाँ सरकारी संरचना र प्रक्रियाहरूको लागि नीति र क्षमता विकास

### संभाग २. समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा साना किसानका लागि वृक्षरोपण

क. दिगो वन व्यवस्थापन

ख. समुदायका विपन्न समुदायहरूलाई वनक्षेत्र विनियोजन तथा सहायता

ग. साना किसानका लागि निजी वृक्षरोपण

घ. सार्वजनिक जग्गाहरूमा वृक्षरोपण तथा कृषि वन विकास

### संभाग ३. वन उद्यमहरूको सुधार तथा विकास

क. वनमा आधारित निजीक्षेत्रका लागि अनुकूल वातावरण तयार गर्ने कार्यक्रमहरू

ख. वनमा आधारित साना तथा मझौला उद्यमहरू स्थापना तथा सुधारका लागि ऋण प्रवाहको डिजाइन तथा परीक्षण

संभाग ३ अन्तरगत सञ्चालित कार्यक्रम वन उद्यमको सुधार तथा विकासको लागि विशेष कार्यक्रमको रुपमा रहेको छ । कृषि विकास बैङ्क मार्फत छनौट भएको वित्तीय संस्था वा आफैले वन उद्यमहरूलाई माग बमोजिम परियोजनाको उद्देश्य पुरा हुने गरी सहुलियत व्याजदरमा ऋण प्रवाह गर्ने व्यवस्था रहेको छ । यस क्रममा पहिलो चरणमा ६० लाख अमेरीकी डलर (नेपाली

मुद्रा रु करिब ७० करोड) पूँजी परिचालन गर्ने कार्यक्रम रहेको थियो भने परियोजना परिमार्जनको सिलसिलामा यो रकम १७.९ मिलियन अमेरिकी डलर बराबरको रकम कृषि विकास बैङ्क मार्फत ऋण परिचालन गर्ने कार्यक्रम रहेको छ ।

यो परियोजना नितान्त नयाँ सोचका साथ सञ्चालन भैरहेको हुँदा यसको सफलता संघीय संरचना पश्चातको संरचनाको सफलतासँग जोडिएकोले सबै क्षेत्र तथा सरोकारवालाहरूको समन्वय तथा सहकार्य अति अपरिहार्य रहेको छ। सिकाइ नै सफलताको लागि सुधार गर्ने मूल आधार भएकोले सबै पक्षहरूको सद्भाव तथा शुभेच्छा सहित परियोजना सफल गराउन प्रत्यक्ष अप्रत्यक्ष योगदान गर्ने तथा यस परियोजनाको तयारी चरणमा सबै सरोकारवालाहरूले गरेको गहन योगदानको सदैब कदर गर्दछ ।

### संभाग ४. परियोजनाको सुशासन, अनुगमन तथा सिकाई

यस कार्यक्रम अन्तरगत व्यवस्थापन खर्चहरू अनुगमन एवं आवधिक मूल्याङ्कनहरू रहेका छन् ।

## १.५ आदिवासी जनजाति र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (Dedicated Grant Mechanism –DGM)

नेपालमा आदिवासी जनजाती र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र, डीजीएम नेपाल परियोजना जलवायु लगानी कोष (Climate Investment Fund- CIF) र विश्व बैंकले सन् २०१० मा सुरु गरेको विश्वव्यापी पहलको एक हिस्सा हो।

डीजीएम नेपालले आदिवासी जनजाति र स्थानीय समुदायहरूलाई समृद्धिका लागि वन (FFP), रेडप्लस/ REDD+ (वन विनास र वन क्षयबाट उत्सर्जन घटाउने) र यस्तै अन्य जलवायु परिवर्तन उन्मुख कार्यक्रमहरूमा क्षमता विकास गरेर आफ्नो संलग्नतालाई सुदृढ पार्दै साथसाथै जीविकोपार्जन, भूमि प्रयोग, सुधार, वन व्यवस्थापन गर्ने प्रथाजनित अभ्यासको अधिकार सुनिश्चित्ता गर्ने र मधेश र लुम्बिनी प्रदेशका वनमा निर्भर समुदायको आम्दानी बढाएर आफ्नो क्षेत्रमा दिगो वन व्यवस्थापन गर्न पूर्ण र प्रभावकारी प्रवर्द्धन गर्दछ ।

डीजीएम नेपालले वन विनास र वन क्षयीकरणबाट हुने हरितगृह ग्याँस उत्सर्जन कम गर्न र दिगो वन व्यवस्थापन गर्नका लागि सञ्चालित रेडप्लस कार्यक्रममा आदिवासी जनजाति र स्थानीय समुदायहरूको विशेष गरी स्थानीय स्तरमा वन-निर्भर आदिवासी जनजाती र स्थानीय समुदायका व्यक्ति र प्रतिनिधि संस्थाहरूको संस्थागत र प्राविधिक क्षमताहरूलाई समर्थन गर्नमा केन्द्रित छ र विशेष गरी आदिवासी जनजाती र स्थानीय समुदायका लागि जीविकोपार्जन र हरित रोजगारीहरू सुधार गर्दछ ।

### DGM नेपाल परियोजना विशेष गरीः

- सामुदायिक वन उपोभोक्ता समूह (CFUGs) लगायत स्थानीय स्तरमा विशेष गरी वनमा निर्भर आदिवासी जनजाती र स्थानीय समुदायका व्यक्ति र प्रतिनिधि संस्थाहरूको आवाज, सुशासन र संस्थागत क्षमतालाई सुदृढ गर्ने;

- वनको उपयोग र व्यवस्थापन अधिकारहरू र वन सम्बन्धी गतिविधिहरूबाट आदिवासी जनता (I.P.) र स्थानीय समूदाय (L.C.)हरूका लागि सुधारिएको जीविकोपार्जन र हरित रोजगारीहरू सहित परम्परागत शासन प्रणालीहरू पहिचान गर्न स्थापित प्रक्रियाहरू सुदृढ गर्नको लागि सीपहरू र उनीहरूको क्षमताको विकास सहित सकारात्मक प्रभावहरू बढाउने;
- स्थानीय स्तरका संस्थाहरू (विशेष गरी सामुदायिक वन समूहहरू), स्थानीय सरकारहरू, युवाहरू र अग्रपंक्तिमा रहेका वन कामदारहरू र गैरसरकारी संस्थाहरू सेवा प्रदायकहरूसँग आदिवासी जनजाती र स्थानीय समुदाय बीचको कार्य सम्बन्धलाई सुदृढ गर्ने; र
- समृद्धिका लागि वन परियोजना (FFP), Emission Reduction Program (ER-P) र Enhancing Access to Benefit while Lowering Emissions (En-ABLE)सँग समन्वय गरी आयोजनाका गतिविधिहरू एक-अर्काको पूरक र पारस्परिक रूपमा वृद्धि गर्ने कुरा सुनिश्चित गर्न;
- वन-आश्रित I.P. र L.C. (Indigenous People and Local Communities)हरूलाई उनीहरूको क्षमता वृद्धि गरेर र साना-साना व्यवसायहरू (वन र गैर-वन आधारित) र रोजगारीका अवसरहरू प्रदान गरेर प्रत्यक्ष रूपमा लाभ पुर्‍याउने भएकोले, परियोजनाले प्रत्यक्ष रूपमा ग्रिड एजेन्डामा योगदान गर्नेछ।

यो कार्यक्रमको सञ्चालन छुट्टै निकायबाट हुने व्यवस्था रहेको छ । यसको लागि ग्रामिण पुनर्स्थापना संस्था Rural Reconstruction Nepal (RRN) ले कार्यान्वयन सहयोगी संस्थाको रुपमा कार्य गरिराखेको छ । यो कार्यक्रम समेत विश्व बैंकबाट अनुदानमा सञ्चालित कार्यक्रम हो र यो क्रियाकलाप समृद्धिको लागि वन कार्यक्रम कार्यान्वयन हुने लुम्बिनी र मधेश प्रदेशका ५० वटा पालिकाहरूमा केन्द्रित भै कार्यान्वयन हुनेछ । यो कार्यक्रमबाट स्थानीय समुदाय र आदावासी जनाजातिहरूको वन उद्यममा सहभागीता बढाउन उद्यम सञ्चालनका लागि अनुदान रकम उपलव्ध गराउने र क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन भईरहेकोछ ।

## १.६ Lowering Emissions by Accelerating Forest Finance (LEAF) Coalition सम्बन्धी जानकारी

लिफ कोलिसन नर्बे, बेलायत, अमेरिका र दक्षिण कोरिया सहित चार मुलुक र २० भन्दा बढी प्रमुख निजी क्षेत्रहरूको साझेदारिता हो । यो सन २०३० सम्ममा पृथ्विको उष्ण क्षेत्रमा वन विनास र वन क्षयीकरणको प्रक्रियालाई उल्लेख्य रुपमा कम गर्नको लागि सार्वजनिक र निजी क्षेत्रको साझेदारितामा आधारित एउटा फरक किसिमको साझेदारी गठबन्धन हो । वन संरक्षण गर्ने देशका सरकारहरू, दातृ संस्था, प्रमुख निजी क्षेत्र, आदिवासी जनजाती, स्थानीय जनता र नागरिक समाज सबैसँग हातेमालो गर्दै अघि वढ्ने यस साझेदारिताको रणनीति छ । लिफ साझेदारिताको प्रमुख उद्देश्य भनेको उष्ण वनको संरक्षण र विकासको लागि ठूलो मात्रामा वन जन्य लगानी सुनिश्चित गर्नु हो । वन संरक्षण गर्ने देशहरूले लिफ मार्फत आफुले गरेको उत्सर्जन कटौतिको क्रेडिट उपलव्ध गराउन प्रस्ताव पेश गर्न सक्दछन् । यस कार्यक्रम अन्तर्गत हालसम्म

२५ भन्दा बढी मुलुकका सरकारहरूले प्रस्ताव पेश गरिसकेका छन् भने ३ वटा राष्ट्रहरूले Emergentसँग खरिद सम्भफौता गरीसकेका छन् ।




चित्र नं. ६ लिफ कार्यक्रम लागु भएका प्रदेशहरू

## नेपालमा लिफ गतिविधि

नेपालमा सन् २०२१ देखि रेड कार्यान्वयन केन्द्रको सहजीकरणमा लिफ गतिविधिहरू सुरु भैरहेको छ । नेपालले सन् २०२१ मा लिफ कोलिसनमा कार्बन व्यापारको लागि प्रस्ताव तयारी गरी पेश गरेको र उक्त प्रस्ताव मूल्याङ्कन गरी लिफ कोलिसनको तर्फबाट प्रारम्भिक चरणमा उक्त प्रस्ताव छनौट भैसकेको छ । लिफ र लिफमा सहभागी साझेदार बिचको प्रशासनिक समन्वयकर्ताको रुपमा EMERGENT भन्ने संस्थाले काम गरी रहेको छ । यसरी सन् २०२१ मै नेपाल सरकार र EMERGENT बीचमा आशयपत्र (Letter of Intent) मा हस्ताक्षर भैसकेको छ । उक्त आशयपत्र अनुसार नेपालको गण्डकी, लुम्बिनी र बागमती प्रदेशलाई कार्यक्षेत्रको रुपमा लिईएको छ र यसको समयावधि २०२२ देखि २०२६ सम्म हुनेछ । आशयपत्रमा हस्ताक्षर भैसके पश्चात अहिले उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौताको लागि नेपाल सरकार र लिफ कोलिसन बीच बारम्बार वार्ताको क्रममा रहेको छ । यसै क्रियाकलापसँग सम्बन्धित रही रेड कार्यान्वयन केन्द्रले UN REDD को आर्थिक सहयोगमा प्रदेश र क्लस्टर स्तरमा जानकारीमूलक अन्तरक्रिया गोष्ठीहरू सञ्चालन गर्ने कामहरू समेत गरेको छ । यसरी प्रदेश स्तरमा हेटौडा, पोखरा र बुटवलमा ३ वटा

गोष्ठीहरू सञ्चालन गरिएका छन् भने क्लस्टर स्तरमा लिफ सम्बन्धित ३ वटा प्रदेशका विभिन्न ९ स्थानमा जानकारीमूलक गोष्ठीहरू सञ्चालन गरिएका छन् ।

नेपालमा लिफ कोलिसनसँग सम्वन्धित भैरहेका क्रियाकलापहरू सम्वन्धमा साझेदार संघ संस्थाहरूलाई जानकारी गराउने उद्देश्यले रेड कार्यान्वयन केन्द्र र EMERGENT को साझेदारीमा September, २०२३ मा LEAF Information Sharing Event आयोजना गरिएको थियो ।

EMERGENT सँग सम्झौता तयारी तथा उत्सर्जन न्यूनीकरणबाट हुने कारोबारको लागि निम्न कार्यहरू भएका छन् ।

१. रेड वातावरणीय उत्कृष्ट मापदणड (The REDD Environment Excellence Standard-TREES) रजिस्ट्रेशन दस्तावेज (TREES Registration Document-TRD) तयारी गरी Architect for REDD Transaction-ART मा दर्ताका लागि पेश भएको ।
२. लिफ (LEAF) कार्यक्रमको बारेमा आदिवासी जनजाती तथा स्थानीय समुदाय, सरकारी निकाय र सरोकारवालाहरूसँग जानकारी प्रदान, छलफल र पूर्व सुसूचित सहमती भएको ।
३. लाभांस वितरण योजनाको दस्तावेज निर्माण गरी छलफलको प्रक्रियामा रहेको ।
४. गुनासो सुन्ने संयन्त्रको दस्तावेजको निर्माण भै छलफलको प्रक्रियामा रहेको ।
५. सारांस प्रतिवेदन (Summary of Information on Safeguards) मस्यौदा तयारी भएको ।
६. सन् २०२२ र २०२३ मा भएको कार्बन उत्सर्जन कटौतिको मूल्यांकन गर्ने काम भैरहेको ।

## वन संरक्षण गर्ने राष्ट्रहरूले पुरा गर्नुपर्ने लिफ सम्बन्धी मापदण्डहरू

लिफ साझेदारितामा सहभागी हुनको लागि नेपाल जस्ता वन संरक्षण गर्ने राष्ट्रहरूले निम्न बमोजिमका शर्तहरू पुरा गरेको हुनु पर्नेछ ।

१. पाँच वर्षमा कम्तिमा पाँच लाख टन कार्बनडाईअक्साइड बरावर उत्सर्जन घटाउनु पर्नेछ ।
२. रेडप्लस कारोवार संरचनाले जारी गरेको रेडको वातावरणीय उत्कृष्ट मापदण्डको परिमाणात्मक योग्यता पुरा गरेको हुनुपर्नेछ । जस अनुसार प्रादेशिक तहका लागि कम्तिमा २५ लाख हेक्टर क्षेत्रमा वन संरक्षित हुनुपर्नेछ भने सङ्घीय सरकारका लागि परिमाणात्मक मापदण्ड तोकिएको छैन ।
३. कार्बन सञ्चितिमा वृद्धि हुनुपर्नेछ, वन विनास र वन क्षयीकरण कम हुनुपर्नेछ र घना वन कायम राख्नुपर्नेछ ।
४. सरकारले निर्धारण गरेको समग्र राष्ट्रिय निर्धारित लक्ष्यमा वन क्षेत्र समावेश भएको हुनुपर्नेछ ।
५. रेडको वातावरणीय उत्कृष्ट मापदण्डसँग मिल्दोजुल्दो राष्ट्रिय वन अनुगमन प्रणाली विकास गरेको हुनुपर्नेछ ।
६. अधिकारहरूको सम्मान र सम्बोधनका लागि सेफगार्ड सूचना प्रणाली विकास गरिएको हुनुपर्नेछ ।
७. जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघको कार्ययोजना महासन्धीमा प्रस्तुत प्रतिवेदनसँग मिल्ने गरी सङ्घीय सरकारको हकमा सूचनाको सारांश र प्रादेशिक सरकारको हकमा सेफगार्ड प्रतिवेदन पेश भएको हुनुपर्नेछ ।

# भाग- २

## सम्पन्न क्रियाकलापहरूको विवरण

### २.१ रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम

### १. रेड फोकल पर्सन तथा सरोकारवालाहरूको रेड कार्यान्वयन तालिम

वन तथा वातावरण मन्त्रालय अन्तर्गतका विभिन्न विभाग तथा केन्द्रहरूका रेड फोकल पर्सनहरू, सातै वटा प्रदेश स्थित वन निर्देशनालय तथा डिभिजन वन कार्यालय का रेड फोकल पर्सनहरू तथा रेडप्लससँग सम्वन्धित सरकारी निकायका कर्मचारीहरू तथा रेडसँग सम्वन्धित सरोकारवाला संघ संस्थाका फोकल पर्सनहरूलाई रेडप्लस कार्यक्रमको बारेमा जानकारी गराउने तथा रेड कार्यान्वयनको क्षेत्रका नयाँ नौला विषयवस्तुहरूका बारेमा अपडेट सहितको जानकारी प्रदान गरी रेड फोकल पर्सन तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने अभिप्रायले यो कार्यक्रम आवश्यक परेको हो । यस कार्यक्रम अन्तर्गत २०८० सालको भाद्र महिनामा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको तालिम हल बबरमहलमा रेड फोकल पर्सनको समन्वयमा तालिम आयोजना गरिएको थियो । यस कार्यक्रममा वन तथा वातावरण मन्त्रालय अन्तर्गतका सवै विभाग तथा केन्द्रहरू तथा सात वटै प्रदेश वन निर्देशनालयबाट सहभागीहरू आमन्त्रण गरिएको थियो । त्यसै गरी २०८० सालको फाल्गुण महिनामा होटल फ्लोरा हस्पिटालिटि धनगढीमा रेड फोकल पर्सन तथा सरोकारवालाहरूलाई रेड कार्यान्वयन तालिम आयोजना गरिएको थियो । यस कार्यक्रममा सुदूर पश्चिम प्रदेश अन्तर्गतको वन तथा वातावरण हेर्ने मन्त्रालय, वन निर्देशनालय, विभिन्न डिभिजन वन कार्यालयहरू तथा सव डिभिजन वन कार्यालयहरू तथा सरोकारवाला निकायका प्रतिनिधिहरूलाई आमन्त्रण गरिएको थियो । यसै कार्यक्रम अन्तर्गत २०८० सालको चैत्र महिनामा रेड कार्यान्वयन तालिमको रुपमा रेड कार्यान्वयन केन्द्रले तयार गरेको MRV Report को Validation and Verification सम्बन्धी काममा सहजीकरण हुने गरी बिश्व बैंकले कार्बन खरिद गर्न नेपाल सरकारसँग गरेको सम्झौतासँग सम्बन्धित तराईका १३ जिल्ला स्थित विभिन्न स्थानमा ९ वटा सहजीकरण तालिमहरू आयोजना गरिएको थियो । रेड फोकल पर्सन तथा सरोकारवालाहरूको रेड कार्यान्वयन तालिमहरू ७ वटा सञ्चालन गर्नको लागि १४,००,०००/- बजेट व्यवस्था रहेकोमा कार्यक्रमहरू सञ्चालन गर्दा कुल १२,३०,०००/- खर्च हुन गएको छ । तालिम गोष्ठीमा सहभागीता सम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा दिईएको छ ।

### २. NFIS/SIS सम्बन्धी पुनर्ताजगी –अभिमुखिकरण तालिम

देशभरिको वन सम्बन्धी सूचनाहरू सरल र सहज ढङ्गले कम्प्युटर प्रणालीमा प्राप्त गर्न सकियोस र यस बाट कार्बन व्यापारको लागि विश्वसनियता बढ्ने तथा वन कार्बन मापनको लागि भरपर्दो तथ्याङ्कहरू प्राप्त हुन साथै वनसँग सम्बन्धित सवै निकायहरू तथा सर्वसाधारण समेतले सरल र

सहज ढङ्गले वन सम्बन्धी सूचनाहरू प्रयोग गर्न सकियोस भन्ने उद्देश्यले रेड कार्यान्वयन केन्द्रद्वारा राष्ट्रिय वन सूचना प्रणाली सञ्चालन गरिएको छ । यसै गरी रेड कार्यान्वयनबाट पर्ने नकारात्मक प्रभावहरूबाट सरोकारवालाहरूलाई सुरक्षित राख्न सहयोग पुगोस भन्ने उद्देश्यले ईन्टरनेटमा आधारित सेफगार्ड सूचना प्रणाली समेत सञ्चालनमा ल्याईएको छ । यसरी सञ्चालित राष्ट्रिय वन तथ्याङ्क प्रणाली तथा सेफगार्ड सूचना प्रणालीमा तथ्याङ्कहरू प्रविष्ट गर्ने तथा सूचनाहरू प्राप्त गर्ने सम्वन्धमा नयाँलाई अभिमुखिकरण तथा पहिले तालिम प्राप्तलाई पुनर्ताजगी होस भन्ने उद्देश्यले यस प्रकारको तालिम आवश्यकता परेको हो । आ.व. २०८०।८१ मा यस प्रकारका तालिमहरू ३ वटा सञ्चालन गर्नको लागि रु १५,००,०००/- बजेट व्यवस्था भएकोमा विभिन्न ३ स्थानमा तालिमहरू सञ्चालन गरिएको र उक्त कार्यक्रमहरूको लागि रु १४,४९,०००/- खर्च हुन गएको छ । NFIS/SIS सम्बन्धी पुनर्ताजगी -अभिमुखिकरण तालिमका सहभागीहरूको विवरण निम्न वमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका नं ३ NFIS/SIS पुनर्ताजगी-अभिमुखिकरण तालिम सम्बन्धी विवरण**

| सि.नं. | कार्यक्रम स्थल | कार्यक्रम मिति | सहभागी | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | कोहलपुर | २०८० फाल्गुण २३ र २४ गते | ३ | २४ | २७ | |
| २ | रुपन्देही | २०८० फाल्गुण २९ र ३० गते | २ | १६ | १८ | |
| ३ | चितवन | २०८० फाल्गुण १६ र १७ गते | ४ | २१ | २५ | |
| जम्मा | | | ९ | ६१ | ७० | |

## ३. वार्षिक प्रगती समिक्षा गोष्ठी

रेड कार्यान्वयन केन्द्रद्वारा के कस्ता क्रियाकलापहरू अघिल्लो आर्थिक सञ्चालन भए र ति क्रियाकलापहरू कार्यान्वयन गर्दा के कस्ता अवसर तथा चुनौतिहरू सृजना भए भन्ने विषयमा वन तथा वातावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र र समृद्धिको लागि वन कार्यक्रम लागु भएका प्रदेश वन निर्देशनालयहरूको सहभागीतामा धुलिखेलमा २०८० साल भाद्र २५ र २६ गते वार्षिक प्रगति समिक्षा गोष्ठी आयोजना गरिएको थियो । यस गोष्ठीको लागि रु २,००,०००/- बजेट व्यवस्था रहेकोमा कार्यक्रम सम्पन्न गर्दा सत प्रतिशत बजेट खर्च हुन पुगेको थियो ।

## ४. रेडप्लस सम्बन्धी सरोकारवालाहरूसँग अन्तर्क्रिया, छलफल, गोष्ठी

रेडप्लससँग सम्बन्धित सरकारी निकायका कर्मचारीहरू तथा सरोकारवाला संघ संस्थाका रेडप्लस फोकल व्यक्तिहरूलाई रेडप्लस तथा कार्बन व्यापार सम्वन्धमा भए गरेका कार्यक्रम तथा क्रियाकलापको बारेमा जानकारी गराउँदै रेडप्लस तथा कार्बन व्यापारको क्षेत्रमा भैरहेको तथ्यहरू अध्यावधिक गराउँने तथा नयाँ उपलब्धीहरूको बारेमा जानकारी प्रदान गरी क्षमता अभिवृद्धि गर्ने

साथै रेडप्लस कार्यक्रमले पारेका प्रभाव सम्वन्धमा अन्तरक्रिया गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रम आयोजना गरिएको हो ।सरोकारवाला संस्थाका प्रतिनिधिहरूलाई रेडप्लस कार्यक्रम तथा कार्बन व्यापारको बारेमा जानकारी गराउने, कार्यक्रम कार्यान्वयनमा सरोकारवाला संस्थालाई सहभागी गराई अपनत्व बढाउँदै रेडप्लस कार्यक्रमको प्रभावकारिता बढाउन तथा रेडप्लस कार्यक्रमलाई समन्वयात्मक ढङ्गले अघि बढाउन यस प्रकारको कार्यक्रमले ठूलो महत्व राख्दछ।यस प्रकारको कार्यक्रमहरू ३ वटा सञ्चालन गर्नको लागि आ.व. २०८०।८१ मा रु ९,००,०००/- बजेट व्यवस्था भएकोमा लुम्बिनी प्रदेश अन्तर्गतमा प्रदेश तथा स्थानीय तहको समन्वय गोष्ठी २ वटा मात्र सञ्चालन गरिएको र उक्त २ वटा गोष्ठी सञ्चालन गर्दा कुल रु ७,३७,०००/- खर्च हुन गएको छ । रेडप्लससँग सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरक्रिया, छलफल र गोष्ठीका सहभागीहरू सम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा प्रस्तुत गरिएको छ ।

### ५. राष्ट्रिय रेड समन्वय समितिको बैठक तथा गोष्ठी

रेडप्लससँग सम्बन्धित सरकारी निकायका प्राविधिक कर्मचारीहरू तथा सरोकारवाला संघ संस्थाका रेडप्लस फोकल व्यक्तिहरूलाई रेडप्लस कार्यक्रमको बारेमा जानकारी गराउँदै रेडप्लस कार्यमा भैरहेको तथ्यहरू अध्यावधिक गराउँने तथा नयाँ उपलब्धीहरूको बारेमा जानकारी प्रदान गरी क्षमता अभिवृद्धि गर्ने साथै रेडप्लस कार्यक्रमले पारेका प्रभाव सम्वन्धमा अन्तरक्रिया गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रम आयोजना गरिएको हो ।सरोकारवाला संस्थाका प्रतिनिधिहरूलाई रेडप्लस कार्यक्रमको बारेमा जानकारी गराउने, कार्यक्रम कार्यान्वयनमा सरोकारवाला संस्थालाई सहभागी गराई अपनत्व बढाउँदै रेडप्लस कार्यक्रमको प्रभावकारिता बढाउन तथा रेडप्लस कार्यक्रमलाई समन्वयात्मक ढङ्गले अघि बढाउन यस प्रकारको कार्यक्रमले ठुलो महत्व राख्दछ।यस प्रकारको कार्यक्रमहरू ८ वटा सञ्चालन गर्नको लागि आ.व. २०७९।८० मा रु ४०,००,०००/- बजेट व्यवस्था भएकोमा ११ वटा कार्यक्रम सञ्चालन गरिएको र सो को लागि कुल ३४,५०,०००/- खर्च हुन गएको छ । रेडप्लससँग सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरक्रिया, छलफल र गोष्ठीका सहभागीहरू सम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा प्रस्तुत गरिएको छ ।

## २.२ समृद्धिको लागि वन कार्यक्रम

### क. समृद्धिका लागि वन कार्यक्रमको प्रगति प्रतिवेदन

समृद्धिका लागि वन परियोजनाको सुरुवात २०७८ साल श्रावण १ गते भएको थियो र यसलाई २०८३ साल असारसम्मका लागि विश्व बैंकको वित्तीय सहयोगमा सञ्चालन गरिँदैछ। यस परियोजनाले वन व्यवस्थापनका लागि नयाँ सरकारी संरचना तथा प्रक्रियामा नीतिगत र क्षमता विकास सहयोग, सामुदायमा आधारित वन वन व्यवस्थापन र निजी तथा सार्वजनिक जग्गामा साना किसानहरूको लागि वृक्षरोपण कार्यमा सहयोग तथा प्रवर्धन, वन उद्यमको सुधार तथा विकास र परियोजना सुशासन तथा अनुगमन कार्यहरू समेटेको छ।

हालसम्मको मुख्य उपलब्धिहरूमा ३०७ वटा समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको विधान तथा कार्ययोजना नवीकरण भएको छ । यस कार्यक्रमबाट ३,३१,००० भन्दा बढी प्रत्यक्ष लाभार्थीहरू रहेको एवम् निजी र सार्वजनिक जमिनमा वृक्षरोपणको अभिवृद्धि भएको छ ।

यस क्रममा परियोजनामा आएको प्रमुख चुनौतीहरूमा स्थानीय तहहरूबाट यस कार्यक्रमको बजेट परिचालनमा कम प्राथमिकता दिएको पाइन्छ भने केही स्थानीय तहहरूमा उद्देश्य बमोजिमको क्रियाकलापहरूको कार्यान्वयनको लागि वन प्राविधिकहरूको भर्ना पनि पछि भएको कारणबाट प्रगति हुन नसकेको देखिन्छ । यसै गरी सार्वजनिक जग्गाहरूको उपलब्धता केही स्थानीय तहहरूमा मात्र भएकोले यसको लक्ष्य पुरा हुने देखिदैन ।

वन उद्यमको सुधार तथा विकास संभाग अन्तरगत कृषि विकास वैङ्क मार्फत परिचालन हुने ऋणहरूको प्रवाह अपेक्षित हुन सकेको छैन । ज्यादै न्यून मात्रामा ऋणको प्रवाह भएको छ । त्यो पनि उद्यमको सुधार भन्दा पनि चालु रहेका उद्यमहरूले परिचालनको लागि लिएको देखिन्छ । यसको कारण व्यवसायीहरूको भनाइ अनुसार उच्च ब्याजदर भएको र बजारमा यसको व्याजदर भन्दा कम व्याज दरमा अन्य वैङ्कहरूले ऋण प्रवाह गरेको बताँउदछन् ।

### तालिका नं ४ आ.व. ०८०।०८१ को चौथो त्रैमासिक तथा बार्षिक प्रगतिको सारांस

| | विनियोजित बजेट (रु. लाखमा) | | | खर्च (रु. लाखमा) | | | वित्तीय प्रगति प्रतिशत | | | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | |
| चौथो त्रैमासिक | ७८.८६ | - | ७८.८६ | १७९.८७ | - | १७९.८७ | ८३.६० | - | १०० | १०० |
| वार्षिक | ५४२ | - | ५४२ | ३६१.२६ | - | ३६१.२६ | ६६.६५ | - | ६६.६५ | ९५ |

माथिको विवरण अनुसार चौथो त्रैमासिक अवधिमा चालु खर्चको लागि रु. ७८.८६ हजार विनियोजन गरिएकोमा रु. १७९.८७ हजार खर्च भएको छ, जसले आर्थिक प्रगतिमा ८३.६० प्रतिशत र भौतिक प्रगतिमा १०० प्रतिशत प्रगति देखाएको छ। किनकी पहिलेको त्रैमासिक अवधिको बजेटको खर्च पनि यस त्रैमासिकमा गरिएको हुनाले विनियोजित बजेट भन्दा खर्च बढी देखिएको छ । यसै गरी वार्षिक प्रगितमा चालु खर्चको लागि रु. ५४२ हजार विनियोजन गरिएकोमा रु. ३६१.२६ हजार खर्च भएको छ, जसमा आर्थिक प्रगति ६६.६५ प्रतिशत र भौतिक प्रगति ९५ प्रतिशत रहेको छ। वार्षिक रूपमा हेर्दा, विनियोजित रकमको तुलनामा खर्च केही कम भएको छ, जसले गर्दा आर्थिक प्रगति प्रतिशत ६६.६५ मात्र देखिन्छ। भौतिक प्रगति भने ९५ प्रतिशत देखिएकाले कार्यहरू अधिकतर सम्पन्न भएका छन्, यद्यपि आर्थिक स्रोतहरूको प्रभावकारी

उपयोगमा केही चुनौतीहरू देखिन्छन्।यस सत्रमा सम्पादित मुख्य क्रियाकलापहरू मध्ये निम्न बमोजिम मूख्य कार्यहरू भएका थिए ।

क) वन पैदावारमा आधारित उद्यम प्रबर्धनको लागि उद्यम, उद्यमी, विज्ञ, विकास कर्ता संघसंस्थाहरूसँग अन्तरक्रिया,

ख) संघ, प्रदेश र स्थानीय तहहरूसँग समन्वय गोष्ठी तथा बैठकहरू,

ग) वन क्षेत्रमा सुशासन सम्बन्धी अन्तरक्रिया तथा गोष्ठीहरू |

## ख. समृद्धिका लागि वन परियोजना अन्तर्गत सञ्चालित क्रियाकलापहरू

यस प्रतिवेदनले रेड कार्यान्वयन केन्द्र अन्तर्गत "समृद्धिका लागि वन परियोजना" (FFPP) अन्तर्गत २०८०/०८१ मा सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको प्रगतिलाई समेटेको छ। परियोजनाका गतिविधिहरूले वन क्षेत्रको सुशासन सुदृढीकरण, वन संरक्षण, उद्यम विकास तथा सुधार, जलवायु अनुकूलन र सामुदायिक सहभागीता प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्‍याएका छन् । यस कार्यक्रमले सङ्घीयता कार्यान्वयनको लागी सबै तहमा वन क्षेत्रको कार्यक्रमलाई समन्वय गर्ने गराउने कार्य गरेको छ ।

### १. आयोजनाको भौतिक संरचना मर्मत तथा सुधार

यस कार्यक्रम अन्तर्गत समृद्धिको लागि वन कार्यक्रमको सङ्घीय परियोजना व्यवस्थापन ईकाइको ट्वाईलेट मर्मत, उप सचिवको कार्यकक्ष मर्मत, खानेपानीको मोटर खरिद तथा Sewerage Management System को मर्मत तथा सुधारका कामहरू गरिएका छन् ।आयोजनाको भौतिक संरचना मर्मत तथा सुधारको लागि कुल रु १०,००,०००/- बजेट व्यवस्था भएकोमा माथि उल्लिखित सवै कामहरू सम्पन्न गर्दा जम्मा ५,८६,०००/- खर्च हुन गएको छ ।

### २. परामर्शदाताको नियुक्ति

समृद्धिको लागि वन कार्यक्रम तर्फका क्रियाकलापहरू सञ्चालनको लागि विशिष्ट किसिमका काम तथा विषयगत विज्ञता आवश्यकता पर्ने कामहरू कार्यालयका कर्मचारीले मात्र गर्न सम्भव नभएकोले विज्ञहरू मार्फत गर्नुपर्ने कामहरूको लागि आ.व. ०८०।८१ मा विभिन्न विषयमा विषयगत विज्ञहरू नियुक्त गर्ने काम गरिएको थियो । यस कार्यक्रम अन्तर्गत आ.व. २०८०।८१ मा आर्थिक परामर्शदाता, वन तथा उद्यम परामर्शदाता, सामाजिक सेफगार्ड तथा जेण्डर परामर्शदाता, वातावरणीय सेफगार्ड परामर्शदाता, अनुगमन तथा मूल्याङ्कन विज्ञ, खरिद विज्ञ, वन प्राविधिक, डेस्क अधिकृत, Lead IT Trainer र IT Trainer गरी १० जना विज्ञहरू नियुक्त गरिएको थियो । यसरी विभिन्न दश जना विज्ञहरू नियुक्ति गर्नको लागि चारवटा शिर्षकमा कुल रु २,२०,००,०००/- बजेट व्यवस्था भएकोमा आ.व. ०८०।८१ मा उपरोक्त बमोजिमका विज्ञहरूको सेवा खरिदमा रु ९९,५२,९६४। र व्यवस्थापन तथा विविध खर्चमा रु ६,१५,०३६/- गरी कुल १,०५,६८,०००/-

खर्च हुन गएको छ । विज्ञहरूको खर्च सम्बन्धी विस्तृत विवरण निम्न वमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ४ परामर्शदाताको खर्चको विस्तृत विवरण**

| बजेट क्र.सं. | परामर्शदाता | स्वीकृत बजेट | वास्तविक खर्च | कैफियत |
|---|---|---|---|---|
| २.५.२.१ र २.५.२.५४ | वरिष्ठ वित्तिय व्यवस्थापन विज्ञ | १,९०,००,००० | १०,०६,८३० | |
| | वरिष्ठ अनुगमन तथा मूल्याङ्कन विज्ञ | | २१,६९,३३५ | |
| | वरिष्ठ खरिद विज्ञ | | ११,०७,५१३ | |
| | वरिष्ठ वन तथा उद्यम विज्ञ | | २७,११,२२९ | |
| | वरिष्ठ सामाजिक सुरक्षा तथा जेण्डर विज्ञ | | १७,०६,०५७ | |
| | वरिष्ठ वातावरणीय सुरक्षा विज्ञ | | ७,०५,००० | |
| २.५.२.५५ | Lead IT Training Expert | १०,००,००० | २,३२,००० | |
| | IT Training Expert | | १,२९,००० | |
| | Forest Technician | | ९५,००० | |
| २.५.१०.१२ | Desk Officer | २०,००,००० | ९१,००० | |
| जम्मा | | २,२०,००० | ९९,५२,९६४ | |

## ३. वातावरणिय तथा सामाजिक सुरक्षा प्रणाली र लैङ्गिक एवं समावेशिकरण सम्बन्धी तालिम

रेड कार्यान्वयन केन्द्रसँग सरोकार राखे सरोकारवालाहरूलाई लैङ्गिक समानता, सामाजिक समावेशिता र वातावरणीय सुरक्षालाई प्रवर्द्धन गर्न यस प्रकारको तालिमहरूकोको आयोजना गरिएको थियो। यी तालिमहरूमा पर्यावरणीय र सामाजिक जोखिमको मूल्याङ्कन गर्ने तरिका, जोखिम समाधानका लागि योजना निर्माण, निर्माण र व्यवस्थापनका गतिविधिहरूको मूल्याङ्कन, पर्यावरणीय र सामाजिक सुरक्षा योजना कार्यान्वयन र स्क्रिनिङ्ग प्रक्रियाको उपयोग जस्ता विषयवस्तुहरू समावेश गरिएको थियो । यस प्रकारका तालिमहरू २ वटा सञ्चालन गरी दिग्दर्शन तयारी गर्नको लागि आ.व. ०८०।८१ मा रु १०,००,०००/- बजेट व्यवस्था भएकोमा कोहलपुर, सिमरा र जनकपुरमा गरी ३ वटा यस प्रकारका तालिमहरू सञ्चालन भएको र सो को लागि कुल रु ९,९१,०००/- खर्च हुन गएको थियो ।

## ४. वन व्यवस्थापनमा सङ्घीय सरोकारवाला निकायहरूको समावेशिकरण र कार्यान्वयन योजना तर्जुमा गोष्ठी

समृद्धिको लागि वन कार्यक्रमका सङ्घीय तहका सरोकारवाला निकायहरूलाई के कसरी वन व्यवस्थापनमा सहभागी गराउन सकिन्छ भनी एक Stakeholder Engagement Plan तयार गर्नुपर्ने तथा प्रत्येक ६–६ महिनामा यसलाई Update गर्नुपर्ने विश्व बैंकको अनिवार्य सर्त अनुसार वन व्यवस्थापनमा सङ्घीय सरोकारवाला निकायहरूको समावेशिकरण र कार्यान्वयन गोष्ठी एउटा परामर्श तथा योजना गोष्ठीको रुपमा मिति २०८१।०३।२१ मा ललितपुर स्थित Hotel Harmony and Little Bites Bistro मा आयोजना गरिएको थियो । यस गोष्ठीमा वन तथा वातावरण मन्त्रालय तथा यस अन्तर्गतका विभिन्न विभाग तथा केन्द्रहरू, वन विज्ञान अध्ययन संस्थान, ICIMOD, IUCN, Forest Action, FENFIT, RRN/DEM, RECOFTC, नेपाल आदिवासी जनजाती महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ लगायतबाट सहभागीता रहेको थियो । कार्यक्रमको लागि विनियोजित बजेट रु ३,००,०००/- मध्ये १ दिनको गोष्ठी सञ्चालन गर्दा कुल रु १,७२,०००/- खर्च हुन गएको छ ।

## ५. वन क्षेत्र सम्वन्धित नितिगत, कानुनि तथा प्राविधिक निर्देशिका, मार्गदर्शन, कार्यविधि, मापदण्डहरूको परिमार्जन एवं तर्जुमा ।

यस कार्यक्रम अन्तर्गत २ वटा क्रियाकलाप सञ्चालन गर्न रु १०,००,०००/- बजेट व्यवस्था रहेकोमा निम्न मिति र स्थानमा विभिन्न ५ वटा गोष्ठीहरू सञ्चालन गरिएका छन् ।

**तालिका ६ वन क्षेत्र सम्वन्धित नीतिगत, कानुनी तथा प्राविधिक निर्देशिका, मार्गदर्शन, कार्यविधि, मापदण्डहरूको परिमार्जन एवं तर्जुमा कार्यक्रम अन्तर्गत सञ्चालित गोष्ठीहरू**

| सि.नं. | कार्यक्रमको नाम | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | Workshop on Review and Evaluation of National REDD+ Strategy | २०८०।१२।२७ | सम्पदा होटल, काठमाण्डौ | |
| २ | Workshop on Review and Evaluation of National REDD+ Strategy | २०८१।०१।०४ | रेड कार्यान्वयन केन्द्र | |
| ३ | Workshop on Review and Evaluation of National REDD+ Strategy | २०८१।०२।१७ | वसेरा होटल, काठमाण्डौ | |
| ४ | पारिवारिक निजीवनको नितिगत वहस र अन्तरसंवाद गोष्ठी | २०८१।०२।२७ | सिद्धार्थ कटेज, तिनकुने | |

| | | | | |
|---|---|---|---|---|
| ५ | Green media Dialogue on Forest Tenure, Governance and Landscape | २०८१।०३।१५ | अल्फा हाउस, बुद्धनगर | |

उपरोक्त गोष्ठीहरू सञ्चालन गर्दाको कुल रु ३,५०,०००/- खर्च हुन गएको देखिन्छ ।

## ६. प्रशासनिक, लेखा, जिन्सी खरिद व्यवस्थापन सम्बन्धी तालिम

यस कार्यक्रम अन्तर्गत दुईवटा तालिम सञ्चालन गर्नको लागि रु १०,००,०००/- बजेट व्यवस्था रहेको थियो । जसमध्ये मिति २०८१।०२।१४ मा होटल सिमरा ईन, सिमरामा लेखा तथा खरिद सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको थियो । जुन कार्यक्रमको कुल खर्च रु ३,७२,७०८/- हुन गएको थियो । यसैगरी मिति २०८१।१०।१३ र १४ गते पौवा होटल भालुवाङ्ग र पौवा होटल बुटवलमा १—१ दिने दुईवटा Financial Management Orientation कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यी दुवै कार्यक्रममा गरी कुल रु ५,००,०००/- खर्च हुन गएको छ । माथि उल्लेख गरिए बमोजिम प्रशासनिक, लेखा, जिन्सी खरिद व्यवस्थापन सम्बन्धी तालिममा कुल रु ८,७२,७०८/- रुपैया खर्च हुन गएको छ ।

## ७. वन क्षेत्रमा सुशासन अभिवृद्धि तालिम, गोष्ठी, सेमिनार

विशेष गरी वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनको कामलाई दिगो शासन प्रणाली सहित बलियो बनाउने उद्देश्यले यस प्रकारको कार्यक्रम आवश्यकता परेको हो । यस प्रकारका कार्यक्रमहरूले सहभागीहरूको शासनसम्बन्धी ज्ञान र दक्षता अभिवृद्धि गर्दै वन क्षेत्रमा सरोकारवालाहरूको प्रभावकारी भूमिकाहरू विशेष गरी वनको संरक्षण, व्यवस्थापनको लागि सुनिश्चित गर्न योगदान पुर्याउदछन् यसबाट परियोजनाले राखेको लक्ष्य विशेषतः दिगो वन व्यवस्थापन तथा वृक्षरोपणको व्यवस्थापनको लागि टेवा पुग्ने आशा गर्न सकिन्छ । यस कार्यक्रम अन्तर्गत ५ वटा क्रियाकलाप सञ्चालन गर्न रु २५,००,०००/- बजेट व्यवस्था रहेकोमा निम्न मिति र स्थानमा विभिन्न ६ वटा तालिम तथा गोष्ठीहरू सञ्चालन गरिएका छन् ।

**तालिका ७ वन क्षेत्रमा सुशासन अभिवृद्धि तालिम, गोष्ठी, सेमिनार कार्यक्रम अन्तर्गत सञ्चालित तालिम तथा गोष्ठीहरू**

| सि.नं. | कार्यक्रमको नाम | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | Press for the Planet: Journalism in the face of Environmental Crisis | २०८१।०१।२१ | काठमाण्डौ | |
| २ | Governance in Forestry Sector- Safeguard/GESI Interaction Workshop | २०८१।०१।२५ | कोहलपुर | |

| | | | | |
|---|---|---|---|---|
| ३ | Good Governance in Forests Sector with Journalist | २०८१।०१।२८ | नेपालगंज | |
| ४ | Safeguard and GESI Interaction Workshop under Governance in Forestry Sector | २०८१।०२।०५ र ०६ | काठमाण्डौ | |
| ५ | वन क्षेत्रमा सुशासन अभिवृद्धि गोष्ठी | २०८१।०२।२० र २१ | मिरावल रिसोर्ट, धुलिखेल | |
| ६ | Google Earth Engine Training under Governance Enhancement Program in Forestry Sector | २०८१।०३।११ देखि १४ सम्म | FRTC Training Hall, Babarmahal | |

उपरोक्त गोष्ठीहरू सञ्चालन गर्दाको कुल रु २४,७९,०००/- खर्च हुन गएको देखिन्छ ।

## ८. वन प्राविधिक क्षमता विकास तालिम

नेपाल सरकारको सङ्घीय वन तथा वातावरण मन्त्रालय तथा सात वटै प्रदेश स्थित वन तथा वातावरण हेर्ने मन्त्रालय अन्तर्गतका विभिन्न निकाय तथा स्थानीय निकायमा कार्यरत वन प्राविधिकहरूलाई वन व्यवस्थापनका लागि आवश्यक प्राविधिक दक्षता विकास गर्न यस प्रकारको कार्यक्रम आवश्यक पर्दछ । यस कार्यक्रम अन्तरगत २ वटा क्रियाकलाप सञ्चालन गर्न रु २०,००,०००/- बजेट व्यवस्था रहेकोमा आ.व. २०८०।८१ मा तिनवटा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन भएका छन् । यसरि सञ्चालित क्रियाकलापहरूमा मिति २०८०।१०।२१ देखि २०८०।११।०१ सम्म FRTC Training Hall बबरमहलमा Enhancing Capacity in R Programming for Data Analysis and Caron Accounting तालिम, २०८०।११।०४ देखि २०८०।११।०६ सम्म सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी स्थित The Last Resort मा Capacity Building Training for Forest Professional र मिति २०८१।०३।१६ र १७ मा अरनिको होटल, धुलिखेलमा Climate change, REDD+ and Carbon Accounting Training पर्दछन् । क्षमता अभिवृद्धि तालिमका सहभागीहरूले वन व्यवस्थापनको क्षेत्रमा देखा परेका नयाँ प्रविधि र उपकरण प्रयोग गर्ने ज्ञान हासिल गरेका छन्। उपरोक्त क्रियाकलापहरू सञ्चालन गर्दा कुल १९,२७,०००/- खर्च हुन पुगेको छ ।

## ९. वन क्षेत्र, वन उद्यम एवं वनको विकास, विस्तार र व्यवस्थापन सम्बन्धी तालिम

वनमा आधारित उद्यम सञ्चालन गरिरहेका उद्यमीहरूलाई वनको विकास तथा विस्तार र वन पैदावारको उपयोग साथै समृद्धिको लागि वन कार्यक्रमद्वारा प्रदान गरिने ऋणको बारेमा जानकारी गराउँदै वन उद्यमहरूको विकासमा योगदान पुर्याउने उद्देश्यले यस प्रकारको कार्यक्रम आवश्यकता परेको हो। यस कार्यक्रम अन्तर्गत ४ वटा क्रियाकलाप सञ्चालन गर्न रु २०,००,०००/- बजेट व्यवस्था रहेकोमा निम्न मिति र स्थानमा विभिन्न ५ वटा तालिम तथा गोष्ठीहरू सञ्चालन गरिएका छन् ।

## तालिका ८ वन क्षेत्र, वन उद्यम एवं वनको विकास, विस्तार र व्यवस्थापन कार्यक्रम अन्तर्गत सञ्चालित तालिम तथा गोष्ठीहरू

| सि.नं. | कार्यक्रमको नाम | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | Forestry Sector, Forest Enterprises, Forest Extension & Management Interaction Workshop | २०८१।०१।२५ | होटल बिजय, गुलरिया, वर्दिया | |
| २ | वन क्षेत्र, वन उद्यम एवं वनको विकास, विस्तार र व्यवस्थापन सम्बन्धी गोष्ठी | २०८१।०२।०६ | होटल सिमरा | |
| ३ | वन क्षेत्र, वन उद्यम एवं वनको विकास, विस्तार र व्यवस्थापन सम्बन्धी गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम | २०८१।०२।०७ | होटल गौतम, लालगढ | |
| ४ | समृद्धिका लागि वन परियोजनाको कृषि विकास बैंकबाट प्रवाह हुने ऋणको बारेमा उद्यमीहरूसँग गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम | २०८१।०२।२६ | Hotel Dream International, Butwal | |
| ५ | Interaction on Social and Environmental Safeguard for the Promotion of Forest based Enterprises | २०८१।०३।१४ र १५ | Aagantuk Resort, Banepa | |

उपरोक्त गोष्ठीहरू सञ्चालन गर्दाको कुल रु १४,२८,०००/- खर्च हुन गएको छ । तालिम तथा गोष्ठीका सहभागीहरूको विस्तृत विवरण अनुसूचि २ मा प्रस्तुत गरिएको छ ।

## १०. कार्यक्रम सम्वन्धित अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सभा सम्मेलनमा सहभागीता

रेड कार्यान्वयन, वन व्यवस्थापन तथा वन उद्यमको क्षेत्रमा अन्य देशका अनुभवबाट लाभ लिन सकियोस र वैदेशिक अध्ययन तथा अवलोकनबाट नेपाली कर्मचारीहरूको क्षमता अभिवृद्धि हुन सकोस् भनी यस प्रकारको कार्यक्रमको आवश्यकता महसुस गरिएको हो । यस कार्यक्रम अन्तर्गत आ.व. २०८०-८१ मा कर्मचारीहरूलाई ६ दिन अवधिको सिंगापुर र मलेसिया भ्रमणको अवसर प्रदान गरिएको थियो । ६ दिन अवधिको Exposure Visit on Singapore and Malaysia भ्रमणमा वन तथा वातावरण मन्त्रालयबाट १ जना सह सचिव र १ जना शाखा अधिकृत गरी २ जना, वन

अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट अनुसन्धान अधिकृत १ जना, रेड कार्यान्वयन केन्द्रबाट लेखा अधिकृत, वन अधिकृत, भू संरक्षण अधिकृत, नायव सुव्वा, लेखापाल र सहायक कम्प्युटर अधिकृत गरी ६ जना, अर्थ मन्त्रालयबाट शाखा अधिकृत १ जना र महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण अधिकारी १ जना समेत गरी जम्मा ११ जना कर्मचारीलाई सहभागीताको अवसर प्रदान गरिएको थियो । यसरी कर्मचारीहरूको क्षमता विकासको लागि वैदेशिक तालिम, गोष्ठी, सभा, सम्मेलनमा सहभागीता शिर्षकमा रू. ३०,००,०००/- बजेट व्यवस्था रहेकोमा कार्यक्रम सम्पन्न गर्दा रु २९,४२,०००/- खर्च भएको थियो ।यस कार्यक्रम मार्फत विदेश भ्रमणमा जाने कर्मचारीहरूको विवरण अनुसूची ९ मा दिईएको छ ।

## ११. वन उद्यम र सामाजिक तथा वातावरणीय सुरक्षा सम्वन्धमा प्राविधिक सहयोग

यस कार्यक्रम अन्तर्गत समृद्धिका लागि वन परियोजना मार्फत कृषि विकास बैंकबाट प्रवाह गरिने ऋणको प्रभावकारी व्यवस्थापनका लागि विभिन्न पक्षहरूसँग छलफल गरिएको थियो। यस कार्यक्रमले विशेष गरी कसरी उद्यमहरूको पहिचान गर्ने, कसरी ती उद्यमहरूलाई आवश्यक सहयोग तथा प्रवर्द्धनको लागि परिचालन गर्ने र ऋण प्रवाहको प्रक्रियामा विभिन्न तहमा आवश्यक सेवा तथा सुविधाहरू कसरी उपलब्ध गराउने भन्ने विषयमा गहन अध्ययन तथा विचार-विमर्श गर्न अवसर प्रदान गर्यो।

कार्यक्रममा कृषि विकास बैंकको केन्द्रिय मुख्य कार्यालयका निमित्त महाप्रबन्धक श्री प्रताप सुवेदीसहित बैंकका अन्य अधिकारीहरूको उपस्थिति रहेको थियो। साथै, नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष तथा महासचिवसहित महासंघका प्रतिनिधिहरू समेतको उल्लेखनीय सहभागीता रहेको थियो।

उक्त कार्यक्रम धुलिखेलस्थित आगन्तुक होटलमा आयोजना गरिएको थियो, जहाँ सहभागीहरूले उद्यम प्रवर्द्धनका लागि आवश्यक नीति तथा कार्यान्वयन प्रक्रियाबारे विस्तृत छलफल गरेका थिए। ३ वटा यस प्रकारको कार्यक्रमको लागि रु २०,००,०००/- बजेट व्यवस्था भएकोमा १ वटा मात्र क्रियाकलाप सञ्चालन गर्न सकिएको र सो को लागि रु ५,७७,०००/- खर्च हुन गएको थियो ।

## १२. काष्ठ प्रविधिको विकास, विस्तार र उपयोग सम्वन्धित अन्तरक्रिया

यस कार्यक्रम अन्तरगत काठको प्रयोग हुने क्षेत्रमा उपलव्ध आधुनिक र प्रभावकारी प्रविधिहरू विषयमा उद्यमी, विज्ञ, विकासकर्ता आदिलाई जानकारी गराई वनबाट प्राप्त हुने काठको अधिकतम सदुपयोग गर्ने तथा काठको प्रयोग बढाउँदै वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने उद्देश्य हासिल गर्ने तर्फ क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ । आ.व. २०८०।८१ मा यस किसिमका ४ वटा क्रियाकलाप सञ्चालन गर्न रु २०,००,०००/- बजेट व्यवस्था रहेको थियो । उक्त बजेट मध्येबाट मिति २०८१।२।२४ र २५ मा धुलिखेलमा २ वटा गोष्ठीहरू एकै पटक आयोजना गरिएको

थियो । काष्ठ प्रविधिको विकास, विस्तार र उपयोग सम्बन्धित उद्यम, उद्यमी, विज्ञ, विकासकर्ता आदिसँग अन्तरक्रिया गोष्ठी र Interaction Workshop with Enterprenuer, Expert & Promotor for Timber based Technology Development, Extension and Utilization नामक २ वटा गोष्ठीहरू एकै मितिमा धुलिखेल स्थित २ वटा होटलमा आयोजना गरीएको थियो । त्यसै गरी मिति २०८१।०३।०८ मा मधेश प्रदेश अन्तर्गत बर्दिवासमा Timber based Technology Development and Utilization Workshop for Enterprenuer, Expert, Enterprise and Promotor नामक गोष्ठी आयोजना गरिएको थियो । माथि उल्लिखित ३ वटै गोष्ठी सञ्चालन गर्दा कुल रु ११,१३,०००/- खर्च हुन गएको छ । गोष्ठीमा सहभागीता सम्बन्धी विस्तृत विवरण अनुसूची २ मा दिईएको छ ।

## १३. वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनको लागि सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी अभिमुखिकरण

यस कार्यक्रम अन्तरगत रुपन्देही जिल्लाको तिलोत्तमा स्थित होटल मदानीमा मिति २०८०।११।१४ र १५ मा एक गोष्ठी आयोजना गरीएको थियो । Orientation Training on Social and Environmental Safeguard for the Promotion of Forest Based Enterprises नामक यस गोष्ठीमा मुख्य गरी लुम्बिनी प्रदेश अन्तर्गत वन निर्देशनालयका कर्मचारीहरू र कृषि विकास बैंकका प्रदेश कार्यालय तथा शाखा कार्यालयका प्रवन्धक तथा ऋण शाखा प्रमुखहरूको सहभागीता रहेको थियो । कार्यक्रममा बिश्व बैंकको सामाजिक तथा वातावरणीय सुरक्षा सम्बन्धी मापदण्ड र तौरतरिका विषयमा जानकारीमूलक छलफल गरिएको थियो । यस कार्यक्रम अन्तर्गत २ वटा क्रियाकलापको लागि १८,००,०००/- बजेट विनियोजन भएकोमा माथि उल्लिखित १ वटा मात्र क्रियाकलाप सञ्चालन गरिएको र सो को लागि रु १०,६२,०००/- खर्च हुन गएको छ ।

## १४. काष्ठ प्रविधिको विकास, विस्तार र उपयोग सम्बन्धी प्रोत्साहन, प्रचार, प्रसार

यस कार्यक्रम अनुसार समृद्धिका लागि वन परियोजना अन्तर्गत कृषि विकास बैंकबाट प्रवाह हुने ऋणसम्बन्धी जानकारी संभावित उद्यमीहरूलाई दिनका लागि एक जिङ्गल तयार गरी प्रसार सामग्री विकास गरिएको थियो। उक्त सामग्री एफ एम स्टेशनहरूबाट कम्युनिकेशन कर्नर मार्फत प्रसारण गरिएको थियो। त्यसै गरी समृद्धिका लागि वन परियोजनाको संभाग ३ मा वन उद्यमको विकास तथा सुधार गर्ने कार्यक्रम रहेको र त्यस अन्तरगत प्राविधिक क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरू रहेकामा वन उद्यमको प्रवर्धनको लागि सफल वन उद्यमहरूले सञ्चालन गरेका कामहरूको बारेमा छायाङ्कन गरी एक भिडियो क्लिप तयार गर्ने कार्य गरिएको थियो । यो भिडीयोको प्रयोग प्रचार प्रसार तथा तालिम सामग्रीको रुपमा उपयोग गरिएको छ । यस कार्यको लागि गंगादेवी फिल्म एवं एडभरटाइजिङ प्रा.लि. ले सेवा प्रदायकको कार्य गरेको थियो ।यस शिर्षकमा कुल रु ५,००,०००/- बजेट व्यवस्था रहेकोमा क्रियाकलापहरू सम्पन्न गर्दा रु ४,९९,०००/- खर्च हुन गएको छ ।

## १५. परियोजनाको मध्यावधी मूल्याङ्कन

### समृद्धिका लागि वन परियोजनाको क्रियाकलापहरू प्रदर्शन

अन्तराष्ट्रिय विकास सहायता (International Development Assistance 21) अन्तर्गतको एफएफपिपि एक्स्पोमा समन्वय र सहभागीता गरेर कार्यक्रमका उपलब्धिहरू प्रदर्शनीमा समावेश गरिएको थियो ।

समृद्धिको लागि वन कार्यक्रम को मध्यावधि मूल्याङ्कन समेत होस भन्ने हेतुले मिति २०८१।०३।०४ देखि २०८१।०३।०६ सम्म ३ दिन अवधिको प्रदर्शनी कार्यक्रम गोदावारी स्थित ICIMOD को प्रदर्शनी स्थलमा रेड कार्यान्वयन केन्द्र र बिश्व बैंकले संयुक्त रुपमा आयोजना गरिएको थियो । यस कार्यक्रममा समृद्धिको लागि वन कार्यक्रम को सङ्घीय परियोजना व्यवस्थापन ईकाइ, कृषि विकास बैंक, मधेश तथा लुम्बिनी प्रदेश स्थित समृद्धिको लागि वन परियोजना व्यवस्थापन ईकाइहरू, मधेश प्रदेश तथा लुम्बिनी प्रदेशका वन उद्यमीहरू, सामुदायिक वन उपभोक्ता महासंघ, जडीबुटी व्यवसायी महासंघ लगायतको सहभागीता रहेको थियो। परियोजनाको मध्यावधी मूल्याङ्कनको लागि रु १३,००,०००/- बजेट व्यवस्था रहेकोमा कार्यक्रम सम्पन्न गर्दा रेड कार्यान्वयन केन्द्रको तर्फबाट रु ३,८९,०००/- खर्च हुन गएको छ ।

## १६. समिक्षा तथा योजना तर्जुमा गोष्ठी

विगतमा भए गरेका क्रियाकलापहरूको सिंहावलोकन गरी आगामी दिनको लागि योजना वनाउनको लागि समिक्षा तथा योजना तर्जुमा गोष्ठी अति महत्वपूर्ण हुन्छ । आ.व. २०८०।८१ मा यस प्रकारका गोष्ठीहरू ४ वटा आयोजना गर्नको लागि रु १६,००,०००/- बजेट व्यवस्था भएकोमा मधेश प्रदेशको सिमरामा मिति २०८०।०६।२१ मा १ वटा र लुम्बिनी प्रदेशको रुपन्देहीमा मिति २०८०।१२।०५ मा १ गरी जम्मा २ वटा मात्र गोष्ठीहरू आयोजना गरिएको थियो । यसरी २ वटा गोष्ठी आयोजना गर्दा कुल रु १५,८१,०००/- खर्च हुन गएको छ ।

## १७. विकास साझेदार संस्थाहरूसँग मिसन-छलफल -अन्तरक्रिया

### मध्यावधि समीक्षा मिशन (मार्च १९-२२, २०२४)

मध्यावधि समिक्षा मिशनको मुख्य उद्देश्य परियोजनाको प्रगति मूल्याङ्कन गर्नु, वित्तीय निकासामा देखिएका चुनौतीहरू पहिचान गर्नु, तथा परियोजनाको पुनर्संरचना र थप वित्तीय सहयोग आवश्यक छ कि भनेर निर्णय गर्नु थियो । यो समीक्षा विश्व बैंक टोलीद्वारा सम्पन्न गरिएको थियो, जसको नेतृत्व वरिष्ठ प्राकृतिक स्रोत व्यवस्थापन विशेषज्ञ श्री मेरिम शाकिरोभाले गर्नुभएको थियो । समीक्षाका क्रममा परियोजनाका विभिन्न संभागहरू मूल्याङ्कन गरियो, जसमा परियोजनाको वित्तीय स्रोत, संभागहरूबीच बजेटको पुनःवितरण र परियोजना पुनर्संरचना आवश्यकताको बारेमा छलफल गरियो ।

यस मध्यावधि समिक्षामा नेपाल सरकारको अर्थ मन्त्रालयले विश्व बैंकलाई ProGreen Trust Fund मार्फत १२ मिलियन अमेरिकी डलर थप वित्तीय सहयोगका लागि अनुरोध गरे बमोजिम परियोजनाका विभिन्न संभागहरूबीच कोषको पुनःवितरण आवश्यक भएकाले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार संभाग २ बाट संभाग ३ मा कोष व्यवस्थापन गरिने छ । साथै, संभाग १, २ र ४ का गतिविधिहरूलाई निरन्तरता दिन थप वित्तीय स्रोत आवश्यक पर्ने देखिएको छ । परियोजनाको पुनर्संरचना अन्तर्गत परियोजनाका उद्देश्यहरू पुनःपरिभाषित गर्ने, परियोजनाका केही अप्रासंगिक गतिविधिहरू हटाउने र नयाँ गतिविधिहरू समावेश गर्ने सहमति भएको छ। यस अन्तर्गत, वन-आधारित उद्यमहरूको प्रवर्द्धन र वित्तीय पहुँच अभिवृद्धि गर्न विशेष ध्यान दिइने गरी सिफारिस गरिएको थियो ।

### विश्व बैंक मिशनः सफल गतिविधिहरू अवलोकन

विश्व बैंक टोलीले २०२४ फेब्रुअरी २९ देखि मार्च २ सम्म नेपालका सफल वन व्यवस्थापन गतिविधिहरूको अवलोकन गर्‍यो । भ्रमणका क्रममा रूपन्देही जिल्लाको सैनामैना नगरपालिकामा रहेको सिँहदर्जा सामुदायिक वनमा दिगो वन व्यवस्थापन अभ्यासहरूको अवलोकन गरियो । यो भ्रमणमा नेपाल, माल्दिभ्स र श्रीलंकाका लागि विश्व बैंकका देश निर्देशक श्री फारीस एच. हदाद-जेर्वोसको नेतृत्वमा स्विस दूतावास, एसियाली विकास बैंक (ADB), तथा अन्य अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू सहभागी थिए । भ्रमणको क्रममा रूपन्देही डिभिजन वन कार्यालय, सब डिभिजन वन कार्यालय, तथा लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालयका पदाधिकारीहरूले वन क्षेत्रका समसामयिक मुद्दाहरू प्रस्तुत गरेका थिए । यस भ्रमणले वन संरक्षण, सामुदायिक संलग्नता, तथा दिगो वन व्यवस्थापनका प्रभावकारी अभ्यासहरूको मूल्याङ्कन गर्न अवसर प्रदान गर्‍यो ।

विकास साझेदारहरू एवम् संस्थाहरूसँग मिसन छलफल अन्तरक्रिया गोष्ठीको लागि रु ४,००,०००/- बजेट व्यवस्था रहेकोमा ३,५८,०००/- खर्च हुन गएको छ ।

### १८. आयोजनाको सङ्घीय प्रदेश र स्थानीय तहको समन्वय बैठक

समृद्धिको लागि वन परियोजना संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गरी सञ्चालन गर्नुपर्ने विशिष्ट प्रकारको परियोजना हो । यस परियोजनाको कार्यक्रम विशेष गरी स्थानीय तहमा वृक्षरोपण तथा निजी वन धनीहरूलाई वृक्षरोपणको लागि अनुदान उपलब्ध गराउनुको साथै डिभिजन वन कार्यालयहरूबाट दिगो वन व्यवस्थापनको लागि समुदायमा आधारित वन व्यवस्थापन समूहहरूलाई दिगो वन व्यवस्थापनका क्रियाकलापहरू कार्यान्वयन गर्न सहयोग गर्ने कार्यहरू रहेको हुँदा ती कार्यहरू कार्यान्वयनको लागि के कस्तो समन्वय आवश्यक पर्दछ त्यसै विषयमा आधारित रहेर प्रदेश र स्थानीय तहबीचको समन्वय सुदृढ गर्दै वन व्यवस्थापनका लागि साझेदारी प्रवर्द्धन गर्न मधेश प्रदेशको सर्लाही स्थित होटल सिता प्यालेसमा एक कार्यशालाको आयोजना गरिएको थियो। यस कार्यशालामा सङ्घीय परियोजना व्वस्थापन ईकाइ, प्रदेश परियोजना व्यवस्थापन ईकाइ र समृद्धिको लागि वन कार्यक्रम लागु भएका मधेश प्रदेश स्थितका विभिन्न पालिकाहरूका कर्मचारीहरूको

सहभागीता रहेको थियो । यस कार्यक्रमको लागि कुल १९,००,०००/- बजेट व्यवस्था रहेकोमा १६,६१,०००/- खर्च हुन गएको छ ।यस प्रकारको कार्यक्रमले सहभागीहरूलाई नीति निर्माण र कार्यान्वयनको प्रक्रियामा समन्वयात्मक भूमिका खेल्न सक्षम तुल्याएको छ ।

## १९. आयोजना निर्देशक समितिको बैठक

समृद्धिको लागि वन परियोजनाको कार्यान्वयनको लागि केन्द्रमा वन तथा वातावरण मन्त्रालयले नेतृत्व लिएको छ । केन्द्रमा वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालय, सम्बन्धित विभागहरू, कृषि विकास बैङ्क, वन उद्यमीको संस्था, समुदायमा आधारित सहयोगी सञ्जालहरू (वन समूह, निजी वन, आदिवासी जनजाति, महिला आदि) सहितको बहुसरोकारवाला परियोजना निर्देशक समितिको व्यवस्था रहेको छ । यसै परियोजना निर्देशक समितिको बैठक हिमालयन होटल कुपण्डोलमा मिति २०८१।०३।२८ मा वन तथा वातावरण मन्त्रालयका सचिव डा. श्री गोविन्द प्रसाद शर्माको अध्यक्षतामा वसेको थियो। यस प्रकारको २ वटा बैठकको लागि कुल रु ५,००,०००/- बजेट व्यवस्था रहेकोमा १ वटा बैठक सञ्चालन गर्दा जम्मा रु २,७८,०००/- खर्च हुन गएको छ ।

## २०. पुस्तक, सामग्री, डायरी छपाई तथा प्रकाशन

यस कार्यक्रम अन्तर्गत आ.व. २०८०।८१ मा १५० थान रेड डायरी, २५० थान वार्षिक प्रगति पुस्तिका र १,००० थान स्पाईरल नोट बुक छपाई गर्ने काम गरिएको छ । पुस्तक, सामग्री, डायरी छपाई तथा प्रकाशन को लागि रु ६,००,०००/- बजेट व्यवस्था भएकोमा उपरोक्त छपाई कामहरू पुरा गर्दा रु ५,२०,०००/- खर्च हुन गएको छ ।

## २१. प्रचार प्रसार सामग्री तयारी तथा प्रकाशन

यस कार्यक्रम अन्तर्गत जलवायु परिवर्तन एवं रेडप्लस शव्दावली (REDD Glossary) १५०० थान, Directory of Timber Enterprises in Nepal १५०० थान र रेड कार्यान्वयन केन्द्रका कर्मचारीहरूको लागि फिल्ड गियर तथा प्रचार प्रसार सामग्रीको रुपमा रेड ज्याकेट १५ थान खरिद गर्ने काम गरिएको छ । यस शिर्षकमा कुल रु ५,००,०००।वजेट व्यवस्था रहेकोमा छपाई तथा खरिद कार्य सम्पन्न गर्दा कुल रु ४,८६,०००/- खर्च हुन गएको छ।

## २२. अनुगमन निरिक्षण तथा सन्तुष्टि सर्भेक्षण

### फिल्ड अनुगमन

फिल्ड अनुगमन गतिविधि भू तथा जलाधार संरक्षण अधिकृत श्री विष्णु कुमारी अधिकारीको नेतृत्वमा सम्पन्न भएको थियो, जसलाई समृद्धिका लागि वन परियोजनाका अनुगमन तथा मूल्याङ्कन विशेषज्ञ श्री मदन परियारले सहजीकरण गर्नु भएको थियो।यो अनुगमन कार्यक्रम मधेश प्रदेशमा २०८१ जेठ १८ देखि २२ सम्म तथा लुम्बिनी प्रदेशमा २०८१ असार ९ देखि १२ सम्म

सञ्चालन गरिएको थियो । अनुगमनका क्रममा डिभिजन वन कार्यालयहरू र नगरपालिका तथा गाँउपालिकाहरूद्वारा सञ्चालन गरिएका विभिन्न गतिविधिहरू, जस्तै सामुदायिक वन नवीकरण, निजी वृक्षरोपण र सार्वजनिक वृक्षरोपणको प्रगति मूल्याङ्कन गरियो । यी गतिविधिहरूको अनुगमनले वन व्यवस्थापनका प्रभावकारिता तथा स्थानीय समुदायको संलग्नता बुझ्न मद्दत पुर्‍याउनुको साथै आगामी दिनहरूमा कमी कमजोरीहरूलाई सुधार गर्नको लागि सिकाई प्राप्त भएको छ ।अनुगमन निरिक्षणमा रु १०,००,०००/- बजेट व्यवस्था रहेकोमा कार्यक्रम सम्पन्न गर्दा कुल रु ५,२५,०००/- खर्च हुन गएको छ ।

### सन्तुष्टि सर्वेक्षण

समृद्धिका लागि वन परियोजनाको कार्यक्रम दस्तावेज अनुसार मध्यावधि मूल्याङ्कन गर्नु अगाडी यस प्रकारको सर्वेक्षण गर्नु पर्ने भएकोले र परियोजनाबारेमा कस्तो अवधारणा तथा सहभागीता रहेको छ त्यसको पनि आकलन गर्नको लागि यो सन्तुष्टि सर्वेक्षण गरिएको थियो । यो सर्वेक्षण लुम्बिनी र मधेश प्रदेशमा सम्पन्न गरिएको थियो, जसमा परियोजनाका लाभार्थीहरू तथा स्थानीय समुदायका व्यक्तिहरू सहभागी थिए। सर्वेक्षणका क्रममा छनोट गरिएका घरपरिवार र समुदायका व्यक्तिहरूलाई परियोजनाका गतिविधिहरू प्रति उनीहरूको अनुभव, सन्तुष्टि, तथा सुझाव संकलन गरियो । प्रारम्भिक सर्वेक्षण अनुसार, दुवै प्रदेशहरूमा करिब ८१.३% सहभागीहरूले परियोजनाबाट सन्तुष्टि व्यक्त गरेका थिए । यस सर्वेक्षणबाट प्राप्त प्रतिक्रियाहरू परियोजनाका आगामी चरणहरूलाई अझ प्रभावकारी बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## ग. अन्य सम्पादित मुख्य क्रियाकलापहरू

### १. कार्बन व्यापारको लागि अनुगमन प्रतिवेदन तथा प्रमाणिकरण प्रतिवेदन तयार

प्रदेश र स्थानीय तहमा वन व्यवस्थापन र परियोजना कार्यान्वयनलाई सुदृढ बनाउन विभिन्न अन्य सम्पादित मुख्य क्रियाकलापहरू सञ्चालन भएको थियो । विशेष गरी रेड कार्यान्वयन केन्द्र मार्फत सहजीकरण भैरहेको कार्बन व्यापारको लागि अनुगमन प्रतिवेदन तथा प्रमाणिकरण गर्नको लागि तयार गरिएको प्रतिवेदन (Monitoring, Reporting and Verification-MRV) तेस्रो पक्ष प्रमाणीकरण मार्फत Forest Carbon Partnership Facility (FCPF) कार्यक्रम अन्तर्गत तराई भू-परिधि क्षेत्रको लागि प्रमाणीकरण र टिप्पणीहरूको स्पष्टिकरण तयारी गरिएको छ। स्वतन्त्र पूर्व सुसूचित सहमति (Free-Prior Information Consent-FPIC) दिशानिर्देश तयारीको क्रममा सरोकारवालासँग परामर्श गर्दै आवश्यक दिशानिर्देशहरू तयार गरिएका छन्।

### २. रेडप्लस रणनीति सन २०१८ समिक्षा

यसै गरी नेपाल रेडप्लस रणनीतिको समीक्षा र मूल्याङ्कन प्रक्रियामा विकास साझेदार र सरोकारवालासँग परामर्शद्वारा सुधार प्रयास गरिएको छ।

## ३. परिवर्तनशील कार्बन सम्पत्ति सुविधा टिक्याफ (Transformative Carbon Asset Facility-TCAF) सोच पत्र तयार

परिवर्तनशील कार्बन सम्पत्ति सुविधा टिक्याफ (Transformative Carbon Asset Facility-TCAF) विश्व बैंकको एक ट्रस्ट कोष हो, जसले देशहरूको बजारमा-आधारित कार्बन मूल्य निर्धारण कार्यान्वयन गर्ने प्रयासहरूलाई समर्थन गर्दछ र न्यून-कार्बन प्रविधिमा निजी क्षेत्रको लगानीका लागि अनुकूल परिस्थितिहरू सिर्जना गर्न मद्दत पुर्याउँछ।

टिक्याफ सुविधा प्राप्तिका लागि चासोपत्र (EOI) बुझाउने र सरोकारवालासँग परामर्श प्रक्रियामा संलग्नता रहेको छ। यसले निम्न कार्यहरू गर्ने उद्देश्य राखेको छ ।

- विद्यमान वा भविष्यमा हुने लगानी वा नीतिगत सञ्चालनहरू साथै अन्य उदीयमान अनिवार्य र स्वैच्छिक हरितगृह ग्यास न्यूनीकरण संयन्त्रहरूलाई उपयोग गर्दै परिवर्तनशील कार्यक्रमहरूबाट प्रमाणित हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणहरूको उत्पादनलाई सहजीकरण गर्न उत्सर्जन न्यूनीकरण लेनदेन मार्फत वित्त पोषण प्रदान गर्न;
- कार्बन मूल्य निर्धारणका लागि बलियो नियामक ढाँचाहरूको स्थापना प्रोत्साहित गर्न;
- दिगो विकासलाई प्रवर्द्धन गर्न; र
- बैंक, कार्यक्रम, योगदानकर्ताहरू र सुविधा विकास र कार्यक्रमहरूको कार्यान्वयनमा कार्यक्रम विकासकर्ताहरूद्वारा प्राप्त ज्ञानलाई व्यापक रूपमा विस्तार गर्न ।

## ४. समृद्धिका लागि वन परियोजनाको मध्यावधि समिक्षा

समृद्धिका लागि वन परियोजनाको कार्यक्रमको मध्यावधि समीक्षा (MTR) मा संलग्न भएर आवश्यक सुधारको पहिचान गरिएको छ। यस अनुसार नै थप वित्तीय सहायता १२ मिलियन यूएस डलर प्रोग्रिन कोष मार्फत परिचालन हुने भएको र यस अनुरुप यस परियोजनाको कूल लागत ३६ मिलियन यूएस डलर हुने गरी परिमार्जन भएको छ।

## ५. समृद्धिका लागि वन परियोजनाको क्रियाकलापहरू अनुगमन

समृद्धिका लागि वन परियोजनाको कार्यक्रम अन्तर्गत स्थानीय तह र प्रदेश स्तरका इकाईहरूको नियमित अनुगमन गर्दै कार्यान्वयनको प्रभावकारिता बढाउने प्रयास गरिएको छ। मधेश प्रदेशमा वन व्यवस्थापन सम्बन्धित नियमहरूको तयारीमा पनि सहयोग पुर्याइएको छ। परियोजना व्यवस्थापन इकाई (PPMU) र स्थानीय तहसँग नियमित समन्वय गरेर FFPP कार्यान्वयनलाई सहज बनाउने पहल गरिएका छन्। यी सम्पादित क्रियाकलापहरूले वन क्षेत्रको व्यवस्थित विकास र दिगो व्यवस्थापनको दिशामा ठोस योगदान दिने अपेक्षा गरिएको छ।

### तालिकाः ९ समृद्धिका लागि वन परियोजना प्रदेश एकाई मधेश प्रदेशको वित्तीय प्रगति

| सि.नं. | विवरण | विनियोजित बजेट | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| १. | प्रदेश परियोजना व्यवस्थापन इकाई | ३६,५०८,५३८/- | १९,७१४,६११/- | ५४ | |
| २. | डिभिजन वन कार्यालय | ४८,६५१,५५२/- | २७,२४४,८६९/- | ५६ | |
| ३. | स्थानीय तहहरू | ७३,८७१,६५८/- | २६,५९३,७९७/- | ३६ | |

यस प्रतिवेदनमा प्रदेश परियोजना कार्यान्वयन इकाई, डिभिजन वन कार्यालय र स्थानीय पालिकाहरूको बजेट विनियोजन र प्रगतिलाई संक्षेपमा प्रस्तुत गरिएको छ। प्रदेश परियोजना कार्यान्वयन इकाईको लागि रू. ३६,५०८,५३८/- बजेट विनियोजन गरिएकोमा ५४% अर्थात् रू. १९,७१४,६११/- खर्च भइसकेको छ। डिभिजन वन कार्यालयले कुल रू. ४८,६५१,५५२/-बजेट विनियोजन भएकोमा ५६% अर्थात् रू. २७,२४४,८६९/- उपयोग गरेको देखिन्छ।

यसैगरी, स्थानीय तहहरूले रू. ७३,८७१,६५८/- को बजेट विनियोजन गरेकोमा केवल ३६% मात्र खर्च भएको छ, जुन रकम रू. २६,५९३,७९७।०० बराबर छ। यस विवरणले प्रदेश परियोजना कार्यान्वयन इकाई र डिभिजन वन कार्यालयले अपेक्षाकृत उच्च प्रगति हासिल गरेको देखाउँछ भने स्थानीय पालिकाहरूको बजेट उपयोगमा अपेक्षाकृत कम प्रगति भएको छ। यो भिन्नता सुधार गर्न, विशेष गरी स्थानीय तहमा बजेट कार्यान्वयनको प्रभावकारिता बढाउन थप व्यवस्थापन र अनुगमन आवश्यक देखिन्छ।

### तालिकाः १० समृद्धिका लागि वन परियोजना प्रदेश एकाई लुम्बिनी प्रदेशको वित्तीय प्रगति

| सि.नं. | विवरण | विनियोजित बजेट | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| १. | प्रदेश परियोजना व्यवस्थापन इकाई/डिभिजनल वन कार्यालय | ५४६,०८४००/- | २६२,१२०००/- | ४८ | |
| २. | स्थानीय तहहरू | २५९,४९३,९१६/- | ९३,४१७,८१०/- | ३६ | |

यस विवरणले प्रदेश परियोजना कार्यान्वयन इकाई/डिभिजनल वन कार्यालय र स्थानीय पालिकाहरूको बजेट विनियोजन र प्रगतिको संक्षिप्त जानकारी दिन्छ । प्रदेश परियोजना कार्यान्वयन इकाई/ डिभिजनल वन कार्यालयको लागि रू. ५४६,०८४००/- बजेट विनियोजन गरिएकोमा, त्यसको ४८% अर्थात् रू. २६२,१२०००/- खर्च भइसकेको छ। स्थानीय पालिकाहरूको हकमा, कुल रू. २५९,४९३,९१६ विनियोजित बजेटमध्ये ३६% मात्र, अर्थात् रू. ९३,४१७,८१०/- खर्च भएको छ । यस तथ्याङ्क अनुसार प्रदेश परियोजना कार्यान्वयन इकाई/डिभिजन वन कार्यालयले

अपेक्षाकृत राम्रो प्रगति गरेको छ भने स्थानीय पालिकाहरूमा बजेट खर्चको प्रगति तुलनात्मक रूपमा कम छ ।

प्रदेश परियोजना र स्थानीय तहहरूले निम्न मुख्य क्रियाकलापहरूमा ध्यान केन्द्रित गरेका छन्, जसले वनको दिगो व्यवस्थापनमा टेवा पुर्याउने उद्देश्य राख्दछ।

- **दिगो वन व्यवस्थापन कार्य योजना तयारः** स्थानीय वन स्रोतहरूको संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्न दिगो वन व्यवस्थापन कार्य योजना तयार पारिएको छ। यसले वन क्षेत्रको दिगो उपयोग र संरक्षणमार्फत वनको दिर्घकालीन उपयोग सुनिश्चित गर्न मद्दत गर्दछ।
- **नर्सरी मर्मत तथा बिरुवा उत्पादन कार्यः** वृक्षरोपणका लागि आवश्यक पर्ने बीउ र बिरुवा उपलब्ध गराउन नर्सरीहरूको मर्मत तथा व्यवस्थापन गरिनुका साथै नयाँ बिरुवा उत्पादनमा जोड दिइएको छ। यसले भविष्यमा वृक्षरोपण कार्यक्रमहरूलाई सहज बनाएको छ।
- **सामुदायिक वन व्यवस्थापनः** कबुलियती वन व्यवस्थापन कार्य योजना नवीकरणः पुराना कार्य योजनाहरूलाई अद्यावधिक गर्दै सामुदायिक वन तथा कबुलियती वनहरूको दिगो व्यवस्थापनका लागि नयाँ र सान्दर्भिक कार्य योजना तयार गरिएका छन्। यसले वनको दिर्घकालीन विकासमा योगदान पुर्याएको छ।
- **निजी तथा सार्वजनिक जग्गामा वृक्षरोपण कार्यक्रम सञ्चालनः** निजी र सार्वजनिक क्षेत्रका जग्गाहरूमा वृक्षरोपण गरी हरित आवरणको विस्तार गरिएको छ। यो कार्यक्रमले वन क्षेत्रको संरक्षण मात्र नभई जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न पनि महत्वपूर्ण योगदान पुर्याएको छ।
- **दिगो वन व्यवस्थापनसम्बन्धी अन्तरक्रिया गोष्ठीको आयोजनाः** वन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूबीच अन्तरक्रिया तथा छलफल गर्न गोष्ठीहरू आयोजना गरिएको छ। यसले ज्ञान आदानप्रदान र अनुभव साटासाट गर्न तथा वन व्यवस्थापन प्रक्रियामा सरोकारवालाहरूको सहभागीता सुनिश्चित गर्न मद्दत गरेको छ।

यी क्रियाकलापहरूले प्रदेश र स्थानीय तहमा वन क्षेत्रको दिगो व्यवस्थापनमा महत्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ।

### तालिका ११ समृद्धिको लागि वन कायर्यक्रम कार्यान्वयनका लागि स्थानीय तहहरूको अवस्था

| क्रियाकलाप | मधेश प्रदेश | लुम्बिनी प्रदेश | कूल पालिकाहरू |
|---|---|---|---|
| फोकल पर्सन तोक्न सफल स्थानीय तहहरू | २५ | २५ | ५० |
| खरिद योजना स्वीकृत भएका स्थानीय तहहरू | २५ | २५ | ५० |

| | | | |
|---|---|---|---|
| बार्षिक कार्ययोजना र बजेट तयार पार्न सफल स्थानीय तहहरू | २५ | २५ | ५० |
| वन प्राविधिक नियुक्त गरेका स्थानीय तहहरू | २३ | २४ | ४७ |
| संघ तथा प्रादेशिक निकायबाट सञ्चालित परियोजनाको अभिमुखिकरण गोष्ठीमा भाग लिएका पालिकाहरू | २५ | २५ | ५० |

## २.३ मधेश प्रदेश अन्तरगतको प्रगति

### क. प्रादेशिक परियोजना व्यवस्थापन इकाई

प्रादेशिक परियोजना व्यवस्थापन इकाईद्वारा चार मुख्य संभागमा आधारित गतिविधिहरू सञ्चालन भएका छन्।

#### संभाग-१ः नीति र क्षमता विकासः

यस संभाग अन्तर्गत विभिन्न तालिम, छलफल र योजनाहरू तयार गर्ने कार्यहरूमा आंशिक प्रगति भएको छ। उदाहरणका लागि, वन नियम र नीतिसम्बन्धी अभिमुखीकरण तालिमहरू मध्ये दुईमध्ये एक सम्पन्न भएको छ (५०%), जबकि सहरी वन व्यवस्थापनका लागि मापदण्ड, दिगो वन व्यवस्थापन तथा उत्पादनका मापदण्डहरू र जलाधार व्यवस्थापनसँग सम्बन्धित तालिमहरू हुन सकेन। यस संभागमा समग्र प्रगति ५०% मात्र देखिएको छ।

#### संभाग-२ः समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरू मार्फत वृक्षरोपणः

यस संभागमा कुनै प्रगति भएको छैन।

#### संभाग-३ः वन उद्यमको सुधार र विकासः

यस संभाग अन्तर्गत वन क्षेत्रमा काम गर्ने श्रमिकहरूको कार्यस्थल मापदण्ड र स्वास्थ्य सुरक्षाका लागि मापदण्ड तयार गर्ने कार्य पूरा भएको छ (१००%)। तर, अन्य लक्ष्यहरू जस्तै, उपकरण वितरण, वित्तीय संस्थाका लागि क्षमता विकास र उद्योग प्रवर्द्धनका लागि छलफल कार्यक्रमहरूमा कुनै प्रगति भएको छैन।

#### संभाग-४ः परियोजना सुशासन, अनुगमन र अध्ययनः

यस संभाग अन्तर्गत भने उच्च प्रगति देखिएको छ। परियोजना निर्देशक समिति बैठक, उपकरण खरिद र अध्ययन भ्रमणजस्ता लक्ष्यहरू १००% पूरा भएका छन्। समग्रमा, प्रादेशिक परियोजना व्यवस्थापन इकाईको गतिविधिहरूमा ६२.५% प्रगति हासिल भएको छ।

संभाग अनुसारको क्रियाकलापहरूको प्रगति तलको तालिकामा देखाइएको छ ।

## संभाग-१ः नीति

| क्र.सं. | वार्षिक क्रियाकलापहरू | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १ | वन र वातावरण सम्बन्धी योजना तयारी/ कार्यान्वयन (दिगो वन व्यवस्थापन अभ्यासमा छलफल/अन्तरक्रिया) | १ प्याकेज | २ कार्यक्रम | १००% |
| २ | वन नियम र नीतिबारे वन प्राविधिक/फोकल पर्सनहरूलाई अभिमुखीकरण (GEMS तालिम) | २ कार्यक्रम | १ कार्यक्रम | ५०% |
| ३ | वन र वातावरणसम्बन्धी योजनाहरू तयारी/ कार्यान्वयन (प्रादेशिक वन ऐन संशोधन र मस्यौदाबारे छलफल/ अन्तरक्रिया) | १ प्याकेज | २ कार्यक्रम | १००% |
| ४ | नतिजामा आधारित वृक्षरोपण कार्यक्रम कार्यान्वयनबारे पालिकाका अधिकारी/ कर्मचारीहरूलाई अभिमुखीकरण गोष्ठी | २ कार्यक्रम | २ कार्यक्रम | १००% |
| ५ | प्रादेशिक स्तरका सरोकारवालाहरूको सहभागीता योजना तयारी र कार्यान्वयन कार्यशाला | १ कार्यक्रम | १ कार्यक्रम | १००% |
| ६ | वन र वातावरणसम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया | २ कार्यक्रम | १ कार्यक्रम | ५०% |
| ७ | टिम बिल्डीङ्ग गोष्ठी | १ कार्यक्रम | १ कार्यक्रम | १००% |
| ८ | शहरी वन व्यवस्थापन सम्बन्धी मार्गदर्शन तयारी | १ | ० | ०% |
| ९ | वन बिरुवा उत्पादनसम्बन्धी मापदण्ड तयारी | २ | ० | ०% |
| १० | दिगो वन व्यवस्थापनबारे मन्त्रालय-स्तरीय अभिमुखीकरण | १ | ० | ०% |
| ११ | कृषि-वन प्रणाली र भू-संरक्षण सम्बन्धी गतिविधि कार्यान्वयनका लागि तालिम | २ | ० | ०% |
| १२ | वन उत्पादन सङ्कलन योजना तयारी (भू-परिधि स्तरीय) | १ | ० | ०% |

## संभाग-२: समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना किसान वृक्षरोपण

| क.सं. | वार्षिक क्रियाकलाप | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १३ | समुदायमा आधारित वन व्यवस्थापन योजना कार्यान्वयन | १ | ० | ०% |

## संभाग-३: वन उद्यम सुधार र विकास

| क.सं. | वार्षिक क्रियाकलाप | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १४ | वन उत्पादन संकलन योजनाका लागि आवश्यक साना उपकरण र व्यक्तिगत सुरक्षा सामग्रीको वितरण | १ प्याकेज | ० | ०% |
| १५ | वन श्रमिकहरूको कार्यस्थल मापदण्ड र स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको मसौदा तयारी | १ | १ | १००% |
| १६ | वन आधारित उद्योग र मूल्य शृंखलासम्बन्धी वित्तीय संस्थाका लागि अभिमुखीकरण र क्षमता विकास कार्यक्रम | १ | ० | ०% |
| १७ | वन आधारित उद्योगहरूको प्रवर्द्धनबारे संघसंस्थाहरूसँग अन्तरक्रिया | २ | ० | ०% |
| १८ | वन आधारित उद्योगका श्रमिकहरूको स्वास्थ्य सुरक्षासम्बन्धी क्षमता विकास कार्यक्रम | २ | ० | ०% |

## संभाग-४: परियोजना सुशासन, अनुगमन र अध्ययन

| क.सं. | वार्षिक क्रियाकलाप | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १९ | प्रादेशिक परियोजना सञ्चालन/समन्वय समिति बैठक | ३ कार्यक्रम | ३ कार्यक्रम | १००% |
| २० | फर्निचर र फिक्स्चर | १ | १ | १००% |
| २१ | प्रिन्टर खरिद | ५ | ५ | १००% |
| २२ | डेस्कटप खरिद | २ | २ | १००% |
| २३ | वनसम्बन्धी विभिन्न उपकरण तथा सामग्री | १ प्याकेज | १ | १००% |
| २४ | अध्ययन भ्रमण | १ | ० | ०% |
| २५ | दिवस उत्सव | ४ | २ | ५०% |

## ख. डिभिजन वन कार्यालय

मधेश प्रदेशका ८ डिभिजन वन कार्यालयहरूले मुख्यतया तीन संभागमा आधारित गतिविधिहरू सञ्चालन गरेका छन्।

**संभाग-१: नीति र क्षमता विकास** अन्तर्गत सबै ८ लक्ष्य पूरा भएका छन्, जसमा निजी वनका लागि क्षमता अभिवृद्धि तालिम ८७.५% प्रगति भएको छ।

**संभाग-२: समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरू मार्फत वृक्षरोपणः** अन्तर्गत सामुदायिक वन र वन सम्बर्द्धन प्रणालीबाट दिगो वन व्यवस्थापनका लागि तालिमहरू सम्पन्न भएका छन्। तर, नयाँ सामुदायिक वन समूह गठन, संवेदनशील वन क्षेत्रको पुनःस्थापना र सामुदायिक वनको कार्ययोजनाहरू कार्यान्वयनमा अपेक्षाकृत कम प्रगति भएको छ।

### संभाग-४: परियोजना व्यवस्थापन, अनुगमन र अध्ययनः

यस संभाग अन्तर्गत कार्यान्वयन अनुगमन र सुपरिवेक्षण, रेकर्ड व्यवस्थापन तालिम जस्ता गतिविधिहरूमा शत प्रतिशत प्रगति हासिल गरिएको छ। समग्रमा, डिभिजन वन कार्यालयहरूको गतिविधिमा ७९% प्रगति देखिएको छ, जसले ठोस प्रयासहरू भए पनि अझै केही चुनौतीहरूको समाधान गर्न आवश्यक देखिन्छ।

संभाग अनुसारको क्रियाकलापहरूको प्रगति तलको तालिकामा देखाइएको छ ।

### संभाग-१: नीति र क्षमता विकास

| क्र.सं. | वार्षिक क्रियाकलाप | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १ | डिभिजन/सब डिभिजन वन कार्यालय र स्थानीय तहसँग अन्तरक्रिया र समन्वय बैठक | ८ | ८ | १००% |
| २ | निजी वन संजार तथा निजी वन धनीहरूको क्षमता अभिवृद्धि तालिम | ८ | ७ | ८७.५% |

### संभाग-२: समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना किसान वृक्षरोपण

| क्र.सं. | वार्षिक गतिविधिहरू | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| ३ | सामुदायिक आधारित दिगो वन व्यवस्थापनमा डिभिजन स्तरीय अभिमुखीकरण | ८ | ८ | १००% |
| ४ | दिगो वन व्यवस्थापन र वन सम्बर्द्धन प्रणाली कार्यान्वयन क्षमता अभिवृद्धि | ८ | ८ | १००% |

| क्र.सं. | वार्षिक गतिविधिहरू | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| ५ | वन उपभोक्ता समूहलाई वन सम्बर्द्धन प्रणाली/दिगो वन व्यवस्थापन तालिम | ८ | ८ | १००% |
| ६ | वन व्यवस्थापन फिल्ड अभ्यास | ८ | ८ | १००% |
| ७ | नर्सरी मर्मत/व्यवस्थापन | १६ | १६ | १००% |
| ८ | सामुदायिक । कवुलियती वन व्यवस्थापनको कार्यान्वयन योजना कार्यान्वयन (सामुदायिक आधारित वन व्यवस्थापन अनुदान) | ७ प्याकेज | ५ | ७१% |
| ९ | सामुदायिक वन नवीकरण र कार्यान्वयन योजनाको नवीकरणमा सहयोग | ४० | ३० | ७५% |
| १० | सामुदायिक वन समूहहरूको गठन, हस्तान्तरण र कार्यान्वयन योजना कार्यान्वयन | ८ | ३ | ३७.५% |
| ११ | वन डढेलो नियन्त्रण, व्यवस्थापन र योजना कार्यान्वयन | ८ | ६ | ७५% |
| १२ | वन्यजन्तु संरक्षण र व्यवस्थापन | २ | २ | १००% |
| १३ | दुई वर्षे वन बिरुवा उत्पादन र वितरण (धनुषा र रौतहटमा प्रति जिल्ला ५० हजार) | १०० | १०५ | १०५% |
| १४ | घाटगद्दी र डिपो निर्माण र सुधार | ३ | ३ | १००% |
| १५ | कवुलियती वनको कार्यान्वयन योजना नवीकरण | १५ | १० | ६७% |
| १६ | साझेदारी वन दिगो व्यवस्थापन कार्यान्वयन योजना तयारी र नवीकरण | १० | ६ | ६०% |
| १७ | सामुदायिक वन उपभोक्ता समूहको दिगो वन व्यवस्थापन योजना तयारी | २४ | २ | ८% |
| १८ | सामुदायिक (कवुलियती वनमा आधारित) वन उपभोक्ता समूह गठन, कार्यान्वयन योजना तयारी र हस्तान्तरण | ६ | ० | ०% |
| १९ | साझेदारी वन कार्यान्वयन योजना कार्यान्वयन (सामुदायिक आधारित वन व्यवस्थापन अनुदान) | १७ | ४ | २४% |
| २० | सामुदायिक वनमा संवेदनशील क्षेत्रहरूको पुनःस्थापना (हट स्पट), (समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदान) | ८ | १ | १२.५% |

### संभाग-४ः परियोजना सुशासन, अनुगमन र अध्ययन

| क्र.सं. | वार्षिक गतिविधिहरू | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| २१ | दिगो वन व्यवस्थापन कार्यान्वयन योजना अनुगमन र सुपरिवेक्षण | ८ | ६ | ७५% |
| २२ | उपभोक्ता समूहहरूका लागि अभिलेख र लेखा व्यवस्थापन तालिम | ८ | ८ | १००% |

## ग. स्थानीय तहहरूको गतिविधि र प्रगतिः

मधेश प्रदेशका २५ स्थानीय तहहरूले मुख्यतया तीन संभागमा आधारित गतिविधिहरू सञ्चालन गरेका छन्।

### संभाग-१ः नीति र क्षमता विकासः

यस संभाग अन्तर्गत १० लक्ष्यमध्ये ८ भन्दा धेरै ९०% भन्दा माथिको प्रगतिमा छन्। जस्तै, वन नीति, वातावरण र वनमा आधारित उद्यमका लागि कार्यशालाहरू, वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापनबारे न्यायिक समितिहरूका लागि अभिमुखीकरण र पालिकास्तरीय क्षमता विकास कार्यक्रमहरू प्रभावकारी रूपमा सम्पन्न भएका छन्।

### संभाग-२ः समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरू मार्फत वृक्षरोपणः

यस संभाग नै स्थानीय तहहरूले कार्यान्वयन गर्ने मूख्य कार्यक्रम रहेको छ । यस अन्तर्गत सार्वजनिक र निजी जमिन व्यवस्थापन, वृक्षरोपण र सम्वर्धनसम्बन्धी कार्यक्रमहरूमा आंशिक प्रगति भएको छ। उदाहरणका लागि, १२२ लक्ष्यमध्ये ६९ वटा सार्वजनिक जग्गा व्यवस्थापनको लागि तयारी भएको छ । यस संभागमा ५७% मात्र प्रगति भएको छ। निजी वृक्षरोपण २.८५% र सार्वजनिक वृक्षरोपण २२.७२% मात्र प्रगति भएको छ, जसले यो क्षेत्रमा थप ध्यान दिन आवश्यक रहेको देखिन्छ।

### संभाग-४ः परियोजना सुशासन, अनुगमन र अध्ययनः

यस संभाग अन्तर्गत वार्षिक योजना तर्जुमा र समिक्षा बैठकजस्ता गतिविधिहरू १००% पूरा भएका छन्। समग्रमा, स्थानीय तहहरूको प्रगतिमा ७८% सफलता हासिल भएको छ, तर मूख्य रुपमा वित्तीय प्रतिवेदन अनुसारको प्रगति हासिल हुन सकेको छैन । आगामी बर्षमा सुधारका लागि धेरै कार्य गर्न आवश्यक रहेको छ ।

संभाग अनुसारको क्रियाकलापहरूको प्रगति तलको तालिकामा देखाइएको छ ।

## संभाग-१: नीति र क्षमता विकास

| क.सं. | वार्षिक क्रियाकलाप | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १ | वन नीति, वातावरण र वन आधारित उद्यमबारे निर्वाचित निकायलाई कार्यशाला | १ | १ | १००% |
| २ | वातावरणीय र सामाजिक सुरक्षाका लागि न्यायिक समितिका लागि अभिमुखीकरण कार्यशाला | ६ | ४ | ६७% |
| ३ | वन व्यवस्थापन समूहहरूलाई GESI मा क्षमता अभिवृद्धि तालिम | २ | ० | ०% |
| ४ | पालिकाको वन, वातावरण र विपद् व्यवस्थापन समितिको बैठक | २५ | २३ | ९२% |
| ५ | भू-उपयोग योजना तयार गर्ने तथा यसको महत्वबारे अन्तरक्रिया कार्यशाला | २ | १ | ५०% |
| ६ | पालिका कार्यालय उपकरण (डेस्कटप कम्प्युटर, प्रिन्टर आदि) खरिद | १ | १ | १००% |
| ७ | कार्यक्रम अनुगमन र मूल्याङ्कन | १ | १ | १००% |
| ८ | निजी वन र वन उद्यम दर्ताका लागि अभिलेख प्रणाली स्थापना सहयोग | १ | ० | ०% |
| ९ | ईन्धन र मोटरसाइकल मर्मत | २५ | २२ | ८८% |
| १० | वन प्राविधिकहरूको तलब | २५ | २३ | ९२% |

## संभाग-२: समुदायमा आधारित दिगो वन व्यवस्थापन र साना किसान वृक्षरोपण

| क.सं. | वार्षिक क्रियाकलाप | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| ११ | सामुदायिक वनहरूलाई GESI र वातावरण संरक्षणबारे तालिम | ४ | ३ | ७५% |
| १२ | सार्वजनिक जग्गा व्यवस्थापन, समूह गठन र दर्ता | १२२ | ६९ | ५७% |
| १३ | निजी र सार्वजनिक जग्गामा वृक्षरोपणका विधि र प्रक्रिया अभिमुखीकरण | १२२ | ८२ | ६७% |

| क्र.सं. | वार्षिक क्रियाकलाप | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १४ | निजी, सार्वजनिक र सार्वजनिक जग्गाको पहिचान र पुनर्स्थापना योजना तयार गर्ने | २५ | २१ | ८४% |
| १५ | भू तथा जल संरक्षण, जमिन तयारी र जोखिम न्यूनीकरणको लागि सहयोग | २५ | १३ | ५२% |
| १६ | सार्वजनिक वृक्षरोपणको मर्मत | ६ | १ | १७% |
| १७ | निजी वृक्षरोपण (हेक्टर) | ८०० | २२.८२ | २.८५% |
| १८ | सार्वजनिक वृक्षरोपण (हेक्टर) | २५० | ५६.८१ | २२.७२% |
| १९ | नतिजामा आधारित वृक्षरोपण अनुदान अनुगमन | २५ | १३ | ५२% |

### संभाग-४ः परियोजना सुशासन, अनुगमन र अध्ययन

| क्र.सं. | वार्षिक क्रियाकलाप | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| २० | वार्षिक योजना तयारी गोष्ठी | २ | ३ | १५०% |
| २१ | वन क्षेत्रसँग सम्बन्धित सरोकारवालासँग वार्षिक योजना र समीक्षा बैठक | २५ | २१ | ८४% |
| २२ | वन तथा वातावरण शाखालाई सहयोग | २५ | २० | ८०% |

### समग्र विश्लेषणः

तीनै तह (प्रादेशिक परियोजना व्यवस्थापन इकाई, डिभिजन वन कार्यालय र स्थानीय तहहरू) का गतिविधिहरूमा मिश्रित परिणाम देखिएका छन्। समग्र रूपमा, नीति र क्षमता विकास तथा परियोजना सुशासन र अनुगमनका क्षेत्रमा प्रगति सन्तोषजनक भए पनि सामुदायिक वन व्यवस्थापन र वन उद्यमको सुधार तथा विकासका क्षेत्रमा कमजोर प्रगति देखिएको छ। यसले यी कमजोर क्षेत्रहरूको थप अनुगमन, स्रोतसाधन व्यवस्थापन र योजनाहरूको पुनर्तर्जुमा आवश्यक रहेको संकेत गर्छ।

## वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्डहरूको कार्यान्वयन

यस परियोजनाले दिगो वन व्यवस्थापनको प्रभावकारी कार्यान्वयनका लागि अनुकूल परिस्थितिहरू सिर्जना गर्न, संस्थागत व्यवस्थाहरू बनाउने र क्षमता विकास गर्ने माध्यमबाट दीर्घकालीन सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । साथै यो परियोजनाले नेपाल सरकारका कानून र

विश्व बैंकको वातावरणीय तथा सामाजिक नीति अनुसरण गरेर सम्भावित नकारात्मक प्रभावलाई कम गर्न सुरक्षात्मक उपायहरू अपनाउन आवश्यक छ । परियोजनाले वातावरणीय तथा सामाजिक सुरक्षाका दृष्टिकोणले तयार गरेको दस्तावेज वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा (ESMF - Environment and Social Management Framework) तयार गरिएको छ । यसैमा आधारित रहेर वातावरणीय तथा सामाजिक मापदण्डको कार्यान्वयन गरी निम्न बमोजिम प्रगति प्रस्तुत गरिएको छ ।

### वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्डमा गरिएका योजनाहरूको कार्यान्वयनः

- वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कन (ESIA – Environmental and Social Impact Assessment) नेपाल सरकार तथा विश्व बैंकको नीति अनुरूप हुनेछ।
- सामुदायिक वन व्यवस्थापन समूह गठन, वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना तयार पार्ने र सार्वजनिक/निजी जग्गा वृक्षरोपणका लागि आवेदन आएका क्षेत्रहरूको वातावरणीय तथा सामाजिक स्क्रिनिङ सम्बन्धित कार्य डिभिजन वन कार्यालयले तथा सम्बन्धित स्थानीय तहहरूले PPMU का वातावरणीय तथा सामाजिक सुरक्षा विशेषज्ञहरूको सहयोगमा गर्नेछ।
- साना र मझौला उद्यमहरू (SMEs) हरू का लागि ESRM (Environmental and Social Risk Management) र ESDD (Environmental and Social Due Diligence) प्रतिवेदन तयार गरिनेछ।

### तथ्याङ्क सङ्कलन सामग्रीहरूको विकासः

### स्क्रिनिङ चेकलिस्टहरू (नेपाली र अंग्रेजी भाषामा):

- सार्वजनिक तथा निजी वृक्षरोपण स्थल
- घाटगद्दी, डिपो निर्माण तथा स्तरोन्नतिको
- वनमा आधारित उद्यमहरू (ADBL को ऋण प्रयोजनका लागि)
- नर्सरी स्थापना तथा स्तरोन्नति
- सामुदायिक वन उपभोक्ता समूह (CFUG)
- दिगो वन व्यवस्थापन अभ्यास तथा कार्यान्वयन

### आधारभूत तथ्याङ्क सङ्कलन तथ्यपत्र :

- डिभिजन वन कार्यालयको भवन भवन निर्माण तथा स्तरोन्नतिको तथ्यपत्र
- नर्सरी स्थापना तथा स्तरोन्नतिको तथ्यपत्र

- घाटगद्दी, डिपो निर्माण तथा स्तरोन्नतिको तथ्यपत्र
- वृक्षरोपण स्थलहरूको सिफारिस पत्र र बैठकका नमूनाहरू
- वातावरणीय तथा सामाजिक सुरक्षा अभ्यास संहिताको तयारी (सार्वजनिक तथा निजी जग्गाको लागी, नर्सरी स्थापना तथा स्तरोन्नतिको, घाटगद्दी, डिपो निर्माण तथा स्तरोन्नतिको लागि), ESCoP (Environmental and Social Code of Practice)

### स्थानीय तहहरूका वृक्षरोपण स्थलहरूको वातावरणीय तथा सामाजिक स्क्रिनिङको परिणामः

| विवरण | संख्या |
|---|---|
| E&S स्क्रिनिङ गरिएका स्थानीय तहहरू | २३ (कुल २५ मध्येको पालिका) |
| पहिचान गरिएका वृक्षरोपण स्थलहरू | २४५ |
| छनोट गरिएका स्थलहरू | २२३ (सार्वजनिकः ६५, महिला स्वामित्वः २८, पुरुष स्वामित्वः १३०) |
| अस्वीकृत स्थलहरू | २२ |
| छनोट गरिएको स्थलको क्षेत्रफल | ५,९५२.०८ कठ्ठा (२०१.५६ हेक्टर) |
| सार्वजनिक जग्गाको क्षेत्रफल | ३,७३५.५१ कठ्ठा (१२६.५ हेक्टर) |
| निजी जग्गाको क्षेत्रफल | २,२१६.५७ कठ्ठा (७५.०६ हेक्टर) |

### SMEs को ESRM र ESDD तयारी (ADBL ऋण प्रक्रिया):

१. आजाद स मिल एन्ड फर्निचर उद्योग, खडक नगरपालिका—०८, सप्तरी
२. बानु स मिल एन्ड फर्निचर उद्योग, खडक नगरपालिका—०५, सप्तरी
३. नवदुर्गा स मिल एन्ड फर्निचर उद्योग, बर्दिवास नगरपालिका—०२, महोत्तरी
४. रेन स मिल एन्ड फर्निचर उद्योग, सुरुङ्गा नगरपालिका—०५, सप्तरी
५. सचिन स मिल एन्ड फर्निचर उद्योग, जलेश्वर नगरपालिका—०८, महोत्तरी

### वातावरणीय र सामाजिक प्रभाव र समस्याहरूः

### वातावरणीय प्रभाव र समस्याहरूः

- वृक्षरोपण स्थलगत व्यवस्थापनका लागि कुनै बजेट छुट्याइएको छैन।

- स्थलगत व्यवस्थापनका लागि घेर बार लगाउने, पानी व्यवस्थापन गर्ने र वन हेरालु नियुक्त गर्ने आवश्यकता।
- स्थानीयका माग अनुसारका बिरुवा उपलब्ध गराउन समस्या।
- बजेट स्थानीय जनताको माग र आवश्यकता अनुसार नछुट्याइएको ।

### सामाजिक प्रभाव र समस्याहरू:

- सामुदायिक समूहहरू वृक्षरोपण स्थल व्यवस्थापनमा पूर्ण रूपमा सचेत छैनन्।
- सामुदायिक योगदानको स्वामित्वमा शून्य प्रतिशत जिम्मेवारी।
- धार्मिक र सांस्कृतिक बिरुवाको उपलब्धता अभाव।
- वडाअध्यक्ष र अन्य सरोकारवालाहरूलाई परियोजनाको उद्देश्यबारे पर्याप्त जानकारीको अभाव।
- उचित हेरचाहको अभावले रोपिएका बिरुवाहरू मर्ने तथा अस्वस्थ हुने।

### निष्कर्ष र सिफारिसहरू:

परियोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न र दीर्घकालीन सकारात्मक प्रभाव पार्न निम्न सिफारिसहरू गर्न सकिन्छ:

#### १. सामुदायिक सचेतना अभिवृद्धि:

वृक्षरोपण स्थलहरूको व्यवस्थापनमा सामुदायिक समूहहरूको सहभागीता बढाउन सचेतना कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नुपर्नेछ । वृक्षरोपणको स्वामित्व र यसको लाभ समुदायमा पुग्ने गरी जानकारी प्रसार गर्न प्राथमिकता दिनुपर्नेछ ।

#### २. वृक्षरोपण व्यवस्थापनका लागि वित्तीय योजना:

स्थलगत व्यवस्थापनका लागि बार लगाउने, पानीको व्यवस्थापन गर्ने र वन हेरालु नियुक्त गर्ने जस्ता कार्यहरूलाई सहज बनाउन निश्चित बजेट छुट्याउनु पर्नेछ । यसका लागि स्थानीय जनताको माग र आवश्यकतालाई प्राथमिकतामा राखेर बजेट योजना तयार गरिनुपर्छ।

#### ३. धार्मिक र सांस्कृतिक बिरुवा उपलब्धता:

वृक्षरोपण कार्यलाई स्थानीय समुदायको सांस्कृतिक र धार्मिक मान्यतासँग जोड्न धार्मिक तथा सांस्कृतिक महत्त्वका बिरुवाहरूको आपूर्ति सुनिश्चित गरिनुपर्छ। यसले समुदायमा स्वामित्व भावना र वृक्षरोपणको दीर्घकालीन स्थायित्व बढाउनेछ।

### ४. सरोकारवालाहरूको क्षमता विकासः

वडाअध्यक्ष, डिभिजन वन कार्यालयका प्राविधिकहरू र अन्य सरोकारवालाहरूलाई परियोजनाको उद्देश्य, प्रक्रिया र वातावरणीय तथा सामाजिक स्क्रिनिङका विधिहरूमा अभिमुखीकरण (training) गराउनुपर्छ।

### ५. स्थानीय नेतृत्वको सशक्तीकरणः

वृक्षरोपणको व्यवस्थापनलाई सफल बनाउन स्थानीय नेतृत्वलाई सशक्त बनाउनु आवश्यक छ। समुदायका प्रतिनिधिहरूलाई परियोजनाको नेतृत्वमा सामेल गराएर निर्णय प्रक्रियामा सहभागी थप व्यवस्थित गराउनु पर्छ।

### ६. SME हरूसँगको सहकार्यलाई सुदृढ पार्नेः

SME हरूका लागि ESRM र ESDD प्रक्रिया प्रभावकारी रूपमा लागू गर्न, कृषि विकास बैङ्क र प्रदेश वन निर्देशनालय, परियोजना व्यवस्थापन इकाई बीच थप सहकार्य गर्नुपर्छ। साना र मझौला उद्योगहरूलाई आवश्यक पर्ने वातावरणीय र सामाजिक सुरक्षात्मक उपायहरूको कार्यान्वयन सुनिश्चित गरिनुपर्छ।

### ७. प्राविधिक सहयोगलाई सुदृढ पार्नेः

वृक्षरोपण स्थलगत समस्याहरू जस्तै बिरुवा मर्नु, उचित हेरचाहको अभाव आदिलाई समाधान गर्न प्राविधिक सहयोग र निरन्तर अनुगमनको व्यवस्था गरिनुपर्छ।

### ८. नियमित अनुगमन र मूल्याङ्कनः

परियोजनाको प्रगति र प्रभावकारितालाई नाप्न नियमित अनुगमन र मूल्याङ्कन गर्नुपर्छ। यसले सम्भावित समस्या पहिचान गर्न र सुधारका उपाय तत्काल लागू गर्न सहयोग गर्दछ।

### ९. स्थानअनुसार रणनीतिक योजनाः

परियोजनाका उद्देश्यहरूलाई स्थान विशेषको आवश्यकता अनुसार पुनःनिर्धारण गर्नुपर्छ। यसले हरेक स्थानमा फरक चुनौतीहरूको समाधान गर्ने प्रभावकारी तरिका दिन्छ।

## निष्कर्ष

परियोजनाले दिगो वन व्यवस्थापन र वातावरणीय तथा सामाजिक-पर्यावरणीय क्षेत्रमा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने उद्देश्य राखेको भए पनि, हालसम्मको कार्यान्वयनले विभिन्न चुनौतीहरू र समस्याहरूलाई औंल्याएका छ। वृक्षरोपण स्थलहरूको व्यवस्थापन, समुदायमा स्वामित्व भावना जगाउने, बजेट व्यवस्थापन, तथा सरोकारवालाहरूको सहभागीता अभावजस्ता मुख्य समस्याहरूले परियोजनाको सफलता संकुचित बनाएको देखिन्छ। सामुदायिक समूहहरू, वडाअध्यक्ष र अन्य

सरोकारवालाहरूको सहभागीता र जानकारीको अभावले परियोजनाको दिगो उद्देश्यलाई प्रभावित गर्न सक्ने सम्भावना छ।

परियोजनाको सफलताका लागि सरोकारवालाहरूको क्षमता विकास, व्यवस्थित योजना कार्यान्वयन र स्थानीय तहहरूको सक्रिय भूमिकालाई प्राथमिकता दिनुपर्ने देखिन्छ। विशेष गरी, वृक्षरोपण स्थलहरूको व्यवस्थापन, बजेटको लक्षित उपयोग र परियोजनाको दीर्घकालीन फाइदाहरूबारे समुदाय र स्थानीय तहलाई स्पष्ट सन्देश पुर्‍याउनु अत्यावश्यक छ।

यो परियोजनाले सामुदायिक जागरूकता, क्षमता विकास र उचित बजेट व्यवस्थापनमार्फत दिगो वन व्यवस्थापनको अभ्यासलाई सफलतापूर्वक लागू गर्न सक्ने अवसर प्रदान गर्दछ। यद्यपि, परियोजनाका सुरुवाती चुनौतीहरूको समाधान नगरेमा परियोजनाको प्रभावकारिता र दीर्घकालीन फाइदामा कमी आउने जोखिम कायय नै रहने छ।

## २.४ लुम्बिनी प्रदेश अन्तरगतको प्रगति

लुम्बिनी प्रदेशमा १२ जिल्ला रहेको र १४ वटा डिभिजन वन कार्यालयहरू एवं २५ स्थानीय तहमार्फत समृद्धिका लागि वन परियोजना कार्यक्रम सञ्चालनमा रहेको छ। यस प्रदेशमा विशेष गरी दिगो वन व्यवस्थापनको कार्यलाई प्राथमिकता दिइएको छ ।

परियोजनाको दस्तावेज बमोजिमको संभाग अनुसार निम्न बमोजिमको मूख्य कार्यहरू सञ्चालन भएका थिए ।

### संभाग १ः नीति र क्षमता विकासः

- प्रादेशिक स्तरको नीति/ रणनीति/ दिशानिर्देश/ मापदण्ड निर्माण/ परिमार्जन
- वातावरणीय तथा सामाजिक सुरक्षा / लैङ्गिक तथा सामाजिक समावेशीकरण/ दिगो वन व्यवस्थापन/ वन क्षेत्रमा सुशासनमा क्षमता विकास

### संभाग २ समुदायमा आधारित वन व्यवस्थापन र साना किसानहरू मार्फत वृक्षरोपणः

- नयाँ सामुदायिक वन / साझेदारी वन उपभोक्ता समूहको गठन र हस्तान्तरण
- दिगो वन व्यवस्थापनमा आधारित योजना तयारीमा विद्यमान सामुदायिक वन / साझेदारी वन व्यवस्थापन समूह / कबुलियती वन उपभोक्ता समूहलाई सहयोग
- समुदायमा आधारित वन उपभोक्ता समूहहरूको दिगो वन व्यवस्थापन योजनाहरू तयारी तथा कार्यान्वयनमा सहयोग

### संभाग ३ वन उद्यमको सुधार र विकासः

- नियामक सुधार (काठको कटान, बिक्री, यातायात र उपयोग)

- परियोजना एलएमपी र व्यावसायिक स्वास्थ्य तथा सुरक्षा निर्देशन कार्यान्वयनका लागि क्षमता विकास र सहयोग
- वन-आधारित उद्यमहरूलाई वित्तीय संस्थासँग जोड्न सहयोग
- वन क्षेत्रका उद्यमी/ साना तथा मझौला उद्योग (SMEs) र BDSPOs का लागि क्षमता विकासमा सहयोग

**संभाग ४ परियोजना सुशासन, अनुगमन र अध्ययनः**

- कार्यालय व्यवस्थापन/ विशेषज्ञ सेवा
- परियोजना अनुगमन, ज्ञान व्यवस्थापन र सिकाइ
- परियोजना व्यवस्थापन इकाईका कर्मचारीहरूको क्षमता विकास

लुम्बिनी प्रदेशमा विशेष गरी दिगो वन व्यवस्थापनको लागि विभिन्न कार्यहरू भएको हुँदा समुदायमा आधारित दिगो वन व्यवस्थापन लगायत अनुदान एवं पालिकाहरूबाट सम्पन्न गरिएको सार्वजनिक जग्गामा गरिएको वृक्षरोपण तथा निजी वृक्षरोपणको लागि अनुदानको प्रगति संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

## क. समुदायमा आधारित दिगो वन व्यवस्थापन

समुदायमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम अन्तरगत सामुदायिक वन साझेदारी वन तथा कबुलियती (विपन्नमुखी) वनहरूको नवीकरण तथा कार्ययोजना तयारी एवं कार्ययोजना कार्यान्वयन गर्नको लागि सहयोग परिचालन हुने गरेको छ ।यहाँ संक्षिप्तरुपमा लुम्बिनी प्रदेशको प्रगति प्रस्तुत गरिएको छ।

### सामुदायिक वनः जिल्लागत संक्षिप्त विवरण

सामुदायिक वन (CF) कार्यक्रम अन्तर्गत नयाँ हस्तान्तरण र नवीकरण दुबैमा उल्लेखनीय प्रगति भएको छ। कुल ११ सामुदायिक वन हस्तान्तरण गरिएका छन्, जसले ११८८.७९ हेक्टर क्षेत्रफल ओगटेको छ र १५११ घरधुरी तथा ५४७२ जनसङ्ख्या प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। त्यस्तै, १९८ सामुदायिक वनहरू नवीकरण गरिएका छन्, जसले २२,०६१.११ हेक्टर क्षेत्रफल ओगटेको छ र ८७८६८ घरधुरी तथा ठूलो संख्यामा जनसङ्ख्यालाई प्रत्यक्ष रूपमा फाइदा पुर्याएको छ।

अर्घाखाँचीमा १ वटा सामुदायिक वन हस्तान्तरण गरिएको छ, जसले ११७.३२ हेक्टर क्षेत्र ओगटेको छ र ७४ घरधुरीलाई लाभान्वित गरेको छ भने ९ वटा सामुदायिक वनहरू नवीकरण गरिएको छ, जसले ९८३.२४ हेक्टर क्षेत्र कभर गर्दै ६८२ घरधुरीलाई सहयोग पुर्याएको छ।

नवलपरासीमा ५ वटा सामुदायिक वन नवीकरण गरिएका छन्, जसले १७३४.१ हेक्टर क्षेत्रमा ३७५५ घरधुरी र २०८३४ जनसङ्ख्यालाई प्रत्यक्ष लाभ पुर्याएको छ।

रुकुमपूर्वमा १ वटा सामुदायिक वन हस्तान्तरण गरिएको छ, जसले ११५.८९ हेक्टर क्षेत्र ओगटेको छ। त्यस्तै, ९ वटा सामुदायिक वनहरू नवीकरण गरिएका छन्, जसले ९३७.३५ हेक्टर क्षेत्रले १५८४ घरधुरीलाई फाइदा पुर्याएको छ। गौतमबुद्धमा २ वटा सामुदायिक वनहरू नवीकरण भएका छन्, जसले ३१९.१३ हेक्टर क्षेत्रका २२७ घरधुरीलाई लाभ पुर्याएको छ।

दाङमा १ वटा सामुदायिक वन हस्तान्तरण गरिएको छ, जसले ९५.३ हेक्टर क्षेत्रमा १५० घरधुरीलाई लाभ पुर्याएको छ । त्यस्तै, १९ वटा सामुदायिक वनहरू नवीकरण गरिएको छ, जसले ३०६९ हेक्टर क्षेत्र कभर गर्दै ३०४५ घरधुरी र १५३३७ जनसङ्ख्यालाई सहयोग पुर्याएको छ। पाल्पामा १ वटा सामुदायिक वन हस्तान्तरण गरिएको छ र ४५ वटा सामुदायिक वनहरू नवीकरण गरिएका छन्, जसले २३३८.९ हेक्टर क्षेत्र ओगटेको छ।

प्यूठानमा २ वटा सामुदायिक वनहरू हस्तान्तरण गरिएका छन्, जसले ३५१.२१ हेक्टर क्षेत्र ओगटेको छ। साथै, २५ वटा सामुदायिक वनहरू नवीकरण गरिएका छन्, जसले २६६७.४६ हेक्टर क्षेत्रका ४९१५ घरधुरीलाई सहयोग पुर्याएको छ। बर्दियामा २ वटा सामुदायिक वनहरू हस्तान्तरण गरिएका छन्, जसले १९.८३ हेक्टर क्षेत्र ओगटेको छ भने ५२ वटा सामुदायिक वनहरू नवीकरण गरिएका छन्, जसले ५९०१.९ हेक्टर क्षेत्रका ६४५५१ घरधुरी र ९६४८४ जनसङ्ख्यालाई प्रत्यक्ष लाभ पुर्याएको छ।

रुपन्देहीमा १० वटा सामुदायिक वनहरू नवीकरण गरिएका छन्, जसले ८५२.४६ हेक्टर क्षेत्र ओगटेको छ। गुल्मीमा ४ वटा सामुदायिक वनहरू नवीकरण गरिएको छ भने रोल्पामा १२ सामुदायिक वनहरू नवीकरण भएका छन्। अन्तमा, कपिलबस्तुमा र देउखुरीमा २ वटा सामुदायिक वनहरू नवीकरण गरी हजारौं घरधुरीलाई लाभ पुर्याइएको छ।

कुलमा, २२,०६१.११ हेक्टर क्षेत्रफलमा १९८ सामुदायिक वनहरू नवीकरण भएका छन् र नयाँ ११ सामुदायिक वनहरू हस्तान्तरण गरिएको छ। यस कार्यक्रमले हजारौं घरधुरीलाई प्रत्यक्ष रूपमा लाभ पुर्याउँदै सामुदायिक वन व्यवस्थापनलाई दिगो र समुन्नत बनाएको छ।

### तालिका नं १२ लुम्बिनी प्रदेशमा सामुदायिक वन हस्तान्तरण तथा नविवकरण विवरण

| क्रस | जिल्ला | सामुदायिक वन हस्तान्तरण | | | | सामुदायिक वन नवीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | क्षेत्रफल (हेक्टर) | घरधुरी संख्या | जनसंख्या | नवीकरण संख्या | क्षेत्रफल (हेक्टर) | घरधुरी संख्या | जनसंख्या |
| १ | अर्घाखाँची | १ | ११७.३२ | ७४ | ६३१ | ९ | ९८३.२४ | ६८२ | ३४५५ |
| २ | नवलपरासी | | | | | ५ | १७३४.१ | ३७५५ | २०८३४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | रुकुमपूर्व | १ | ११५.८९ | १५९ | ५३४ | ९ | ९३७.३५ | १५८४ | ७८२७ |
| ४ | गौतमबुद्ध | | | | | २ | ३१९.१३ | २२७ | १४५५ |
| ५ | दाङ | १ | ९५.३ | १५० | ७५६ | १९ | ३०६९ | ३०४५ | १५३३७ |
| ६ | पाल्पा | १ | ८६.१ | ४१ | २६६ | ४५ | २३३८.९ | ३५६७ | २०२२२ |
| ७ | प्यूठान | २ | ३५१.२१ | १७५ | ० | २५ | २६६७.४६ | ४९१५ | |
| ८ | बर्दिया | २ | १९.८३ | ३३८ | १६५७ | ५२ | ५९०१.९ | ६४५५१ | ९६४८४ |
| ९ | रुपन्देही | १ | १०.६६ | ५८ | ८१४ | १० | ८५२.४६ | १८८४ | ५४५ |
| १० | गुल्मी | | | | | ४ | १४३.१४ | ४३६ | २८८१ |
| ११ | रोल्पा | | | | | १२ | २१६९.४७ | ९९४ | ५२६४ |
| १२ | कपिलबस्तु | २ | ३९२.४७ | ४७८ | | ४ | ५५.६४ | ६३९ | |
| १३ | देउखुरी | | | | | २ | ८८९.३२ | १५८९ | ८०८० |
| जम्मा | | ११ | ११८८.७९ | १५११ | ५४७२ | १९८ | २२०६१.११ | ८७८६८ | |

## साझेदारी वन व्यवस्थापन

साझेदारी वन व्यवस्थापनको कार्य रुपन्देही र नवलपरासी जिल्लामा सम्पन्न भएको छ । निम्न बमोजिम साझेदारी वनमा कार्यहरू भएको थियो ।

### रुपन्देही

- वनको नाम: लुम्बिनी साझेदारी वन
- क्षेत्रफल: १३२१ हेक्टर
- व्यवस्थापन योजना: १० वर्षे व्यवस्थापन योजना नवीकरण

### परासी

- वनको नाम: बुद्धशान्ति साझेदारी वन
- क्षेत्रफल: १२०४ हेक्टर
- व्यवस्थापन योजना: १० वर्षे व्यवस्थापन योजना नवीकरण

## कबुलियती वन व्यवस्थापन (विपन्नहरूको लागी)

कबुलियती वनको कार्यक्रम पाल्पा र प्यूठानमा सञ्चालन भएको छ ।

### पाल्पा

नयाँ कबुलियती वन उपभोक्ता समूहहरू: १०

- क्षेत्रफलः ९२ हेक्टर
- घरधुरीः ११५ गरिब परिवारहरूलाई हस्तान्तरण

कबुलियती वन समूहहरूको नवीकरण । कार्ययोजना नवीकरणः २५

- क्षेत्रफलः २८६ हेक्टर
- घरधुरीः २९२ परिवारहरू

### प्यूठान

कबुलियती वन समूहहरूको नवीकरण । कार्ययोजना नवीकरणः १०

- क्षेत्रफलः ४८.०९ हेक्टर
- घरधुरीः ११८ परिवारहरू

## ख. समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदानः जिल्लागत प्रगति संक्षिप्त विवरण

अर्घाखाँचीमा ३ वटा उपभोक्ता समूहले ६४९.८५ हेक्टर क्षेत्रफलमा गतिविधिहरू सञ्चालन गरेका छन्। दिगो वन व्यवस्थापनका लागि २४४० मिटर बार लगाउने काम र ६ हेक्टर क्षेत्र सफा गरिएको छ। यी कार्यहरूका लागि कुल खर्च १६,९४,५२७ रुपैयाँ रहेको छ। यसले १४८ घरधुरी (८२६ जनसङ्ख्या) लाई प्रत्यक्ष लाभ पुर्‍याएको छ भने ४६६ रोजगारका अवसर सिर्जना गरेको छ। यससँगै ६१,००८ क्यूबिक फिट काठ र १९.५ चट्टा इन्धनको उत्पादन गरिएको छ, जसले समुदायलाई वन संसाधनको प्रयोगमा सहयोग गरेको छ।

गौतमबुद्धमा २ वटा उपभोक्ता समूहले ५०८१.९७ हेक्टर क्षेत्रफलमा वन संरक्षणका गतिविधिहरू सम्पन्न गरेका छन्। मुख्यतः ४०.३८ हेक्टर क्षेत्रमा पुनरूत्पादन कटानी व्यवस्थापन गरिएको छ। यी कार्यका लागि कुल खर्च १,४१,७६,२६७ रुपैयाँ रहेको छ। यसले १८,३२५ घरधुरी र १,२१,३५९ जनसङ्ख्या लाई प्रत्यक्ष लाभ पुर्‍याएको छ भने ४२०० रोजगारी सिर्जना गरिएको छ। यसले वन स्रोतको दीर्घकालीन संरक्षण र स्थानीय जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

कपिलबस्तुमा १४ वटा उपभोक्ता समूहले १,३९९.६७ हेक्टर क्षेत्रमा Thinning र Improvement कटानको कार्य सम्पन्न गरेका छन्। यसका अतिरिक्त ११ समूहले ८३.५८ हेक्टर क्षेत्रमा पुनरुत्पादन कटान गरेका छन्। यस क्रममा ८७६.५८ हेक्टर क्षेत्रमा Thinning गरिएको छ र १२,५८९ Cft काठ तथा ३८.५ चट्टा इन्धनको उत्पादन गरिएको छ। यी कार्यका लागि २,१२,९३,१३८ रुपैयाँ खर्च भएको छ। यसले ६७,७१० घरधुरी र ३,९९,९३९ जनसङ्ख्या लाई प्रत्यक्ष लाभ पुर्‍याएको छ। वन क्षेत्रको उत्पादनशीलता वृद्धि गर्दै स्थानीय रोजगार सृजनामा यसले महत्वपूर्ण भूमिका खेलेको छ।

रुपन्देहीमा ४ वटा उपभोक्ता समूहले २,३९५ हेक्टर क्षेत्रमा ३,९५९ मिटर संरक्षण बार निर्माण गरेका छन् भने २,२५१ हेक्टर क्षेत्रमा वन संरक्षण, पुनरुत्पादन कटान र विरुवा उत्पादनका कार्यहरू सम्पन्न भएका छन्। यसका लागि कुल १,५३,२५,९०३ रुपैयाँ खर्च भएको छ। यस कार्यले वन स्रोत संरक्षणमा ठूलो योगदान पुर्‍याएको छ भने स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुर्‍याएको छ भने कार्यान्वयन गरिएको यसले रोजगारीको अवसर सिर्जना गरेको छ।

समग्रमा, समुदायमा आधारित दिगो वन व्यवस्थापन अनुदान कार्यक्रमले ३९ उपभोक्ता समूहहरूलाई संलग्न गराउँदै ११,८६१ हेक्टर क्षेत्रफलमा गतिविधि सम्पन्न गरेको छ। कुल ३,११,५२,९३५ रुपैयाँ खर्च गर्दै यस कार्यक्रमले हजारौं घरधुरी र जनसङ्ख्यालाई प्रत्यक्ष लाभ पुर्‍याउनुका साथै रोजगारीका अवसरहरू सिर्जना गरेको छ। यी प्रयासहरूले वन स्रोतको दीर्घकालीन संरक्षण र दिगो प्रयोगका लागि महत्वपूर्ण योगदान पुर्‍याएका छन्।

## ग. सार्वजनिक र निजी वृक्षरोपण प्रगति

यो कार्यक्रम स्थानीय तहहरूबाट कार्यान्वयन भैरहेको छ । सार्वजनिक र निजी वृक्षरोपण कार्यक्रम अन्तर्गत कुल ७५.३२ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको छ। यसमा ४५.४५ हेक्टर सार्वजनिक वृक्षरोपण र २९.८८ हेक्टर निजी वृक्षरोपण रहेको छ। सबैभन्दा धेरै वृक्षरोपण रासी, दाङमा गरिएको छ, जहाँ २०.५४ हेक्टर सार्वजनिक वृक्षरोपण गरिएको छ। निजी वृक्षरोपणतर्फ बगनासकाली, पाल्पा सबैभन्दा अगाडि रहेको छ, जहाँ १०.३९ हेक्टर वृक्षरोपण भएको छ। सार्वजनिक र निजी दुवै प्रकारको वृक्षरोपण भएको प्रमुख क्षेत्रहरूमा बंगलाचुली, दाङ (१०.७१ हेक्टर) र खजुरा, बाँके (४.०९ हेक्टर) रहेका छन्।

क्षेत्रगत हिसाबले पाल्पा, दाङ र रुपन्देही जिल्लाहरूले वृक्षरोपणमा महत्वपूर्ण योगदान दिएका छन्। घोराही, दाङ (३.३४ हेक्टर), कन्चन, रुपन्देही (२.६२ हेक्टर) र अन्य क्षेत्रहरूमा पनि सार्वजनिक वृक्षरोपण उल्लेखनीय रहेको छ। बडैयाताल, बर्दिया जस्ता क्षेत्रहरूमा निजी वृक्षरोपण सानो परिमाणमा (०.१३ हेक्टर) भए पनि यो महत्त्वपूर्ण सुरुवात हो। यस वृक्षरोपण कार्यक्रमले वातावरणीय सन्तुलन कायम राख्ने, हरियाली विस्तार गर्ने र सामुदायिक संलग्नतालाई प्रोत्साहन गर्ने महत्वपूर्ण कदमको रूपमा काम गरेको छ।

समग्रमा सार्वजनिक र निजी जग्गामा गरिएको वृक्षरोपणले प्राकृतिक स्रोतको संरक्षण गर्दै दिगो विकासको मार्गमा स्थानीय समुदायलाई संलग्न गराएको छ। यस कार्यक्रमले वातावरणीय सुधारमा महत्वपूर्ण योगदान पुर्याउँदै हरियाली विस्तारको राम्रो उदाहरण प्रस्तुत गरेको छ।

## तालिका नं १३ लुम्बिनी प्रदेशमा सार्वजनिक तथा निजी वृक्षरोपणको विवरण

| क्र.सं. | स्थानीय तह तथा जिल्ला | सार्वजनिक वृक्षरोपण (हेक्टर) | निजी वृक्षरोपण (हेक्टर) | जम्मा वृक्षरोपण (हेक्टर) |
|---|---|---|---|---|
| १ | रासी, दाङ | २०.५४ | ० | २०.५४ |
| २ | बगनासकाली, पाल्पा | ०.५ | १०.३९ | १०.८९ |
| ३ | बंगलाचुली, दाङ | ३.७६ | ६.९५ | १०.७१ |
| ४ | रैनादेवी छहरा, पाल्पा | १ | ४.१ | ५.१ |
| ५ | शितगंगा, अर्घाखाँची | ० | ४.९ | ४.९ |
| ६ | घोराही, दाङ | ३.३४ | ०.९५ | ४.२९ |
| ७ | तिनाउ, पाल्पा | २.३८ | ०.५ | २.८८ |
| ८ | कञ्चन, रुपन्देही | २.६२ | ०.१३ | २.७४ |
| ९ | सुनवल, परासी | १ | ० | १ |
| १० | सरावल, परासी | १ | ० | १ |
| ११ | लुम्बिनी साँस्कृतिक, रुपन्देही | ०.८८ | ०.०९ | ०.९७ |
| १२ | पाणिनी, अर्घाखाँची | ० | ०.२८ | ०.२८ |
| १३ | बडैयाताल, बर्दिया | ० | ०.१३ | ०.१३ |
| १४ | खजुरा, बाँके | २.६३ | १.४६ | ४.०९ |
| १५ | सरावल, नवलपरासी | २.१ | ० | २.१ |
| १६ | बडैयाताल, बर्दिया | १.५ | ० | १.५ |
| १७ | कन्चन, रुपन्देही | १ | ० | १ |
| १८ | बाँसगढी, बर्दिया | ०.७ | ० | ०.७ |
| १९ | सैनामैना, रुपन्देही | ०.५ | ० | ०.५ |
| जम्मा | | ४५.४५ | २९.८८ | ७५.३२ |

## घ. वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी प्रगति विवरण

परियोजनाको सहयोगमा सञ्चालन भएका क्रियाकलापहरू मध्ये स्थानीय तहहरूबाट कार्यान्वयन गरिने वा गरिएका क्रियाकलापहरू वृक्षरोपण, डिभिजन वन कार्यालयहरूबाट सम्पन्न गरिने क्रियाकलापहरू तथा कृषि विकास बैङ्कबाट प्रवाह गरिने ऋणीहरूको उद्यमहरूको कार्यान्वयन गर्नु पूर्व तथा कार्यान्वयन चरणमा गरिने जोखिम मूल्याङ्कन गरी वातावरणीय तथा सामाजिक सुरक्षा सुधार कार्ययोजनाहरू तयार गर्ने गरिएको छ । यसको लागि वातावरणीय तथा सामाजिक सुरक्षा विज्ञ तथा वन तथा उद्यम विज्ञले सहयोग गरिरहेका छन् । यसै अनुरुप भए गरेको संक्षिप्त प्रगति निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

### सार्वजनिक तथा निजी वृक्षरोपणका लागि वातावरणीय र सामाजिक परीक्षण छनौट

वृक्षरोपण गतिविधिहरूको वातावरणीय र सामाजिक प्रभावको मूल्याङ्कन गरी जोखिमको पहिचान र न्यूनीकरण गर्ने तथा स्थानीय समुदाय र वातावरणका लागि लाभदायक प्रणालीको विकास गर्ने कार्यको लागि यो कार्य गर्ने गरिएको छ ।

### यस प्रक्रिया चार मुख्य चरणहरूमा विभाजित गरिएको छः

#### तथ्याङ्क सङ्कलन र आधारभूत अध्ययन

- परियोजनास्थलको वातावरणीय, भौगोलिक र जैविक अवस्थाको विश्लेषण।
- समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाको अध्ययन।
- सम्भावित वातावरणीय प्रभावहरू र जोखिमहरू पहिचान।

#### जोखिम मूल्याङ्कन

- वृक्षरोपण गतिविधिहरूबाट उत्पन्न हुने प्रत्यक्ष र अप्रत्यक्ष वातावरणीय जोखिमहरूको मूल्याङ्कन।
- सामाजिक जोखिमहरू, जस्तै भूमिको प्रयोग, स्थानीय बासिन्दाको स्थानान्तरण र सांस्कृतिक सम्पदामा असर।

#### सिफारिस र जोखिम न्यूनीकरण योजना

- जोखिम न्यूनीकरणका लागि दिगो रणनीति बनाउने।
- जैविक विविधता संरक्षणका उपायहरूको सिफारिस।
- जल संरक्षण, माटोको उर्वरता र हरित ऊर्जा प्रविधिहरूको प्रवर्द्धन।

## सार्वजनिक सुनुवाई, परामर्श र सहभागीता

- समुदायका सरोकारवालासँग परामर्श।
- योजनामा स्थानीय समुदायलाई समावेश गराउने।
- समुदायले फाइदा लिने प्रणालीको विकास।

## प्रमुख उपलब्धिहरू

- वातावरणीय जोखिमको पहिचान र न्यूनीकरण योजना निर्माण।
- जैविक विविधता र प्राकृतिक स्रोतहरूको दीर्घकालीन संरक्षणको प्रवर्द्धन।
- समुदायलाई वातावरणमैत्री परियोजनामा सहभागी गराई सामाजिक न्याय प्रवर्द्धन।

## आगामी योजना र सुधारका क्षेत्रहरू

- रोपण क्षेत्रको विस्तारसँगै जोखिम न्यूनीकरण योजना अद्यावधिक गर्ने।
- सामुदायिक शिक्षा र सचेतना कार्यक्रम सञ्चालन।
- जल, माटो र जैव विविधताको सुधारका लागि विशेष प्रविधिको उपयोग।
- परियोजनाका दीर्घकालीन प्रभावहरूको समग्र समीक्षा।

वातावरणीय तथा सामाजिक सुरक्षाको लागि सञ्चालन गरिएको योजनापूर्वको छनौट स्थलगत अनुगमन तथा सुधार योजनाको तयारी तथा कार्यान्वयनबाट वातावरणीय र सामाजिक स्थायित्व सुनिश्चित गर्न महत्त्वपूर्ण कदम हो। यसको माध्यमबाट परियोजनाका वातावरणीय प्रभावहरूको न्यूनीकरण मात्र नभई समुदायको आर्थिक र सामाजिक उन्नतिमा पनि योगदान पुर्‍याउन सकिनेछ।

## वन उद्यमहरूको वातावरणीय र सामाजिक जोखिम मूल्याङ्कनमा सहयोग

लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा रहेका साना तथा मध्यम उद्यमहरू (SMEs) का लागि वातावरणीय र सामाजिक जोखिम व्यवस्थापनका लागि कृषि विकास बैंक मार्फत परिचालन हुने ऋण प्रस्तावकहरूको उद्यमहरूको परिचालन गर्दा आउन सक्ने जोखिमहरूको आकलन गरी सुधार योजना तयार गर्ने कार्यमा सहयोग गरिएको छ। यस अन्तर्गत जोखिम मूल्याङ्कन र व्यवस्थापन सहयोग प्रदान गरिएका उद्योगहरूः

## दाङ जिल्लाका उद्योगहरू

१. आदिशक्ति स मिल र फर्निचर, गढवा ७

   - वातावरणीय प्रभाव परीक्षण।
   - दिगो उत्पादन प्रणालीको प्रवर्द्धन।

२. भवानी स मिल र फर्निचर, लमही ३

- कच्चा पदार्थ व्यवस्थापनमा सहयोग।
- स्थानीय रोजगारी सिर्जना।

३. अरुण फर्निचर, लमही १

- उत्पादन प्रक्रियामा हरित ऊर्जा अपनाउने रणनीति।

४. सञ्जु आरती कुचो उद्योग, लमही ३

- अम्रिसो । जैविक कच्चा पदार्थको प्रयोगमा ध्यान तथा जोखिम न्यूनिकरण ।
- कुचो उत्पादनको वातावरणमैत्री मोडेल अनुसार उत्पादन तथा विकास।

५. प्रदीप फर्निचर उद्योग, लमही ६

- वातावरणीय जोखिम कम गर्न स्वच्छ प्रविधि प्रयोग।

६. निर्जला फर्निचर उद्योग, राप्ती ७

- सामुदायिक सहभागीताका कार्यक्रमहरू।

७. आरआर कृषि उद्योग, तुल्सीपुर ७

- जैविक कृषि प्रणालीमा आधारित फलफूलको बागबानी।

८. डिल्लि फर्निचर उद्योग, तुल्सीपुर ६

- उत्पादन क्षमता वृद्धि गर्न फर्निचरहरूको उत्पादन ।

९. नेचुरल एग्रो र नर्सरी, तुल्सीपुर ८

- कृषिमा वातावरणीय प्रभाव न्यून गर्ने योजना।

१०. निभाँसी स मिल र फर्निचर उद्योग, लमही ३

- वातावरणमैत्री उत्पादन प्रणालीको विकास।

## प्रमुख उपलब्धिहरू

- उद्यमहरूलाई वातावरणीय जोखिम व्यवस्थापनमा सहयोग।
- उत्पादन प्रक्रियामा हरित ऊर्जा र स्वच्छ प्रविधिको प्रवर्द्धनमा सहजीकरण।
- स्थानीय समुदायको जीवनस्तर सुधार गर्ने दीर्घकालीन प्रयास।

### आगामी कदमहरू

- जोखिम व्यवस्थापनका लागि थप रणनीतिक नीतिहरू निर्माण।
- साना तथा मझौला उद्योगको क्षमता वृद्धि र वातावरणमैत्री उत्पादनका लागि सहजीकरण।
- स्थानीय र प्रदेशस्तरीय समन्वयलाई अझ बलियो बनाउने कार्यमा सहयोग।

यो प्रगति विवरणले लुम्बिनी प्रदेशको वातावरणीय र सामाजिक उचित परिश्रमलाई प्रष्ट पार्दछ। यसले स्थानीयस्तरमा वातावरणीय संरक्षण, सामाजिक जोखिम न्यूनीकरण र आर्थिक गतिविधि प्रोत्साहन गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ।

### ङ. क्षमता विकासको कार्यक्रम

यस परियोजनाको विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा प्रदेश परियोजना व्यवस्थापन इकाईले गरेको क्रियाकलापहरू १८ वटामा ५८५ जना सहभागी भएका थिए। यसै गरी डिभिजन वन कार्यालयहरूबाट सञ्चालन गरिएका प्रशिक्षण तथा कार्यशालाहरूमा ४,१४५ सहभागी भएका थिए । डिभिजन वन कार्यालयहरूबाट ८३ प्रशिक्षण/कार्यशालाहरू सञ्चालन गरिएको थियो। सहभागीहरू विभिन्न सामाजिक समूहहरूबाट प्रतिनिधित्व गरेका थिए, जसमा ब्राह्मण/क्षेत्री समूहका महिला ४०८ र पुरुष १३६९, जनजाति समूहका महिला २८९ र पुरुष ७१७, मधेसी समूहका महिला २३ र पुरुष १८९, मुस्लिम समूहका महिला ३ र पुरुष ५८, तथा दलित समूहका महिला ६० र पुरुष १२७ थिए ।

सर्वाधिक सहभागी संख्या गुल्मी डिभिजन वन कार्यालयमा ५०२ थियो भने, न्यूनतम सहभागी नवलपरासीमा ६० थियो। बाँके, रोल्पा र कपिलबस्तुमा पनि उल्लेखनीय सहभागी भएका थिए । यसै गरी रुपन्देहीमा ४६३ सहभागी भएका थिए । कार्यक्रममा अधिकतम समावेशी सहभागीता लक्षित रहेको थियो ।

**तालिका नं १४ डिभिजन वन कार्यालयहरूबाट सञ्चालन भएका कार्यक्रमहरूमा सहभागीहरूको विवरण**

| क्र. सं | डिभिजन वन कार्यालय | प्रशिक्षण/ कार्यशाला संख्या | ब्राह्मण/ क्षेत्री | ब्राह्मण/ क्षेत्री | जनजाति | | मधेसी मधेसी | | मुस्लिम | | दलित | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| १ | अर्घाखाँची | ६ | २७ | ११० | १७ | ३७ | ० | ६ | ० | १ | १ | ८ | २०७ |
| २ | नवलपरासी | ४ | २० | १२ | ५ | ९ | ३ | ५ | ० | ० | २ | ४ | ६० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | बाँके | ७ | ७३ | १३० | ३७ | ६८ | ७ | ३६ | १ | ३३ | ९ | १६ | ४३४ |
| ४ | रुकुमपूर्व | ४ | २० | ७२ | १६ | ८५ | ० | १ | ० | ० | ५ | १६ | २१६ |
| ५ | गौतमबुद्ध | ६ | २२ | ६५ | १९ | ६५ | ४ | ३९ | ० | १५ | ० | ५ | २३४ |
| ६ | देउखुरी | ७ | १८ | १२९ | १२ | १०० | २ | १४ | १ | ४ | ३ | १७ | ३२७ |
| ७ | प्युठान | ४ | १९ | ३३ | ११ | ३० | १० | ० | ० | ० | ५ | ८ | ११६ |
| ८ | गुल्मी | ५ | ४१ | १६३ | ८ | १५ | ० | ९ | ० | ० | ८ | ७ | ५०२ |
| ९ | रोल्पा | १२ | ४२ | १०४ | ८५ | १४० | ० | २ | ० | २ | १८ | २२ | ४४५ |
| १० | पाल्पा | ८ | ३९ | १४५ | ३७ | ९७ | ६ | १ | १ | २ | २ | ९ | ३३८ |
| ११ | दाङ | ६ | ४४ | २०८ | ३५ | ४८ | २ | १ | १ | १ | ७ | ११ | ३५७ |
| १२ | कपिलबस्तु | ६ | ४३ | १९८ | ७ | २३ | ७ | ६१ | ० | १ | ० | ४ | ३७७ |
| १३ | रुपन्देही | ८ | | | | | | | १०१ | ३५४ | | | ४६३ |
| **जम्मा** | | ८३ | ४०८ | १३६९ | २८९ | ७१७ | २३ | १८९ | ३ | ५८ | ६० | १२७ | ४१४५ |

# भाग ३

## आर्थिक प्रगति विवरण

आर्थिक वर्ष ०८०/०८१ का लागि स्वीकृत वार्षिक बजेट र वास्तविक खर्चको विश्लेषण गर्दा REDD Forestry and Climate Change Program (रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम) र समृद्धिका लागि वन परियोजनाका लागि उल्लेखनीय बजेट छुट्याइएको छ। रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रममा कुल ५४२ लाख बजेट स्वीकृत भएकोमा ३६१.०३ लाख खर्च भएको छ, जसको खर्च अनुपात ६७.०७% छ ।

त्यसैगरी, समृद्धिका लागि वन परियोजनामा ७८५८.७५ लाख बजेट छुट्याइएकोमा २८०२.९३ लाख खर्च भएको छ, जसले गर्दा खर्च अनुपात ३५.६७% मा सीमित भएको देखिन्छ । समग्रमा, दुबै कार्यक्रमका लागि कुल ८४००.७५ लाख बजेट स्वीकृत भएकोमा ३१६३.९६ लाख मात्र खर्च भएको छ।यसले देखाउँछ कि रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको खर्च अनुपात तुलनात्मक रूपमा उच्च छ भने समृद्धिका लागि वन परियोजनामा अझै खर्चको उपयोग गर्न बाँकी छ ।

### तालिका १५ आ.व. २०८०।८१ को वार्षिक बजेट तथा खर्चको शारांश

| परियोजना-कार्यक्रम | स्वीकृत वार्षिक बजेट (रु लाखमा) | खर्च (रु लाखमा) | खर्च अनुपात (प्रतिशत) |
|---|---|---|---|
| रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ५४२ | ३६१.०३ | ६७.०७ |
| समृद्धिका लागि वन परियोजना | ७८५८.७५ | २८०२.९३ | ३५.६७ |
| कूल | ८४००.७५ | ३१६३.९६ | |

रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको विगत आर्थिक वर्षहरूमा भएको खर्च तथा प्रगति र यस वर्ष भएको खर्चको प्रगति तुलना गर्न यहाँ सान्दर्भिक देखिएकाले चित्र नं. ५ मा देखाइएको छ ।




**चित्र नं ५. रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको शुरूवात देखी २०८०।८१ सम्मको खर्च**

चित्र नं. ५ रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रमको शुरूवात देखी २०८०।८१ सम्मको खर्च

# भाग ४

# कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाईहरू

## ४.१ रेडप्लस कार्यक्रम कार्यान्वयन

यस भागमा विशेष गरी रेडप्लस कार्यक्रम कार्यान्वयन गर्दा फिल्डस्तर लगायत केन्द्र एवं सरोकारवालाहरूसँग समन्वयको क्रममा प्राप्त भएका सिकाईहरू आगामी कार्यक्रम सञ्चालन गर्नको लागि मार्गदर्शनको रुपमा रहने भएकोले यहाँ प्रस्तुत गरिएको छ ।

कार्यक्रम कार्यान्वयनको सिलसिलामा निम्न क्षेत्रमा सिकाईहरू प्राप्त भएको छ ।

### १. सरोकारवालाहरूसँगको समन्वय

यस कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरू विशेष गरी स्थानीय समुदायहरू, संघ संस्थाहरू तथा आदिवासी जनजातिहरूको प्रतिनिधित्व गर्ने संस्थाहरू लगायतका सस्थाहरूसँग निरन्तर समन्वय तथा सहकार्यमा काम गर्नु पर्ने भएकोले समय समयमा पुनर्गठन भैरहने यस प्रकारका संस्थाहरूसँग अधिकतम प्रयास गरी समन्वय गर्न पहल गरिएको भएतापनि संपूर्ण संघ संस्थाहरूलाई पुर्ण रुपमा समेट्न सकिएको छैन । सरोकारवालाहरूसँग कार्य गर्दा निम्न बमोजिम सिकाईहरू प्राप्त भएको छ ।

- यस कार्यक्रमको शुरुवात देखी संलग्न र यस कार्यक्रमसँग परिचित सरोकारवालाहरू बीच अन्तरक्रियाहरू गरिरहनु पर्ने देखिन्छ ।
- सरोकारवालाहरूको वैधानिक अपरिहार्यताको लागि विशेष कानूनी संरचना आवश्यक पर्ने अनुभव गरिएको छ । किनकी कार्यक्रमको दायरा तथा आयामहरू फराकिलो भएकोले सरोकारवालाहरूको वास्तविक पहिचान तथा तिनिहरूको संलग्नतालाई वैधानिकता दिनको लागि कठिनाई महसुस गरिएको छ ।
- धेरै सरोकारवालाहरू भएको कारणबाट कतिपय कार्यक्रमहरूमा सहभागी हुनबाट छुटेको अवस्थामा विषयहरूको निरन्तरतामा केही खाडल हुने भएकोले गुनासो आउने गरेको छ यसबाट सरोकारवालाहरूसँग निरन्तर समन्वय गर्नु पर्ने आवश्यकता पनि महसुस भएको छ ।
- स्थानीय समुदाय तथा स्थानीय तहहरूमा रहेका सरोकारवालाहरूसँगको समन्वय अपरिहार्य महसुस गरिएको छ । अतयवः यस कार्यक्रमको कार्यान्वयन तथा थप सुदृढ गर्नको लागि स्थानीय तह तथा समुदायहरूमा समन्वय तथा सहकार्य अझ गर्नु पर्ने देखिएको छ ।

- स्थानीय तहहरू तथा स्थानीय समुदायहरूको अपनत्व बेगर यो कार्यक्रम सफल नहुने भएकोले सो निकायहरूको अपनत्व अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

## २. सेवा प्रदायकहरूसँग सेवा प्राप्ति गर्ने सिलसिलामा सिकाईहरू

यस कार्यक्रम सञ्चालन गर्दा धेरै कार्यहरू सेवा प्रदायकबाट लिनु पर्ने गरी स्वीकृत भएको हुँदा सेवा प्रदायकहरूसँग कार्य गर्दा निम्न बमोजिम सिकाईहरू प्राप्त भएको छ ।

- रेड कार्यक्रमसँग सम्बन्धित कार्यहरूमा अनुभव भएका सेवा प्रदायकहरू ज्यादै कम मात्र रहेको देखियो ।
- सेवा प्रदायकहरूले कामको सम्झौता गर्दाको बखत गरेको प्रतिवद्धताहरू पुरा गर्न व्यवसायिक (Professional Ethics) नैतिकता अनुरुपको कार्यहरू सम्पादन गर्नको लागि थप तालिम तथा अन्तरक्रियाहरू आवश्यक भएको महसुस गरिएको छ ।
- सेवा प्रदायकहरूले कार्य गरिरहेको अवस्थामा अनुगमनको कार्यलाई सँगसँगै लैजानु पर्ने अति आवश्यक महसुस गरिएको छ ।
- सेवा प्रदायकहरूको कार्य शुरुवातको समय तथा अन्य अवधिमा रेड कार्यान्वयन केन्द्रबाट प्रतिनिधित्व गरी समन्वय बढाउनु पर्ने देखियो । जति समन्वय बढाइयो त्यति कार्यको गुणस्तरमा राम्रो भएको पाइयो ।
- सेवा प्रदायकहरूले व्यवसायिक आचरण तथा गुणस्तर कायम गर्नको लागि कार्यहरूको प्रस्ताव पेश गर्दा आर्थिक प्रस्ताव पनि गुणस्तर कायम गर्न सक्ने गरी मात्र पेश गर्नु पर्ने देखियो ।
- सेवा प्रदायकहरूले रेड कार्यान्वयनको लागि चाहिने प्रतिवेदन तयारी चरणमा दिने सेवाहरू पनि मर्म अनुरुपको कार्यहरू गर्न गराउनको लागि समय समयमा तालिम तथा पुनर्ताजगी आवश्यक देखियो ।
- सेवा प्रदायकहरूले स्थानीय तहहरूसँग तथा कार्यालयहरूसँगको समन्वयमा अझ अभिवृद्धि गर्न सकेमा कार्यको गुणस्तर वृद्धि हुने देखिन्छ ।

## ३. प्रदेश तथा अन्तरगतका निकायहरू बीचको समन्वय

- सङ्घीय संरचनामा देश गइसकेको परिप्रेक्ष्यमा प्रदेश तथा अन्तरगतका कार्यालयहरूसँग समन्वय गरी परिचालन गर्दा निम्न बमोजिम सिकाईहरू प्राप्त भएको छ ।
- कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश स्तरका वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालय, प्रदेश वन निर्देशनालयहरूसँग समन्वय जति गर्न सक्यो त्यति नै कार्यक्रम कार्यान्वयन गर्न सजिलो र प्रभावकारी भएको छ ।

- प्रदेशस्तरको रेड डेस्कको कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्दा रेड सम्बन्धी कार्य सञ्चालन गर्नको लागि अझ सजिलो भएको छ । अतयव: रेड डेस्कलाई थप सुदृढ गर्न आवश्यक देखिन्छ ।
- जिल्लाहरूमा डिभिजन वन कार्यालयहरू, सब डिभिजन वन कार्यालयहरू, जलाधार व्यवस्थापन कार्यालयहरू, बृहत जलाधार व्यवस्थापन केन्द्रहरू, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरू, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यान्वयन इकाईहरू, वन उद्यमीहरू, स्थानीय समुदायमा आधारित वन व्यवस्थापन समूहहरू लगायत अन्य सरोकारवालाहरूसँग जति समन्वय गर्न सक्यो त्यति नै यस कार्यक्रम प्रति अपनत्व वढेको महसुस भएको छ ।
- अझ, रेड कार्यान्वयन तथा रेडप्लस सम्बन्धी बुझाई स्थानीय तह तथा कार्यालयहरूमा पनि प्रष्ट गराउन आवश्यक महसुस गरिएको छ । रेडप्लस सम्बन्धी अवधारणा शुरुवात भएको धेरै बर्ष भएको भएतापनि अझ पनि धेरैजसो सरोकारवालाहरू तथा समुदायहरूको लागि नयाँ नै भएको हुनाले प्रचार प्रसार तथा निरन्तर अन्तरक्रियाको आवश्यक देखिएको छ ।

## ४. विश्व बैंकसँग कार्यक्रम कार्यान्वयन गर्दाका सिकाईहरू

यो कार्यक्रमको कार्यान्वयनमा अन्य केही संस्थाहरूले पनि सहयोग गरेको भएतापनि विश्व बैंक नै प्रमुख साझेदारको रुपमा सहयोगी निकायको रुपमा रहेको छ । यसै गरी विश्व खाद्य कृषि सङ्गठन लगायतबाट सहयोगहरू भइरहेको छ । विशेष गरी विश्व बैंकसँग कार्य गर्दाको अनुभव र सिकाईहरू निम्न बमोजिम रहेको छ ।

- विश्व बैंकबाट निरन्तर सुपरभिजन तथा मिशनहरू आइरहने भएकोले कार्यक्रम कार्यान्वयन गर्दा चाहिने सल्लाहहरू प्राप्त भइरहेको छ । विशेष गरी यसरी निरन्तर स्थलगत रुपमा मिशनहरू आइरहँदा कार्यक्रम कार्यान्वयन गर्नको लागि आइपरेका द्विविधाहरू निराकरण गर्न मद्धत पुगेको छ ।
- रेडप्लस तथा उत्सर्जन न्यूनिकरण कार्यक्रम (REDD Plus and Emission Reduction Program-ERP) को लागि विश्व वैङ्कबाट निरन्तर सहयोग आइरहेकोमा विशेष गरी देश सङ्घीयताबाट सुशासित भैरहेको अवस्थामा सङ्घीयस्तरमा सहयोग भैरहेको भएतापनि उत्सर्जन न्यूनिकरण कार्यक्रम कार्यान्वयनको लागि प्रदेश तथा समुदायस्तरमा धेरै कार्यहरू गर्नु गराउनु परेको हुँदा स्रोतको अभाव हुन गई लक्षित प्रतिफल प्राप्त गर्न सकिएको छैन । यसको लागि दातृ निकायले पनि विशेष कार्यक्रम बनाउन तथा सहायताको क्षेत्र पहिचान गरी कार्य गर्न पर्ने महसुस भएको छ ।

विश्व वैङ्कबाट अन्य कार्यक्रमहरू जस्तै टिक्याफ मार्फत पनि तयारी चरणका कार्यहरू भैरहेकोमा यस्ता विषयहरूमा सम्बन्धित कर्मचारीहरूलाई क्षमता अभिवृद्धिको कार्यमा पनि विशेष प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने देखिन्छ ।

## ५. मन्त्रालय, विभागीय निकायहरूसँगको समन्वय

यस केन्द्रले सञ्चालन गर्ने कार्य भिन्न प्रकृतिको भएको हुनाले अन्य कार्यक्रम र यस कार्यक्रमलाई फरक तरिकाले नहेर्ने गरेको पाइन्छ । यो कार्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्र (Cross Cutting Sector) को रुपमा लिनु पर्ने हुन्छ ।

यस कार्यक्रमको परिणाम कार्बन सञ्चिति बढाउने, संरक्षण गर्ने तथा अभिवृद्धि गर्ने भएको हुनाले स्थानीय समुदाय, स्थानीय तह, प्रदेश सरकार एवं सङघीय सरकार विचको समन्वय, सहकार्यबाट मात्र सफल हुने भएको हुनाले वन तथा वातावरण मन्त्रालय लगायत सङ्घीय स्तरका विभागीय निकायहरूको पनि उत्तिकै दायित्व भएको विषयमा महसुस गराउनको लागि वन तथा वातावरण मन्त्रालयको भूमिका अति महत्वपूर्ण र अपरिहार्य रहेको छ ।

## ६. क्षमता अभिवृद्धिमा निरन्तरता तथा अद्यावधिक गर्नु पर्ने क्षेत्रहरू

विशेष गरी दातृनिकायहरूसँगको कार्य तथा समन्वयबाट रेड कार्यान्वयन केन्द्रले सहायताहरूको परिचालनको लागि आवश्यक पूर्वतयारी तथा यसको कार्यान्वयनमा आइ पर्ने समस्याहरू र तिनको निराकरणको लागि के गर्ने भन्ने विषयमा सिकाई भैरहेको छ ।

विश्व बैंकबाट पनि वेला वेलामा थप क्रियाकलापहरूको सुझावहरू दिइरहँदा कार्यक्रम कार्यान्वयन गर्न सजिलो भएको भएतापनि यस कार्यमा विशेष गरी अनुगमन, मूल्याङ्कन, तथा प्रमाणिकरणको (Monitoring, Reporting and Verification-MRV) लागि अझ पनि यस केन्द्रमा कार्यरत कर्मचारीहरू लगायत सम्बन्धित निकायहरूको मानवीय क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।यस कार्यलाई संस्थागत सुदृढीकरण गर्न आवश्यक रहेको छ ।

कार्बन उत्सर्जन न्यूनिकरण लगायत जलवायु परिवर्तनबाट परेको असरहरूलाई न्यूनीकरणको लागि अन्तराष्ट्रिय स्तरमा गरिने सम्झौता अनुरुपको विषयहरू जस्तै नोक्सानी तथा क्षतिको बारेमा, अनुकूलन लगायतका विषयहरूमा रेड कार्यान्वयन केन्द्रलाई नै ज्ञान केन्द्रको रुपमा विकास गर्नु आवश्यक देखिएको छ।

जलवायु परिवर्तन व्यवस्थापनको क्षेत्रमा विशेष गरी कार्बन व्यापारको विषय कार्यान्वयनमा सामाजिक तथा प्राविधिक कार्य दुबैको भूमिका महत्वपूर्ण भएको र प्राविधिक कार्यहरूमा नेपालको जनशक्ति तथा क्षमतालाई सुदृढ गर्न थप प्राविधिक तथा अन्य सहायताहरूको आवश्यकता विद्यमान रहेको देखिन्छ ।

## ४.२ समृद्धिका लागि वन परियोजना कार्यान्वयन गर्दाको सिकाइ, मुद्दा र चुनौतीहरू

### १. मुख्य सिकाई

### वन क्षेत्र सम्बन्धी गतिविधि कार्यान्वयनमा संघीयताको मर्म अनुसारको कार्य

- यो परियोजनाले वन क्षेत्रको सबै तहको सरकारी क्षेत्राधिकारलाई कार्यान्वयन गर्न संघीयतालाई व्यवहारमा उतार्ने एउटा महत्त्वपूर्ण भूमिका खेलेको छ । सबै तहमा यो परियोजना कार्यान्वयन भएको छ । सबै तहमा कार्यान्वयनमा रहेको र वन क्षेत्रको कानून नियमहरूको अधिकारलाई कार्यक्रम मार्फत कार्यान्वयन गर्ने एक मात्र परियोजना भएको छ।
- नगरपालिका तथा गाँउपालिकाहरूले यस परियोजनाको पालिकाहरूमा प्रवाह हुने कोष सानो आकारको भए तापनि उनीहरूले कार्यक्रम कार्यान्वयन गर्न थालेका छन्। वन क्षेत्रको यो पहिलो आयोजना हो जुन पालिकाहरूले वन क्षेत्रको पालिकाको अधिकार क्षेत्रलाई कार्यान्वयनको लागि लागु गरी रहेका छन् ।
- नगरपालिका तथा गाँउपालिकाहरूले पनि सह—लगानीबाट कार्यक्रम तयार गर्न थालेका भए पनि अझ पनि यस बिषयमा सहकार्यको लागि पालिकाहरूले आत्मसात गर्न आवश्यक छ ।
- विशेष गरी, यो परियोजना लागु भएका करीब ४० प्रतिशत स्थानीय तहमा वन छैन र वन क्षेत्रले यो कार्यक्रम कार्यान्वयन गर्दा वन कार्यालय र नगरपालिकाबीचको समन्वयमा निकै सकारात्मक वातावरण बनेको छ ।वन क्षेत्र नभएको पालिकाहरूमा औपचारिकरुपमा कार्यक्रम कार्यान्वयन भएको परियोजना नै समृद्धिका लागि वन परियोजना भएको छ ।
- वन ऐन २०७६ र वन नियमावली, २०७९ बमोजिम अधिकांश नगरपालिकामा सार्वजनिक जग्गामा रुख रोप्ने र निजी वन दर्ता गर्ने तयारी सुरु भएको छ भने केही स्थानीय तहहरू जस्तै राप्ती गाँउपालिका, बगनासकाली गाँउपालिका लगायतले सार्वजनिक जग्गा तथा निजी वनहरूमा वृक्षरोपणको कार्यलाई सकारात्मक मान्नु पर्ने हुन्छ । पहाड तर्फ फलफूल लगायत तेजपात तथा तराइमा आँप लगायतको बिरुवाहरूको माग धेरै रहेको छ ।

### वनमा आधारित उद्यम विकास र सुधारमा उत्साह

- वन क्षेत्रमा वन उद्यमको विकास तथा सुधारको लागि संस्थागतरुपमा नै सहयोग र सहायता परिचालनको ढाँचा विकास गरिएको छ। वित्तीय निकायहरू मार्फत ऋण परिचालनको ढाँचालाई औपचारिक बनाइएको छ । यसबाट सरकारले वन उद्यम क्षेत्रमा सहयोग परिचालनको ढाँचालाई स्वीकृत गरी निजी क्षेत्रसँग सहकार्य गर्ने कार्य शुरुवात गरेको छ ।
- वनमा आधारित उद्यमीहरू बीचको गहिरो छलफल र अन्तरक्रियामा आधारित उद्यमको प्रवर्द्धन, विकास र सुधारका लागि वनमा आधारित निजी उद्यमीहरू लगानी प्राप्त गर्न आशावादी छन्।

- वित्तीय संस्था (कृषि विकास बैंक)सँग सहकार्य सुरु भएको छ साथै वन उद्यमहरूको लागि वित्तीय क्षेत्रमा प्रवेश र सुधार दीर्घकालीन लगानीको लागि एक प्रमुख क्षेत्र भएको छ।
- लगानीका लागि समझदारी तथा सुझवुझ अति आवश्यक छ र ऋण लगानी मार्फत वन उद्यम विकास र सुधारलाई सहयोग पुर्‍याउने भएतापनि पछिल्लो समयमा ऋणको व्याजदर कम भइरहेकोले ९ प्रतिशत स्थिर व्याजदरलाई पनि अधिक मानिएकोले ऋण प्रवाहको कार्य ढिलो भएको छ भने यस तर्फ अन्तरक्रियाहरूलाई विस्तार गर्नु पर्ने देखिन्छ।

**सफलताको लागि सबै तहबाट समन्वय प्रयास र स्वामित्व**

- नियमित अन्तरक्रिया र सामुदायिक स्तरमा संवेदनशीलताले परियोजनाको विश्वसनीयता बढाउँछ र परियोजना लक्ष्य हासिल गर्न मद्दत गर्दछ भन्ने प्रमुख सिकाई प्राप्त भएको छ ।
- परियोजनाको अभिमुखीकरण/कार्यशालामा सरकारी अधिकारी/ सरोकारवालाहरूसँग बारम्बार समन्वय र निर्वाचित निकायहरू (प्रदेश र स्थानीय) को संलग्नताले कार्यान्वयनलाई छरितो बनाउन र अपनत्व वृद्धि गर्न मद्दत गर्दछ।
- प्रदेश स्तरको परियोजना व्यवस्थापन एकाईबाट गरिने अनुगमन तथा सहयोगबाट पालिकाहरूलाई कार्यक्रम कार्यान्वयन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ र परियोजना लक्ष्य हासिल गर्न मद्दत गर्दछ।

## २. केही सवाल, चुनौती तथा सुझावहरू

यस परियोजना विशेष गरी वन क्षेत्रमा निजी क्षेत्रको समेत सहभागीतामा वन उद्यम क्षेत्रलाई सुधार गर्ने र त्यसबाट रोजगार सृजना गरी दिगो वन व्यवस्थापन समेतलाई मूख्य टेवा पुर्‍याउने रहेको हुँदा यस क्षेत्रमा सुधार गर्नु आवश्यक रहेको छ । यसै गरी यो परियोजना सङ्घीय मर्म अनुरुप नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरू मार्फत कार्यान्वयन भैरहेको हुँदा सङ्घीयताको सफलतासँग यस परियोजनाको उद्देश्य जोडिएको हुनाले यो परियोजनालाई विशेष महत्वका साथ रुपान्तरणकारी योजनाको रुपमा लिएको हुनाले यसको सफलतामा समग्र वन क्षेत्रको प्रतिविम्ब झल्किएको छ । यसकारण पनि निम्न कार्यहरूमा सुधार गर्न सकेमा यस परियोजना सफल हुन सक्ने विश्वास लिइएको छ ।

**संभाग ३ वन उद्यमको सुधार तथा विकासको लागि लगानी प्रोत्साहनको व्यवस्थाः** वन उद्यममा लगानी बढाउनका लागि संभाग ३ मा विशेष प्रोत्साहन कार्यक्रम राखी यसले वन उद्यमीहरू तथा सरोकारवालाहरूलाई आकर्षित गर्दै दिगो विकासलाई प्रवर्द्धन गर्नु पर्ने देखिन्छ ।

**प्रदेश र स्थानीय तहमा परियोजनाको संस्थागत कार्यान्वयनः** परियोजनाको कार्यान्वयन सुदृढ गर्न प्रदेश र स्थानीय तहमा आवश्यक संरचना संस्थागतलाई निरन्तरता दिई अपनत्व विकास गर्नु पर्ने

देखिन्छ । यसका लागि नीतिगत र रणनीतिगत समन्वयलाई निरन्तरता दिन आवश्यक पहल गर्नु आवश्यक रहेको छ ।

**प्रदेश स्तरमा बजेट विनियोजनलाई सरल बनाउने:** परियोजनाको बजेट विनियोजन प्रक्रिया विशेष गरी प्रदेश स्तरमा सरल र सहज बनाउनु पर्ने तथा आर्थिक बर्षको शुरुमा नै बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने देखिएको छ ।यसको लागि प्रदेश सरकारबाट पनि यस प्रकारका कार्यक्रमहरूमा अपनत्व विकासको लागि आवश्यक व्यवस्था गर्नु पर्ने महसुस गरिएको छ ।

**जनशक्ति व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन:** परियोजनाका लागि जनशक्तिको भर्ना प्रक्रिया स्थिर बनाई कार्यक्रम कार्यान्वयनलाई सहज बनाउनु पर्ने ।

वातावरणीय तथा सामाजिक सुरक्षा सचेतनाको विकास तथा प्रवर्धन

यस परियोजनाको विभिन्न क्रियाकलापहरू लगायत वन उद्यमहरूले अपनाउनु पर्ने वातावरणीय तथा सामाजिक सुरक्षाको विषयहरूलाई आत्मसात गराई कार्यान्वयन गरी निरन्तरता दिन आवश्यक रहेको छ ।अतयवः यसको लागि नियमित प्रशिक्षण तथा आन्तरिकीकरण गर्नको लागि विशेष सहयोगहरू परिचालन गर्न आवश्यक रहेको छ ।

**अनुगमन र प्रतिवेदन प्रणालीलाई सुधार गर्ने:** परियोजनाको अनुगमन तथा प्रतिवेदन प्रणालीलाई सरल, सहज र अनुमानयोग्य बनाउनु आवश्यक रहेको छ ।स्थापित अनुगमन प्रणालीलाई व्यवस्थित गरी प्रतिवेदन प्रणालीलाई नियमिति गराउन आवश्यक रहेको छ ।

## नेपालमा यु एन रेड (UN REDD) कार्यक्रमको प्राविधिक सहयोगबाट सञ्चालित क्रियाकलापहरु

विकासशील देशहरूलाई वन फँडानी र वन क्षयीकरणबाट हुने उत्सर्जन घटाउन सहयोग गर्ने लक्ष्य सहित संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP), संयुक्त राष्ट्र वातावरण कार्यक्रम (UNEP) र खाद्य तथा कृषि संगठन (FAO) द्वारा सन् २००८ मा UN-REDD कार्यक्रमको सुरु गरिएको थियो । नेपालमा लिफ (Lowering Emission by Accelerating forest Finance: LEAF) साझेदारी अन्तर्गत कार्बन व्यापारको तयारीका लागि संयुक्त राष्ट्र वातावरण कार्यक्रम (UNEP), र खाद्य तथा कृषि संगठन (FAO) मार्फत प्राविधिक सहयोग गरिरहेको छ ।

UN REDD बाट LEAF Coalition अन्तर्गत कार्बन व्यापारका लागि निम्न क्रियाकलापहरुमा प्राविधिक सहयोग भएको छ ।

### १. TREES Registration Document (TRD) तयारी

लिफ कोलिसन अन्तर्गत गरिने कार्बन व्यापारको लागि आवश्यक कार्यक्रम दस्तावेज रेडप्लसका लागि वातावरणीय उत्कृष्टता मानक (The REDD+ Environmental Excellence Standard: TREES) अनुसार तयार गारिन्छ । यसले कार्यक्रम लागु हुने क्षेत्रमा रहेको वनको अवस्था, सामाजिक र आर्थिक अवस्था, लागु गरिने कार्यक्रमहरु, वनबाट हुने कार्वन उत्सर्जनको आधार तह, कार्बन मापन विधि लगायतका बिषयहरुको विस्तृत विवरण समेटेको हुन्छ । लिफ कार्यक्रमको दस्तावेजमा उत्सर्जनको आधार सन् २०१७ देखि २०२१ सम्मको पाँच वर्षमा बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा भए गरिएको औसत उत्सर्जन निकालेर गरिएको छ | हाल TRD दस्तावेज तयार भई Architect for REDD Transaction – ART मा दर्ताका लागि पेश भएको छ ।

### २. पूर्व सुचित सहमति (Free Prior and Informed Consent - FPIC) प्रक्रिया

रेड प्लस कार्यक्रमको लागि क्यानकुन सुरक्षा सम्बन्धि सिद्धान्तहरु तथा लिफ साझेदारीको वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्डहरु; The REDD+ Environmental Excellence Standards (TREES), का साथै नेपाल सरकारबाट तयार गरी स्विकृत गरिएको रेड प्लस अन्तर्गत उत्सर्जन न्यूनिकरण कार्यक्रमका लागि स्वतन्त्र पूर्वसूचित सहमति प्रकृया सम्बन्धि मार्गदर्शन २०८१ अनुसार लिफ साझेदारी अन्तर्गत नेपालको बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा कार्यान्वयन भइरहेको उत्सर्जन न्यूनिकरण कार्यक्रमका लागि स्वतन्त्र पूर्वसूचित सहमति प्रकृया रिकफ्ट नेपालको प्राविधिक सहजिकरणमा सम्पन्न भएको छ ।

### ३. राष्ट्रिय रेड रणनीति २०१८-२०२२ कार्यन्वयन समीक्षा

नेपालमा रेडप्लस कार्यान्वयनको लागि मार्गदर्शक रूपरेखाको रूपमा नेपाल सरकारले सन् २०१८ मा राष्ट्रिय रेडप्लस रणनीति (२०१८-२०२२) तर्जुमा गरेको थियो । UN-REDD को सहयोगमा रेड कार्यन्वयन केन्द्रले विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय सन्दर्भहरूलाई समेत मध्यनजर गर्दै राष्ट्रिय रेड

रणनीतिको कार्यान्वयनको स्थिति, चुनौती र कमिकमजोरीहरूको मूल्याङ्कन गर्दै नयाँ रणनीति विकास गर्ने अवसरहरूको खोजी गरेको थियो। राष्ट्रिय रेडप्लस रणनीति २०१८ कार्यन्वयनको मूल्याङ्कन गर्दा राष्ट्रिय रेडप्लस रणनीति २०१८ मा उल्लिखित अधिकांश रणनीतिहरू र तिनीहरूका प्राथमिकता प्राप्त कार्यहरूको कार्यान्वयन सुरु गरिएको र केही हदसम्म प्रगति भएको पाइयो । यद्यपि, समीक्षाले विभिन्न क्षेत्र र स्तरहरूमा अपर्याप्त समन्वय र सहयोग, दक्ष मानव संसाधनको अभाव, सरकारी अधिकारीहरू, आदिवासी जनजाति र स्थानीय समुदायहरू बिच रेडप्लसको बारेमा अपर्याप्त ज्ञान तथा क्षमता र समान बुझाईमा कमी, र सीमित वित्तीय स्रोतहरूका कारण केही रणनीतिहरू र तिनीहरूका प्राथमिकता प्राप्त कार्यहरूको समग्र कार्यान्वयनको कमजोर प्रदर्शन भएको पाईएको छ । उक्त रणनीतिले वन कार्बन संरक्षण, कार्बन सञ्चिति वृद्धि, र दिगो वन व्यवस्थापनमा रहेका अवरोधहरूको विश्लेषणलाई समेटेको देखिदैन । स्थानीय समुदायलाई राष्ट्रिय वन हस्तान्तरणको सुस्त गति, ठूलो संख्यामा सामुदायिक वनका कार्ययोजनाहरूको संशोधनको अनुपलब्धता, दिगो वन व्यवस्थापनको लागि राष्ट्रिय मापदण्डको अभाव जस्ता कुराहरुले रेडप्लस गतिविधिहरूलाई सहयोग गर्ने दिगो वन व्यवस्थापनको लागि प्रमुख चुनौतीका रुपमा देखिएका थिए । अपर्याप्त अन्तर तह समन्वय र सहयोग, र विरोधाभाषी नीतिगत प्रावधानहरू (जस्तै, भूमि प्रयोग र वन नीति) नेपालमा रेडप्लस कार्यक्रम कार्यान्वयनमा थप चुनौतीका रुपमा रहेको देखिएको छ ।

## ४. राष्ट्रिय रेड रणनीति २०२५-२०३४ को मस्यौदा दस्तावेज तयार

